# चियाङमाईको डबली

(कवितासङ्ग्रह)

डा. विदुर चालिसे

प्रकाशक

जनता
प्रसारण तथा प्रकाशन लिमिटेड

लेखकको अनुमति बिना यस पुस्तकको कुनै अंश वा सम्पूर्ण पुस्तक पुन : प्रकाशित गर्न छापाप्रति (फोटोकपी) निकाल्न र यस पुस्तकका आधारमा श्रव्य–दृश्य सामाग्री प्रकाशन गर्न पाइने छैन । प्रकाशकको पूर्व स्विकृतिबिना उल्लिखित कार्य गरे–गराएमा नेपालको प्रचलित ऐन बमोजिम कारबाही गरिने छ।

**प्रकाशकः**

**जनता प्रसारण तथा प्रकाशन लि.**
मीनभवन, बानेश्वर, नेपाल
फोनः ९७७–०१ ४१०७२३२, ४१०७२३६, ४१०७२०४
इमेलः janatabooks@gmail.com
लेखक : डा. विदुर चालिसे

संस्करण : पहिलो, २०७५

सर्वाधिकार © प्रकाशकमा सुरक्षित

प्रति : १,०००

आवरण/पृष्ठ सज्जाः अनिल श्रेष्ठ

मूल्य : रु. ३००/–

संस्थागत मूल्य : रु. ५००/–

ISBN No: 978-9937-9285-0-2

# असहमतिको स्वर

कवि विदुर चालिसेका अभिव्यक्तिमा 'कविता सिर्जना सहमतिको गीतभन्दा असहमतिको स्वर हो ।' कवितामा कवि आफ्नो जीवनका भोगाइका अनि समाजका असन्तुष्ट पाटा खोतल्न रमाउँछन् भन्ने हो भने त्यो धारणा चालिसेमा लागु हुन्छ । शेलीले 'हाम्रा दुःखका गीतहरू नै महान् हुन्' भने झैँ चालिसे पनि जीवनका असन्तुष्ट आवाजका जुलुसमा आफ्ना शब्दहरू खर्च गरिरहन्छन् र समाजको वास्तविकता देखाउन चाहन्छन् ।

स्रष्टा आफ्नो जीवन र भोगाइको एउटा समाज र विश्वलाई हेरेर सिर्जनामा अर्को विश्व स्थापना गर्न चाहन्छ । आफुजस्तै लाग्ने समाजको फरक कल्पनामा पाठकलाई पुऱ्याउन चाहन्छन् । कविमा हुने कल्पनाशीलता, समाजबोध र त्यसले उसको मनमा जन्माएका अनेक कलापूर्ण अभिव्यक्तिले कवितालाई रोचक बनाएको हुन्छन् । यस सन्दर्भमा 'कविता, कविसँग खेल्छ वा कवि कवितासँग' भन्न गाह्रो छ ! जेहोस् एउटा कविले समाजका अनेक घटना र परिदृश्यलाई साक्षात्कार गरिसकेपछि उसका मनमा अनेक परिस्थितिको रोमान्चक फ्युजन तयार पार्छ र कविताको फरक आस्वादन पाठकलाई दिन्छन् । कवि आफ्ना अनुभूतिका अनेक रङलाई शब्दमा समायोजन गरेर लयपूर्ण भाषिक सौष्ठवमा बिम्बचित्र तयार गर्छन् । सुन्दर कविता बिम्बमय भाषाको सुन्दर दीप्तिमा पाठकको मानसपटलमा जाज्वल्यमान हुन्छ भने कमजोर कविता भोगाइको सपाट वर्णनको आलापमा

केवल असन्तुष्टिका स्वर बनेर एउटा आकारमा सीमित हुन पुग्छन्। तर दोस्रो अवस्थाको कविताले पनि केही न केही चित्र त बोकेकै हुन्छ।

चियाङमाईको डबली कविता सङ्ग्रहमा विदुर चालिसेका सतहत्तर ओटा छोटाछोटा गद्य कविताहरू जीवनजगत्का अनेक घटना सन्दर्भसँग जोडिएर असहमतिका आवाजमा उभिएका छन्। यस सङ्ग्रहका कविताहरू कतै अनुभूतिका सपाट वर्णन बनेका छन् भने कतै समयको अराजक आवाजका क्रान्तिदूत पनि । जेहोस् कविले आफू बाँचेको समयको विश्वलाई असन्तुष्टिका आँखाले राम्रैसँग नियालेको र यसलाई परिवर्तनको फरक धारमा लैजान आतुर रहेको दृष्टिकोण प्रस्ट भएका पाइन्छन् । 'मनोवैज्ञानिक पोलियो', 'कवि गोष्ठीको शिविर बाट', 'पत्थरको स्वादमा', 'लालटिनको धूवाँ', 'अतृप्त जलन' र 'उदाङ्गिँदा' आदि कविताहरू विसङ्गत जीवनका आलाप उराल्न उद्दत छन् :

*जब मनहरू उदाङ्गिन्थे*
*अनि मौसमहरू बाङ्गिन्थे*
*नाजवाफ, नाजवाफ सुषुप्तताहरू*
*रोइरहन्थे पीडाले चिच्याइचिच्याई*
*र, छटपटाइरहन्थे बेसरमले घरिघरि*
*आफ्ना बहादुरीका आलापहरूसँग (पृ. १०३)।*

कवि समय, समाज र आफ्नै जीवनसँग केही नयाँ खोजिरहेछन् । परिवर्तनको आवाज साँचिरहेछन् तर भइरहेछ इच्छा विपरीतका कुराहरू। त्यसैले असन्तुष्ट र विसङ्गत समयको आवाजका बिम्बमा आफ्ना अनुभूति उतार्नुको विकल्प नदेख्नु

चालिसेको कवित्वको वैशिष्ट्य बनेको छ यस सङ्ग्रहमा।

*देश विकासको सवाल थियो यसबेला*
*मनोवैज्ञानिक पोलियो थोपाको काम ! (पृ. १९)।*

आफू हुनुको, आफ्नो वीरत्वको परिचय बिर्सिएर अकर्मण्यतामा बाँच्नुको पीडाले कविलाई व्यथित बनाएको छः

*लड्थे गोर्खाली जीनका लागि नेपाली भएर*
*आफ्नै समृद्धि हारिरहेको हर बेलाहरूमा*
*ऐना मसँग जिस्किदिन्थ्यो अघिपछि लागेर (पृ. १९)*

सम्पन्नता र विकासका नाउँमा भित्रिएका विसङ्गतिले जीवनका लज्जास्पद पाटाहरू कोट्याउँदै चालिसेले नेपालीका भावना र स्वरका विपरीततामा चल्ने मनहरूलाई व्यङ्ग्य गरेका छन्।

'प्रेम दिवसको फूल', 'हाँसको ताल' या 'अल्छी गुराँसहरू' केहीले पनि कविका मनमा उत्साह भरेको देखिँदैन। समयको बेस्वादिलो उराठ रङसँग असहमति व्यक्त गर्दै विसङ्गत पाटोको कृत्यलाई चिनाउन एकपछि अर्को क्रममा लागिपरेका विदुर चालिसेका कविताले मूलतः नेपाली समाजको राजनीतिको पाटोसँग मात्र होइन सामाजिक सांस्कृतिक अन्धोपनसँग पनि असन्तुष्टिका आवाज उरालेका छन्। 'वोक्सी बकाउँदा' कविताले अन्धविश्वसी सामाजिक मान्यता विरुद्ध चेतना छरेको छ। एक्काइसौँ शताब्दीको अन्त्यमा पुग्दा, विज्ञान र प्रविधिमा फड्को मारेको यस युगमा पनि नेपाली समाज बोक्सी बकाउने अमानवीय स्वरूपमा चरम अन्धोपनसँग बाँचिरहेछ। कवि दुःखी छन्, हाम्रो समाजका अन्धमान्यता र पछौटेपन अनि यो समयको एउटा छोपिनसक्ने लाजले।

*दुनियाका हकदारहरू छक्क हुन्थे*
*रात बिहानका चिया गफमा*
*हल्ला मिश्रित स्वरमा आइरहेथ्यो*
*चेलीहरूका मूर्छनाका रागहरूसँग*
*अपदस्तका मलिना ज्वारहरू (पृ. १२६)।*

समाज बनाउँछु भनेर जिम्मेवारी लिएर बस्नेसँग मात्रै होइन समाजलाई यस्तो बनाउनुपर्छ भनी चेतना बोक्नेहरू समेत गफ चुटाइमा मस्त रहने, कर्मभन्दा कुरा र गफमा समय खेर फाल्ने अकर्मण्य समूहलाई कविले यहाँ सम्बोधन गरेका छन्। नेपाली समाज विसङ्गतिको अनेक पाटोको दलदलमा कसरी फसिरहेछ भन्ने आजको समयको कुरूप ऐना बनेको छ 'चियाङमाईको डबली' । घुसखोरी, भ्रष्टतन्त्र, हत्या, हिंसा, बलात्कार अनि विश्व आतङ्कका रूपमा फैलिएको तेलको राजनीति तथा मानव विनाशका आर्त कथाहरू (सिरियाको नरसंहार) बुझ्न चियाङमाईको डबली एउटा कोलाज बनेको छ।

कवितामा यति धेरै निराशका स्वरभन्दा आशाका गीत भएदिए हुन्थ्यो भन्ने पाठकको पनि अपेक्षा हुनसक्छ । विसङ्गतिभित्र पनि सङ्गतिको आफ्नै स्वर रहेझैँ कवि चालिसे ले जीवन गीतका सुन्दर आलापलाई पनि कविताका केही पङ्क्तिमा स्वरबद्ध गर्न खोजेका छन्। जीवनमा रहेका बचाइका नरम सङ्गीत कतै कतै यसरी आएको छ :

*उत्ताउला पानीका तापिला वाफसँग*
*हिलिएका पिठाका डल्लाहरूले*
*च्वार्रर अनि च्वाइँका कर्णप्रिय धूनमा*
*जीवनका प्रत्येक क्षणका लगावहरू बीच (पृ. १५०)।*

यहाँ कवि दैनिक जीवनको खानपान र बचाइको धूनमा जीवनको अस्तित्वपूर्ण चित्र खिच्छन् । जीवन सङ्गतिका यस्ता झिना स्वरहरू कविता असहमतिका स्वरका बीचमा हराएका छन् । उनी हरबखत असन्तुष्ट समयको चित्र कोर्न तल्लीन छन् यी कविताहरूमा ।

किन कवि समृद्ध सपनाको खोजी गर्दैनन् ? किन कवि सुन्दर जीवनको गीत गाउँदैनन् ? किन कवि आफ्नो यथास्थितिको निराशालाई चिरेर सुन्दर कल्पनाको संसार कोर्दैनन् ? सायद चियाङमाईको डबली पढिरहँदा कुनै पाठक विदुर चालिसेसँग यी प्रश्नहरू सहजै तेर्स्याउन सक्छन् । तर यहाँ नकारात्मकतालाई, अक्षमतालाई, अकर्मण्यतालाई, अविकासलाई, अन्धोपनलाई र अधोगतिजस्ता नकारात्मकतालाई नकारात्मकताकै स्वरमा देखाइएका छन् । दुई नकारात्मकता (असङ्गत जीवनको विसङ्गत विसङ्गत चित्र)मा कविले सकारात्मक चाहनाको व्यञ्जना प्रतीकात्मक शैलीमा प्रयोग गरेका छन् । सायद कविको सपना विकास र अग्रगमन नै हो । कवि चालिसेको स्वरमा आलोचनाको आवाज मुखर हुनुमा नेपाली साहित्यमा प्रखर रहेको आलोचनात्मक यथार्थवादी धारा नै हो । उनी यसै धारामा समाहित भएर समकालीन कविताको नैरन्तर्य खोजिरहेछन् ।

समकालीन नेपाली कविताको सारवस्तु सुबाल्टर्न(विपन्न)को पीडालाई अभिव्यञ्जना दिनु हो । जनजीविकाको सवाललाई उठाउनु हो अनि मानवीय असमानता, निरङ्कुशता र अन्यायपूर्ण समाजबाट मुक्त हुने आकाङ्क्षा र आवाज प्रस्तुत गर्नु हो । यस

अर्थमा कवि चालिसेका कविताले समकालीन नेपाली कविताका स्वरमा स्वर उठाएका छन्। चालिसेको विसङ्गत स्वरमा समाज र विश्वका अनेक समस्या र अल्झनहरू समाहित भएका छन्। नेपाली समाजका आजका अनेक अन्तर्विरोधलाई कविले विभिन्न कवितामार्फत चिनाएका छन्। अनेक थरीका उत्पीडन, पछौटेपन, जनजीविकासँग सम्बद्ध अनेक समस्या, महिला हिंसा, बेरोजगारी, वैदेशिक रोजगारीका अनेक समस्या आदि आदि।

जनता र राष्ट्रप्रति प्रतिबद्ध स्रष्टा यस्तै गतिशील यथार्थसँग जोडिएर कविताको अन्तर्वस्तु नियाल्ने गर्छन् । कवि चालिसे परिवर्तनकामी विचारको आलोकमा नेपाली जीवनको विसङ्गत यथार्थको बोध गरिरहेछन् । उनका कविताको मूल आधार समाज हो । परिवर्तनका लागि आएका अनेक परिवर्तनका स्वरको मूल्य विघटनप्रति चिन्ता र चासो कविले व्यक्त गरेका छन्। पछिल्लो समयमा आएको राजनीतिक परिवर्तनपछि नेपाली जनतामा विकासप्रति जति आशा र अपेक्ष थियो त्यो पूरा हुन नसकेको र परिवर्तनले खासै सकारात्मक सन्देश पनि दिन नसकेको, सत्ताको चरित्रमा कुनै भिन्नता आउन नसकेको, राजनीतिका आडमा भएका अपराध र अविकासको अवस्था उस्तै रहेको स्थितिले नै हो भन्न सकिन्छ।

प्रगतिवादी स्रष्टा हुनुको पहिचानले यथास्थितिको र विसङ्गत पाटोको आलोचना मुखरित गर्छ । कवि चालिसे आलोचनामुखी स्रष्टा हुन् । अभाव, पछौटेपन, अविकास, विसङ्गतिजस्ता थुप्रै नकारात्मकताहरूको चित्रलाई लिएर कवितामा आवाजको जुलुश उठाएका कवि अब यस्ता स्थितिका विरुद्ध जान चाहन्छन्। ‘निर्माणतिर जा’ कवितामा उनी लेख्छन्–

*ए, हावा तँ निर्माणतिर जा*
*ए, पानी विकासतिर जा*
*ए, घाम समृद्धितिर जा*
*सदियौँदेखि मरेका मनहरूमा*
*सुखको सिंचन गरेर अगाडि जा ! (पृ. २१०) ।*

अन्तमा कविको कलम समाज सुधारको निख्खर एंवम् समृद्ध अभियानमा अझै अगाडि बढिरहोस् ।

२०७५ पुस २५

डा. रजनी काफ्ले ढकाल
नेपाली केन्द्रीय विभाग

# लेखक्यौली

समाजमा रहेका हजारौं विषयवस्तुहरू भावुकताको मोहमा सहृदयसँग आत्मानुभूति गरिरहेका हुन्छन् । सामान्य मान्छेका चेतनाले त्यस्ता छरपस्ट रहेका वस्तुगत सन्दर्भलाई चेतनाको गहिरामा पुर्याउन भावित सत्य उदघाटन गर्न गार्हो पर्दछ। क्रोचेले भनेका छन् 'भावनाको सत्यासत्य परिचालन' कविका सम्वेदनशील तरल मानसिकताबाट वास्प झैं उडिदिन्छ र विषयवस्तुले आफ्नो मूल्यको स्थापना गर्दछ। जगजाहेर भएका घटनाहरूलाई पनि उत्कर्षको सिर्जना बजाउन सकिन्छ तर पनि सन्दर्भ सापेक्ष महान मूल्य स्थापित भएका विषयहरू छिटोछिटो भावनाको नजिक पुग्छन् अनि साहित्य मूल्यका मूल्यवतामा प्रकट भइदिन्छन्।

आम मानिसका जीवनले भोगिरहेका जति विषयगत अनुभवहरू रहेका छन् ती विषयहरूलाई म जब विषयवस्तुका बन्धनबाट फुकाएर एकाग्र चित्तले गद्य लयका पारामा ठसठस सुसेल्थैं, ती जोरमुरलीका जीवनका धुनजस्ता जीवनका रूपमा बजिरहन्थे । समाज बदलिरहन्थ्यो आफ्नै गतिमा । टपाटप टिपिएका सुख, दुख, कुण्ठा, पीडा, आदर्श, अत्याचार अनि भस्मिभूत भएका सौन्दर्य रागहरू सजाइदिन्थैं कवितामा । प्रेम अनि माया ममताका जपनाहरूलाई तर्साइदिन्थैं काण्डै पुग्ने गरी देशका अस्मितासँग जोडेर । कठोर अनुभवहरू, अनुरागका

बग्रेल्ती परिवेशका दृश्यहरू, छरपष्ट जनमनका आकाङ्क्षित वेदनाहरू जब लहरिएर आउँथे दुहाइको शैलीमा तब तीब्र झड्काहरू विद्युतीय ज्वार झैं बजारिन्थे मेरा मनका नशा नशाबाट कविताका धाराहरू ।

कहिलेकाँही लाग्दथ्यो यी कविताहरू म केका लागि लेखिरहेछु ? तनावहरू उठिरहेका बेला मसँग जवाफहरू हुँदैन थिए अत्याचार सहन नसकेर । प्रश्नहरू पनि त्यसै किमंकर्तव्यविमुढमा हुन्थे मेरा नजरका वरिपरि । पग्रिरहेका अन्तर वेदनाले मलाई राष्ट्र बोक्न मन लाग्दथ्यो । तर हार्दथे त्यसै पामर अनि पिन्चे हरूका रूवाइ अनि दुहाइमा र कविता लेख्दथे अलाप ठोकेर। त्यतिवेला म के जित्दथैं र ? हारेका हार्यै हुन्थैं अभावका श्रृङ्गारहरूमा । मरेको मर्यै हुन्थैं गरिबहरूको नजरमा । मलाई सोध्ने अभियन्ताहरू कविता पनि सुन्दैनथे र बुझ्दैनथे कविताका अन्तरवस्तुहरू । उफ ! कति उकुसमुकुस छ यो मानिसको चोला । चोला बदल्नेहरू, चोला च्यात्नेहरू, चोला फेर्नेहरू र चोला फेराउनेहरू यसै मरूस्थलमा थिए नाङ्गै नाचिरहेका। सायद मायाको भङ्गिमा पनि त्यस्तै लाग्दथ्यो होला पराजिताहरूलाई ।

समाजले सिकाएका अनुभवहरू जब सँगाल्दै जान्छन् र सियाले झैं घोचिघोची चस्काहरू निर्माण भइदिन्छन्। मानवता भन्ने कुरा भगवानमा पनि हराउँदै जाँदा कविताहरू असिना झैं उफ्रिउफ्री गडगडाएर आउँदा रहेछन् मनका आकासबाट पीडाका धरातलहरूसम्म । खोतल्दारहेछन् जीवनका आधार शिविरहरू टाढा टाढासम्म। गन्तव्य पथका अलमलमा जिइरहेका आशाहरू

कति शालीन हुन्थे केवल बाँच्नका लागि । बाँच्नु पनि

बाध्यता थियो प्रतिपल झरिरहेका धूवाँका मुस्लाहरूसँग । देख्यो, टिप्यो र बजार्यो घटनाहरूलाई सत्ये उठदैनथे महानहरूका जाँगरहरू पनि। तर आकास पनि रित्तै, धर्ती पनि रित्तै, हामी पनि जहिले अनि रित्तै महान अभियानका उपलव्धीहरूमा समेत।

हामी अभियानमा थियौं सच्चा समाजको निर्माणका लागि, तर वस्तुगत विचार, समाज, चेतना, शैली, आदर्श भावना, मानवीय सम्वेदना र असल चरित्र निर्माणको विषय सार्है भयानक भ्रष्ट मनोवृत्तिमा अक्कासिरहेको देखिन्थ्यो सामाजिक सँगतिहरू। कसरी सुधार हुन्थे र खै ! मेरो मातृभूमिका मानव चेतनाका सम्वेदनशील आदर्शहरू, वाक्क, वाक्क भएका निर्धन जनमनका आक्रोसका रूपमा उभारित स्वरहरू। सुन्ने सुनाउने एकै हुन्थे, भोग्ने भोगाउने बेग्लाबेग्लै । हरेक वस्तुका आफ्ना सौन्दर्य चेतना मजाकका लाग्थे आफैमा।

परिवर्तनका अनुहारमा पनि कुनै लालीत्य थिएन हरक्षण। त्यसैले लेखेका, भोगेका, अनुभव गरेका, बाँचेका तथा देखिएका सबै सन्दर्भहरू उजाड लाग्दथे र मस्तिष्क त्यसै त्यसै कविका रूपमा पागल झैं बर्बराइरहन्थे एकान्त एकान्त पलमा सन्दर्भ घटनाहरू साक्षी राखेर बुध्दत्व दर्शनका लागि। कविसँग केवल भावना न थिए जनमनका आक्रोस र अभावका पिडादायक स्वर । बोल्नु, कराउनु, चिच्याउनु तथा समाजलाई जगाउनु उसको कर्तव्य न हो । तर समाज सुधारकहरू फतुवाजस्ता देखिन्थे भ्रष्ट मनोदशाका आलिशान भवनहरू छेउ। उनीहरूसँग सबै थियो परिवर्तनका लागि अधिकार, योजना र सर्बधन। तर मनोदुष्टता उनीहरूका लाचार अभियान थिए मेरो देशका पकेट पकेटमा। कुरा महात्माका जस्ता, काम प्रेतात्माका जस्ता।

जति कथनी गाए पनि कविजस्तो भावुक कोही हुदैनथे मेरा वरिपरि तर गर्न सक्ने वा दिन सक्ने पनि केही थिएनन् । अन्तर्आत्माको आवाजमा रमाउने कविका जीवन शैली पनि त्यस्तैत्यस्तै बनिदिन्थ्यो

रूग्ण मातृभूमिको लावारिस छायाँजस्तै । सकेसम्म आशाहरू नमरून्, आशनहरू सत्कर्मीहरूको बनून् । बस ! त्यसैमा आम वेदनाको घाउ विस्तारै खाटा बस्दै जानेछन् । तब कविताहरू पनि उन्मुक्तिको बाटो लाग्नेछन् ।

अन्त्यमा मेरो कवित्व लेखनीलाई मूल्याङ्कन गरेर भूमिका लेखिदिने डा. रजनी ढकाल, प्रकाशनको व्यवस्था गरिदिने जनता प्रकाशन तथा प्रसारण प्रा. लि तथा उक्त प्रा. लि. का उप व्यवस्थापक अशेष घिमिरेज्यूहरूलाई विशेष धन्यवाद प्रकट गर्दछु । साथै कम्प्युटर डिजाइनमा सहयोग गर्ने अनिल श्रेष्ठमा साधुवाद !

२०७५ पुस ९ गते

विनीत,
डा. विदुर चालिसे
bidurc592@gmail.com

# विषय सूची


| | | |
|---|---|---|
| १) | मनोवैज्ञानिक पोलियो | १९ |
| २) | कविगोष्ठीको शिविरबाट | २१ |
| ३) | पत्थरको स्वादमा | २४ |
| ४) | फुलिदिने लालुपातेसँग | २७ |
| ५) | सालिक जस्तैलाई | ३० |
| ६) | लालटिनको धूँवा | ३२ |
| ७) | आदर्श सुन्न गाउँतिर | ३४ |
| ८) | चियाङमाईको डबली | ३६ |
| ९) | टोकरी अनि सपना | ३८ |
| १०) | अल्छी गुराँशहरू | ४१ |
| ११) | हाँसको ताल | ४४ |
| १२) | गहिरो आयाम | ४६ |
| १३) | दर्शकहरू | ४८ |
| १४) | अनि तुवाँलो फाट्छ | ५० |
| १५) | पागल स्टेशन | ५२ |
| १६) | उत्सव अनि ग्रहण | ५४ |
| १७) | खामभित्रको प्रवास | ५६ |
| १८) | जिब्रेहरूका मतलब | ५८ |
| १९) | स्वर्ग पथ | ६१ |
| २०) | प्रेम पासासँग | ६३ |

२१) झोलुङ्गे पुलमा हल्लँदा ६५
२२) समयको अक्ष ६८
२३) मुस्कुराई दिंदा ७१
२४) प्रेम दिवसको फूल ७४
२५) गँवारको फुर्फुर ७६
२६) सन्चै छ नि ! ७८
२७) सेलिब्रेटीहरूलाई सम्झँदा ८०
२८) दुवोजस्तै उन्नत ८३
२९) रून छोडिदेउ बरू ! ८५
३०) इन्काउण्टर तेल ८८
३१) होलीको हल्ला ९०
३२) बोक्सी बकाउँदा ९३
३३) रगत छाप ९६
३४) लभ स्टोरी ९९
३५) उदाङ्गिँदा १०२
३६) खसार्य ज्वाला १०५
३७) हेर्दाहेर्दै मानिसहरू १०८
३८) चैते तुवाँलो १११
३९) गोताखोरको अग्नी परीक्षा ११३
४०) गुडिया उपहार ११६
४१) हे बरै ! ११९
४२) तिमी प्यादा हौ कि ! १२१
४३) अतृप्त जलन १२४
४४) विन्दास हुनुथ्यो ! १२७
४५) आजदेखि लागेँ १२९

४६) एक घान मकै १३२
४७) आशाहरू जब बदलिन्थे १३५
४८) भावुकताको लत १३८
४९) समवेदना ग्रन्थी रसाउँदा १४१
५०) आमा खोज्दै हिंड्दा १४४
५१) हिप्नोटिजमका भ्याम्टा १४७
५२) रोटी सेकाइरहँदा १५०
५३) प्राज्ञहरूसँग उभिरहँदा १५३
५४) खरानी पोलिरहँदा १५६
५५) एक लाइक ठोकिदिएँ १५९
५६) मृत्युमा रतिराग १६१
५७) शैलीहरूका प्रस्ताव १६४
५८) घर्किएको मजदुर दिवस १६६
५९) तिमीलाई जस्तै १६९
६०) प्रेम गुरू १७१
६१) प्रवास १७३
६२) रोक मलाई ! १७४
६३) भूइँमा खुट्टा छैन १७६
६४) ट्रान्जिटको चस्मा १७९
६५) लिलाम कक्षमा १८२
६६) कोइला बास १८५
६७) सिरियस प्रेमजोडी १८७
६८) सम्झना चित्र १९०
६९) धुपको पानी १९२
७०) माछापुच्छ्रे पौडी १९४

| | | |
|---|---|---|
| ७१) | पलपल जलेको | १९६ |
| ७२) | घामसँग हिंड्दै गर्दा | १९९ |
| ७३) | ढलान डटकम | २०१ |
| ७४) | आफन्तको इमान | २०४ |
| ७५) | समावेसी लसपस | २०६ |
| ७६) | पहाडको जोर नाम | २०८ |
| ७७) | निर्माणतिर जा | २१० |

## १) मनोवैज्ञानिक पोलियो

सुधार गृहका हर प्रयाससँग
नृत्यानलमा रमाएका नर्तकीहरू
चुटिरहेका हुन्थे राजनीतिको गफ।

देश विकासको सवाल थियो यसवेला
मनोवैज्ञानिक पोलियो थोपाको काम !

हर चेतनाहरू यसरी उडेका हुन्थे नजरमा
आयातित सद्भावका लाल मोहरहरूसँग
थुचुक्क बसेका, लुसुक्क पसेका प्रोफाइलले
परिधीय अक्षहरू अनि केन्द्रीय कक्षहरू
लर्बराइलर्बराइ टेकिदिन्थे गोडा सुस्तमा।

तरपनि शिथिल शिथिल थिए मनोभावनाहरू
लस्याङपस्याङ गरेका उपरखुट्टीहरूसँग !
'जीन' पोषण प्रदत्त जीन भन्थे प्रयोक्ताहरू
लड्थे गोर्खाली जीनका लागि नेपाली भएर
आफ्नै समृध्दि हारिरहेको हर बेलाहरूमा
तपस्या भङ्ग गर्थे, बहादुरीका सर्तनामामा
ऐना मसँग जिस्किदिन्थ्यो अघिपछि लागेर !

पावरका चस्मा, पोषणका भस्म खुब थिए
मनोवैज्ञानिक पोलियो लागेका हर मानवसँग
जन्मिएका जो जो छन्, 'नेगेटिभ ब्लड'ले युक्त !

विषय सुन्यो कि 'टन्नन' टाउको दुखिरहने
आसय बुझ्योको षड्यन्त्र मात्रै गरिरहने
कामेका गोडामा सोडापानी दलिरहनेहरू
पोलियो थोपा थापिदिन्थे भरोसाहरूसँग।

समृध्दि, समुन्नति, सर्वाङ्गीण विकास
किन सहन सक्दैनन् नेपाली मन
जता जाउ उतै नग्न भरोसाहरू
लाचार बनिदिन्थे आरिसले।

समय सूचक विहानैदेखि बासिरहेथ्यो
तर मानिसका कानहरू बहिरा थिए
मनोवैज्ञानिक पोलियोले ।

उन्नतीका लागि लम्कने त
खै ! बरू अबोध भए पनि पुग्थ्यो यस्तै
त्यस्तै ! त्यसरी नै !! त्यसकै जस्तो चालमा
नियमित विहानीको शङ्खघोषको साथ !

***

## २) कविगोष्ठीको शिविरबाट

अग्लाअग्ला वृक्षहरू माझ
होचाहोचा मानिसहरू छेउ
चेतनाको लहरहरू फैलाउँदै
म कविगोष्ठीको शिविरबाट
बकिरहेथेँ त्यसै गोयवल्सको
सात्विक सवालका मन्त्रहरू

मेरा कविताका हरफहरूका भावमा
बौलाइरहेथे तुँवालो भित्रका डङ्काहरू
अनि माटोका मसिना बालुवाहरू समेत
बालुवा बगिरहेथ्यो भीरबाट बगरतिर !
चिसो सिरेटोको कठाङ्ग्रिँदो वायु साथ

अलिना प्रकाशका मलिना बुझाइमा
मानिसहरू थपडी बजाइरहेथे मलाई
म चुपचाप कविता पढिरहेथेँ तिनका लागि
स्रोताहरू सुतिरहेका थे, निंद्राका नसामा
कविहरू गाइरहेथे मेराजस्तै भावुक कविता
तरपनि आकास अझै खुल्न सकेन अचेल !

बुट्यानहरू रोइरहेथे मेरा कविता सुनेर
खडेरीहरू जलिरहेथे मेरा भावहरू बुझेर
चुहिएका टिनका छानाहरू पटपट गर्थे
मेरा कविताका शैलीमा तिनका धुनहरू

तर पनि कविगोष्ठीका शिविरमा चिसो स्याँठले,
मेरो टाङ उघारिरहेथ्यो फिरफिर गरेर पत्लुङमा !

उकालोतिर बटुवाका जामाहरू फिंजिन्थ्यो
ओरोलोतिर ढँटुवाहरूका सहनाइ बज्दथ्यो
जामा फिंज्नेहरू कविका भाखामा रोइरहन्थे,
सहनाइ बजाउनेहरू मयलपोस धोइरहन्थे !
तैपनि कविता उत्ताउलो थिएन, शालीन थ्यो
अनन्त मनहरूका अगाडि कविता गाइरहन्थ्यो,
भावुक भावना चित्रमा मनका अनेकौ व्यथाहरू

मलाई हेरिरहने पाखाहरू
मलाई सोधिरहने पखेराहरू
तेसैतेसै उभिरहने पहराहरू
अनि सधै बगिरहने छहराहहरू
मेरो कविता बुझेनौ भने आकासतिर फर्क,
सारालाई अमृत खसाइदिन्छु मैतिर फर्क,
कविताले कहिल्यै झूट बोल्दैन !

जीवन !

विकास !!
रूपान्तरण !!!
कवितालाई पागल नबनाऊ,
कि तिमी त्यसैत्यसै पागल भयौ ?
चराहरूका वेगका पनि त नियम थिए नि त,
कवितालाई त अझ बढी गति बारे ज्ञान थ्यो
धर्ती तिमी धेरै नरोउ उजाड भएर
कविहरूका कविताका स्वर बुझेर मनन गर ल !

कवि गोष्ठीका शिविरतिर बर्बराइरहेथे
अज्ञात कविका स्वरहरू टाढा टाढाबाट !

***

## ३) पत्थरको स्वादमा

डाँडाभरि घाम सुकिरहँदा
हुस्सुहरू पनि अकासिरहेथे
तुफान छोडेर काला पत्थरतिर
काला मानिसहरू घिउ घस्थे
चाकु टोकेर तिनका शरीरभरि
मकर सङ्क्रान्तिको पर्व मानेर !

चाकुका तम्तम्याइदो स्वादमा
हराइरहन्थ्यो गरिबहरूको घिउ
घिउ चुहिरहेथ्यो पाइला पाइलामा
यात्रुहरू साटिरहन्थे अमिलो मन !

पिटिरहन्थे घिउचाकु ताली
दुई एकान दुई, दुई दुना चारका
गणितीय हिसाबका खेस्राहरूमा !
हिसाब मिल्थ्यो उत्तर मिल्दैन्थ्यो
घिउ मिल्थ्यो चाकु मिल्दैनथ्यो बरा !

घिउको काम घसिने हो घसिरहन्थे
हल्लाखल्लाका एकतारे धुनहरूसँग !

रैना बस्तीका मानिसहरू पनि पर्वमा थे
उकालो चढ्दै गरेका अमिला निगारहरूसँग
झ्याँउकिरीका उराठ धुनझैं लाग्ने गतिहरूमा
झल्लर ओडाइरहेथे ठिहरा अनुहारहरूलाई
बाबुसाहेवका मस्ताना रवाफहरूमा समेत।

चाकुजस्ता कफीहरूका झोलमा उग्राएका
तमासेहरू बीच ओहोरदोहोर चलिरहन्थ्यो
बाटोमा ताली बजिरहन्थ्यो घिउ चाकुको !

तालीहरू तीता पनि थिए
तालीहरू नुनिला पनि थिए
तालीहरू अमिला पनि थिए
गुलियाहरू मन मनै हराइरहेथे
तालीहरू बजेथे घिउ चाकुसँग।

वर्षेनी आउने घिउ चाकु पर्वहरूमा
मानिसहरू नुहाइरहेथे चिसो पानीमा
पानी बगिरहेथ्यो, प्रकृति झरिरहेथ्यो,
उराठउराठ मरूभूमिका मैदानहरूतिर !

खोलीहरू पनि सुक्दै गएथे माथितिरै
नालीहरू पनि जम्दै हिंडेथे बस्तीतिरै
पहाडबाट हरेक साल झरिरहन्थ्यो त्यसै
भूकम्पका गतिमा चाकुका डल्लाहरू फुत्त फुत्त
योजना पनि त आउँथ्यो जान्थ्यो सुट्ट सुट्ट !

लस्कर मानिसहरू ताली बजाइरहेथे चिप्लिएर
घिउहरू बगिरहेथे गरिबसँग उकालो ओरालोभर !

तर पनि गाउँमा बस्ने मेरो मसिने लटपटिन्थ्यो
वर्षेनी खाने घिउ र चाकुको मौसमी आहालमा
उसलाई उरालिरहेथे कति मानिसहरू
उ गीत सुनिरहन्थ्यो, हाँसिरहन्थ्यो
सोम शर्माको थपडीमा !

आज माघे सङ्क्रान्ति पर्वको शुभकामना,
काला पत्थरको स्वादमा।

***

## ४) फुलिदिने लालुपातेसँग

अपत्यारिलो समयहरू छेउ
घामका पाइलाहरूसँग उडिरहेथे
हिउँदका भेलहरूतिरका लालुपातेहरू
ढकमक्काएर रङ्गिएका सिन्दुरहरूसँग
जब फुलिदिने मौसमका चापहरू उदाउँथे
सुरिला स्वरहरू पलाउँथे नेपथ्यतिरबाट !

हरियाली चलनमा अटेरिरहेका तुषाराहरू
शीतका थोपाहरूमा पिल्पिलाउँथे  बहार
जमेका शीतका ठाँटीहरू त्यसै पग्लिरहन्थे
मेरा सामुन्ने रहेका मनका अङ्कमालमा !

विजित यात्राका आँशुहरूले
झुलाइरहेथे सप्तरङ्गी फूललाई
मानिसहरूका यायावर दृष्टान्तहरूमा
फूलहरू हाँसिरहेथे बकैनाको रूपसँग
उस्का सर्वाङ्ग पतझडहरूका खातिर !

मेरो काँधमा फुलिदिने लालुपातेसँग
एकछिन हाँसिदिन्थे एकदिनका लागि

लालुपाते मस्ताउँथ्यो भावनाको मझेरीमा
जुनकिरी नि खोज्दैथ्यो अँध्यारो पँधेरीमा
हराइरहेथेँ म फुलेको रम्किलो रङ्गहरूसँग !

अपर्झट कता कतातिरबाट
मसिनो स्वरले अड्किअड्कि
गुन्गुनाइरहेथे सुरिला धुनहरू

तरपनि लालुपातेको मौसमतिर
स्वासहरू चलिरहेथे हृदयमा !

आँखाहरू सचेत थिए,
मनहरू पनि अचेत रहन्थे
जुरेलीका 'टिकुली' आवाजहरू छेउ
मानिसले जीवनलाई खोजिरहेथे
लालुपाते रोइरहेथ्यो पाखाभरि अचेल
म फूलका दयाहरूमा सकिरहेथेँ समय !

लालुपातेको मौसममा जस्तै
बग्ने नदीहरू उठिरहेथे अझै

म हेरिरहेथे तिनीहरूको नाटकीय दृश्य !

प्रणाम !
वर्षात्का लालुपातेहरू

वनमारा जस्ता झाँगिएथे
कोदोवारी अनि खरवारीतिर !

जीवन धुजा धुजा चुँडिरहेथे
लालुपातेजस्तै गाउँलेहरू !

साहुहरू हिसाब लेखिरहेथे खातामा ।

***

## ५) सालिक जस्तैलाई

जङ्गलका पठारहरू भ्रेउ
मानिसका मैमत्त सहरहरूतिर
नदीहरू बगिरहेथे कलकल गरेर
तालहरू जमिरहेथे टलपल रहेर
भैंसीहरू टाउको दलिरहेथे ढुङ्गामा
बटुवाहरू घुमिरहेथे तालको डुङ्गामा !

त्यहाँ मेरो मन थियो, देशका नक्साहरू
त्यहाँ मेरो पन थियो, मायाका बक्साहरू

सिर्सिरे बतासहरू जब आउँथे तुफानले
उभिरहेका भ्रारपातहरू हल्ला गर्थे बजारमा
जीर्ण लताकाहरू पनि सैसला खेल्थे ढोकामा
र, हँसाइरहन्थे दुनियाँका कर्के नजरहरू छेउ !

निलानिला जल कोशिकाहरूका तन्मयता बीच
जब सडकका सालिकहरू ढल्थे भिसमिसे मै
इतिहास पुरूषहरू औंल्याउँथे भैंसी प्रवृति !

भैंसीहरू लल्कारिरहन्थे गोयबल्सको धुनमा

माटो मरिरहेथ्यो उजाड उजाडमा
विपना फुरिरहेथ्यो पतझड्हरूसँग
तरपनि बिसन्चोमा सिङहरू चिलाउँथे
धर्ती सहिरहन्थ्यो, टाउको दुखिरहन्थ्यो
चराहरूका आवाजका दुखित स्वरछेउ !

कुहिरे छालका पातला स्वरूपहरूले
अनुहारका घाउहरू लुकाइरहेका बेला
कलेजी रोदन हृदयमा सर्किएको बेला
उमङ्गले धतुरो फुकिरहेथे हिमालहरू
आशाले रोमान्चित रहन्थे धरातलहरू
आँखा दुखिरहेथ्यो, बुध्दि सुतिरहेथ्यो।

गन्थनका कथाहरू पोको परिरहेथे
आदर्शका व्यथाहरू पेटमै मरिरहेथे
देशमा रहेका अनेकौं भैयादहरू
आफूलाई च्यातेर झाडीतिर बसेथे
इतिहास रच्न शालिकतिर !

ती मानिसहरू मानिस जस्ता थिएनन्
अचेलका सालिकहरू भैंसीजस्ता थिए
बहादुरका थिएनन् !

भूँइचालोले हल्लाएका भूइँजस्ता डाँडा !

***

## ६) लालटिनको धूँवा

निकै चमकका साथ उज्यालिरहेका
लालटिनहरूका राता परेलाहरूमा
भूगोलका जङ्गेपिलरहरू ठडिरहेथे
अपनत्वले सिमानाको छेउछाउतिर।

वरिपरि घुमिरहेका फुसफुसे बतासले
लालटिनका प्रकाशहरू छेकिरहेथे,
साँझमा रमाइरहेका हर्षालु अधरलाई।

भावर दौडिरहेथ्यो, दून पल्टिरहेथ्यो
लालटिनहरू प्रत्येक रात भट्टीहरूमा
जल्थे मानिसका मन जस्तै सहरसँग।

सजिएका साना खोपाहरूमा
लर्बराइ लर्बराइ उसै नाचिरहेथे
मेरा जीवनका जलनका धूँवाहरू

धूँवा, लालटिनहरूको न थियो,
मजस्तै उडेथे सगरमा धूँवा हुँदै
कुनै पातलो उडिरहने वायुबाट

बुढ्यौलीमा सडिरहने आयुतर्फ,
शैलीहरू सिरानीमा झरिरहेथे,
सलेदोका तेलहरू खरानी भएर !

लालटिन जलिरहेथ्यो चुपचाप चुपचाप
फलाटिनका उर्बर नान्योका धुप बनेर !
शिशाका उग्र चापहरूमा धप्धपाइरहेको
उज्यालो प्रकाशका रतन्धा मानिसहरूसँग

बल्नेहरू लालटिन तापिरहेथे भट्टीमा !
जल्नेहरू मिलिरहेथे जलनको मट्टीमा !!

सजाइएका तिनका जीवन अनि
भत्काइएका मेरा जीवनहरू बीच
एकअर्कामा नियाल्दै हेरिरहेथ्यौँ,
पीडाले मातेर जीवन फेरिरहेथ्यौँ !

बलिरहेथ्यौँ जीवनहरू छोट्याउँदै
योगीका बैराग्य ध्यान शिविरतिर
आकासमा उडिरहेका बादलहरूका छेउ
अधर्मीहरू  उछालिरहेथे मनका धूँवालाई ।

चराहरू सिमाना खोजिरहेथे
मरूभूमिका बगरहरूतिर
लालटिनको पिरो न पिरो धूँवा अनि
मनको धूँवा एकसाथ थ्यौँ जलिरहेका ।

## ७) आदर्श सुन्न गाउँतिर

गरिबहरूका आशाहरूमा
फुरिरहेथे पलाँसका फूलहरू
ढकमक्क भएथे पलाँस रङ्गिएर
गाउँका दयालु चौतारीहरूसँग !

आजकल भावनाका पर्राहरू उडिरहेथे
उकुसमुकुस भएका मनका अलापहरूमा
अलापहरू ठोकिएथे ढुङ्गाका बगरछेउ !

बगरहरूमा सोत्राम थिए बगेका माछाहरू
भलादमीहरूको जाली मायाका शब्दहरूले
गरिबका डुबेका माछाका छट्पटाइहरू भने,
भाषणहरूमा गएका दिन गइरहन्थ्यो त्यसै
आउने दिनहरू आइरहन्थ्यो आश्वासनमा,
गरिबका हृदयहरू पग्लिरहेथे आँशुहरू तिर !
थोत्रिएका भाषामा चलिरहेथे माइकका आवाज !
आश्वासनका भरमा चलिरहेथे गाउँलेका समाज !!

सोभा सुनिरहेका मानिसहरू
भावुकताले याचना गरिरहेथे

गाउँको डोलेटो बाटोको धूलो,
सवाल जवाफमा फत्फत हुन्थ्यो
धमिलो खोलाको अमिलो पानी !

भाषण दिइरहेथे घाउका कलाकारहरू
गाउँतिर उल्फतका उल्लुहरू हिंडिरहेथे !
भुलाउँदै कर्के नजरहरू लिएर मनहरूसँग
पीपलका पातहरू फर्फराइरहेथे सत्यतामा
केराका पातहरू हल्लिरहेथे हावाहरूसँग !

क्षणभरमा हौसिरहेका गाउँलेहरू
जर्याकजुरूक हुँदै तर्सिरहेका हुन्थे
आश्वासनहरू दिमागमा बर्सिहेका हुन्थे
कुरा सुनिरहेका हुन्थे हरेक रात विहानमा
गाउँ जस्ताका तस्तै, दुखिरहन्थे पिडाले !

लाग्दथ्यो लम्बरी पण्डितहरू गाउँमा थे
उहिलेका सत्सङमा आउने प्रवचनहरू जस्तै
विचरा अचेलका सत्सङका गाउँका आदर्शमा
मरिरहेका हुन्थे तिनीहरूका अन्तिम सारहरू !

नजिकैको सानो खहरे पनि परिवर्तन नभएर
गाउँतिर अझै धमिलो पानी बगिरहेथे
गाउँलेहरू आदर्श मन्त्र सुनिरहेथे
हाँस, कुखुरा, बट्टाई पालेर !

## ८) चियाङमाईको डबली

बोधिसत्वका अतृप्त तृष्णाहरू
जन्तर मन्तरसँग सयौं गुलाफमा
फुलिरहेथे चियाङमाईको डबलीभरि
उष्ण मनोरममा गाइरहेथे बुध्दका
शान्ति गीतका लवजहरू सम्झँदै !

अनुभवहरूका सहनाइ बजिरहेथे
भिक्षुका निरन्तर गुनगुन धुनहरूका
प्रकाशहरू ओइरिरहेथे गलाहरूमा !

उँचोउँचो पहाडका रित्ता धैर्यताहरू
विकासमा लहरिएर त्यसै दौडिरहेथे
निकास ओरालोतिर उसै झरिरहेथे त्यहाँ।

डबलीमा उभिएर हराइरहेथेँ सहरतिर
म देश खोजिरहेथेँ मेरो मुटुको अन्तरमा
दुखिरहेथे शैलीका दृश्यहरूले मेरो मन
म गाइरहेथेँ ऋषिमनले गीताका श्लोकहरू
मानिसहरू ओहोरदोहोर गरिरहेथे म छेउ।

लजालु मानिसहरू सोधिरहेथे उता,
ज्ञानको पाठशालामा मेरो गृहकार्य
चियाङमाईको समशितोष्ण वायुछेउ

मगन्तेहरू योग्यतामा घोकिरहेथे पाठ
उच्च मानिसहरूका तथ्यका विवरणहरू
फूलहरू झैं छरिरहेथे प्रज्ञानका सूत्रलाई !
चियाङमाई कराइरहेथ्यो बुध्दको ज्ञानले
डाँडा पाखा पखेरामा डबलीको पर्दामा !

बटुवाहरू आउँथे, जान्थे प्रेक्षालयहरूमा
सोधिरहेथेँ एक एक गरेर तिनीहरूलाई
नाजवाफ हुन्थेँ डबलीमा बसेर म।

मेरो शरीरमा सल्बराएको राष्ट्रप्रेम
हराउँथ्यो चियाङमाईको मझेरीसँग
खोजिरहेथे यतै यतै मन मुटुलाई !

म आकासहरू देउ
अनि चराका जस्तै उडानहरू
साइबेरियाका बथाननेर लडिरहन्थें
बरू पडाडलाई खोपेर बसिरहन्थे !

डबलीमा हराइरहेथेँ पापी पेटका लागि
यसै यसै अनिदो मनले म !
*चियाङमाई (थाइल्याण्डमा पर्छ)

## ९) टोकरी अनि सपना

वन पालुवा पन्छीहरू
उडिरहेथे अगाडिका आँखाबाट
तिर्षनाहरू बढाएर आकासभरि
टोकरीमा फुलिरहेका
प्लाष्टिकका फूलहरूसँग।
फूलहरूमा प्राण थिएन
थिएन अनि जीवन पनि,
न गन्ध थ्यो न सुगन्ध
उनीहरूको जीवनमा
सजिरहेथे टोकरीभरि
हावासँग हल्ला गरेर !

हल्लाहरूका सुन्दर बहावमा
झुलिरहेथे ठाँटले
कदमका वृक्षहरू छेउ !
म पलाँसलाई सोध्दथे
कदमका हरेक चक्माहरू बारे
फतफत झरिरहेका हुन्थे त्यसै
मानिसका जीवन जस्तै कदमका सुगन्धहरू
टोकरीका फूलहरू सजिरहेका हुन्थे
महफिलका तमासाहरूतिर गुलामीमा !

सपना देखिरहेका
कदम अनि पलाँसहरू
हराइरहेका हुन्थे बजारभरि !
प्लाष्टिकका फूलहरू भने
आँखा झल्काइरहेका हुन्थे
उन्मत्त बैंसालुहरूका दिमागभरि !

तिनीहरूका सपना अनि
मेरा सपनाहरूका अन्तरमा
चर्याइरहन्थ्यो अमिलो न अमिलो
अधरतिर लुकेको अकुच घाउहरू

घाउहरूका सहनमा तरङ्गित
आवृत्तिहरूका चापहरू छेउ
कतै जीवनको नाममा फूल सजिरहेथ्यो ।
कतै जीवनको नाममा फूल झरिरहेथ्यो ॥

फूल न हो जीवन !
सजिरहने अनि झरिरहने !!

एकान्त वासमा
म मेरो मनलाई पढाइरहेथेँ
उडिरहने सपनाहरूको तस्वीर
अनि बदलिरहने प्रकृतिको फूल बारे !

सन्ततिहरू
एकोहोरो पाठ बुझाइरहेथे
टोकरीको नक्कली फूलका सपना
अनि अनर्थका सन्सारका भ्रमहरूलाई

आगो बलिरहन्थो, पानी बगिरहन्थ्यो,
जीवनका फूलहरू झरिरहन्थ्यो, उम्रिरहन्थ्यो !
टोकरीका फूलहरू अचेल मैला न मैला हुन्थे
सावुन पानीको अभावमा !

***

## १०) अल्छी गुराँशहरू

सक्सकाउँदा यौवनका
रूवाइतहरू उडिरहेथे आकासभरि
पत्थरका काप कापतिर रङ्गिएर
बेहुलीका तनमा अनि पत्थरका मनसँग
गुराँशका फूलहरू पाखैपाखाभरि !

उजाड पाखाहरू सजिरहेथे गुराँशसँग
अबीरका राता सिताराहरूका बेग हुँदै
शिशिरका ठिहिरा जीवनका प्रेमवय छेउ ।

पहाडमा गुराँश फुलिरहन्थ्यो
उजाड पाखाहरू सजिरहन्थ्यो
उमङ्गका शैलीहरू उडिरहन्थ्यो
मन टुक्रिरहन्थ्यो हिमालका हिउँसँग
मन छुट्टिरहन्थ्यो भावरका लेउसँग
मानिसहरू पैदल उक्लिरहेथे अनि
ओर्लिरहेथे विन्दासका खुड्किलाहरू ।

शिशिरकालीन चिसा स्याँठहरूले
हल्लाइरहेका गुराँशका मुजुराहरू

फर्फराइरहेका कलिला पातहरू
आँखा छोपिछोपी गुन्गुनाइरहेथे
अधरको आलो घाउका चर्याइसँग
मनै उडाउने सवाइका भाखाहरूमा

जुरेलीको जीवन अनि मेरो जीवन
गुराँशको सौन्दर्य अनि मेरा सुन्दरताहरु
पहाडको कष्ट अनि मेरो जीवनको कष्ट
बगिरहेथे समयका गतिहरूमा लहरिंदै
झगडियाहरूको मनमौजी आशीर्वादहरूमा !

चराहरू उडिरहेथे यता अनि उता
गुराँशहरू फुलिरहेथे जता अनि कता
अडिग पहाडको अप्ठेरो भीरहरू तिर ।
अल्छि गुराँश बैंसालु उन्मत्तताले
हाँसिरहेथ्यो चराहरूका आवाजमा
अनि जिस्किरहेथ्यो फुस्रो पहाडसँग
पहाड ! जड मानिसहरूको हृदय थियो
पग्लिरहेथ्यो सिमसारको पसिना हुँदै !

गुराँश हरेक साल फुल्दथ्यो
स्वर्गीय आभासमा मन मुटुछेउ
पहाड निरन्तर उभिरहन्थ्यो
वर्षातका निकै मैला न मैला
बादलका चुटाइहरू सहँदै ।

पहाड उभिरहेथ्यो, गुराँश फुलिरहेथ्यो !
म पनि अल्छी गुराँशलाई हेरिरहेथेँ,
आँखाको नानीमा बाँचिदिन !

हरेक मानिसका शीरमा
फुलिदिए पनि त हुन्थ्यो नि
यो गुराँशको सौन्दर्य ।

***

## ११) हाँसको ताल

जवानी सयरमा थे उनीहरू
कम्मर हल्लाइहल्लाई घुमिरहेका
सलक्क परेका चिल्ला पखेंटाहरू सँग
धमिला पानीका वरिपरि घुमिरहेका
जीवात्माहरू हतास मनहरूका बीचमा,
भागिरहेथे हाँसको तालसँग तर्सिएर

हाँसका जीवनका प्रेमिल सौखहरू
अनि तृष्णाका जागरणहरू बीच
ताल सहेली खेलिरहेथ्यो मैलिएर
आफ्ना अभिसप्त तरेलीका दवावमा
जीवन न हो, हाँसको सुखको जवानी छेउ
मुस्कुराएर पल्टिरहेथ्यो पानीको थोपासँग

रात विहानका तालका
सङ्ला प्रतिबिम्बहरूले
आकासलाई जोडिरहेथ्यो
आकास खसेर मानिसका जीवनमा
बगिरहेथ्यो तालको पानीसँग दुखहरू

म हाँसको उन्मत्तता अनि
आकासलाई सोधिरहन्थेँ
बरोबर उत्तरहरू बर्षिरहन्थे
हाँसको तालजस्तै तालका
सुगम हृदयहरूका हैरानी बारे ।

पानीका जीवनमा तैरिरहेका
भ्याउ अनि लेउहरूको खोजीमा
घुमिरहेथ्यो हाँस अनि मेरो अधरको
अभावको सोम शर्माको रित्तो घैंटो ।

घैंटाहरू जुटिरहन्थे अनि फुटिरहन्थे
आदर्श र अभावका  ताल तालका,
चालहरूसँग छुटिरहेका भोगाइहरू
कलकलाउँदो तालको पानी
कलकलाउँदो जीवनको जवानी
बगिरहेथ्यो टाढा टाढा सागरभन्दा पारि
हाँसको दौडाइको बेगजस्तै चाराका लागि
चाराहरू झरिरहेथे मेरो देशको डाँडातिर ।

पौडिरहेका पखेंटाहरू उस्तै उस्तै
फिंजिरहेथे हाँसका अनि मानिसका
ताल तालमा सर्रर सर्रर जीवनसँग ।

ॠतुहरू खोजिरहेथे जीवनहरूलाई
बसन्त हराइरहेथ्यो नजिकै म छेउ ।

## १२) गहिरो आयाम

आफूलाई उचाइमा नापेका छौ ?
कति हो गहिरो आयामको उचाइ !

जब सँगतहरू बरालिदिन्थे त्यसै त्यसै
उतार चढावका आन्दोलनले परिवेशमा
उठेका जागरणका भावुक सत्यहरू पनि
पछारिन्थे सडकका पेटीहरूमा लर्बरिएर।

नापन या मापनका हर शब्दका कारवाहीले
धुवाँ सल्किरहन्थ्यो भीडभाडमा आक्रोशको
अनि गहिरो आयामको चूर्णहरूको सवाइमा
ओल्टाउँदै पल्टाउँदै घाइतेका मनहरूलाई।

एकातिर 'लिलि' फूलका इतिहासका कथन
अर्कातिर 'प्रेम' फूलहरूको जतनका बखान
गहिरोमा गहिराइका पवित्र आयामहरू
खनिरन्थ्यो खनिरहन्थ्यो मानिस हरपल
आफ्नै भूमिको स्वर्ण शासनको चाक्ला।

सुस्तसुस्त उडेका गहिराइका अमिला वायु
निश्वासमा तड्पिदिन्थे सैलुङ्गका घारितिर

जुनका शान्तिक्षेत्रमा उडेका जुनकिरीसँग
तरपनि सुनसान सुनसान दिन ऐंठन हुन्थे
परेवाका वरिपरि घुर्घुरका स्वर लहरीसँग।

नाप्नु नि नाप्नु आफ्नै अनुरोधका हैसियतहरू
जब आगोहरू सल्कन्छन् तुषाराहरू पनि त्यसै
पानी पानी भएर बगिदिन्छन् खोला खोल्सीतिर
तब तुषाराहरू जम्दछन् आगोहरू पनि त्यसै
भसक्कै भएर निभिदिन्छन् प्रलापका बोलीतिर।

माथिदेखि तलसम्मका दुखद क्षणहरू
तलदेखि माथिसम्मका पीडक प्रणहरू
आततायीका आयाममा टल्किदिन्थे त्यसै
गहिरो न गहिरो खाडलको पानीजस्तै मन !
मनजस्तै रोइदिन्थे सकसले वैरागका धुन !!

विनिर्माणका पाइलाहरू सुरू गरेको होइन त ?
पातहरूबाट पनि त्यसै खसिरहेथे थोपाहरू
शीत थे या आँशु गहिरो आयाम भर्नका लागि।

चाला चलनको थियो
छियाछिया छातीहरू माथि
अगाडि बज्रिएका तोपहरूका घाउ

धुँवाहरू छरपस्ट थिए घाइते युगका वरिपरि,
हजुर ! वेदना बेच्दैछु मेरो माटोसँग।

***

## १३) दर्शकहरू

पाखुराहरू बजारिरहेका
मानिसहरूका पसिनासँग
सयर गरिरहेथे राष्ट्रवादीहरू
जीवनवादीहरू पसिना बेच्न
दौडिरहेथे खाडीका मुलुकतिर
पसिना जमिरहन्थ्यो रेमिटेन्समा
उनीहरू देश चलाइरहेथे नाफाले।

उच्चतापको खोपीमा
अराष्ट्रवादी बनाइएका
कफिनहरू हतारले उडिरहन्थे
जहाजको बेफुर्सदी उडानहरूमा
गाउँमा कमलीको असैह्य दुखले
टाउको चट्किरहेथ्यो झुप्रोहरू तिर
राष्ट्रवादीहरू झोला बोकिरहन्थे !
देश बचाउनेहरू खाता खोलिरहन्थे !!

न्यूनतम श्रमका दुखाइहरूमा
महान देश प्रेम पनि जलिरहन्थो
दुखित मन मुटुका तरेलीहरूमा।

मानिसहरू हराउँथे मेरो गाउँबाट
असैह्य जिविकाका दर्दहरू बोकेर

म देश बोकिरहेथेँ दर्शक बनेर !
म परदेश हेरिरहेंथेँ आँखा छलेर !!
मलाई दोबाटो थुकिरहेथे मानिसहरू
अशक्त अनि पतिता भलाद्मीहरू भनेर

आलो घाउमा टिंन्चर चर्याइरहेथ्यो
मनका पीडाका फूलहरू झरिरहेथ्यो

त्यहाँ कोही थिएनन् बरू
बृध्द र बालकहरू मात्रै थिए
अनि केही जुकाका नाममा
बाँचिरहेका महान भनिनेहरू !
अनि केही गीत सुसेलिरहेका दर्शकहरू !!

अनि एक्लै मनको खोपीमा,
बाँकी रहेका मेरा देशका सिमाना भित्र
चोटमा हराइरहेथ्यौँ, दुर्दशामा कराइरहेथ्यौँ !
भीर, पाखा, बादल अनि पहाडको चेपतिर !!

***

## १४) अनि तुवाँलो फाट्छ

डाँडा पाखाजस्तै
समथर मैदानहरूमा
पिल्पिलाइरहेका सुख्खा मौसम
आँखाभरि हराइरहेथे मानिसलाई

धमिला न धमिला वस्तीहरू
ओभ्फेलमा भ्फरिरहन्थे म छेउ
गोब्रे सल्लाका सुसाइहरूसँग
सिर्सिरे बतासको स्याँठबाट !

पाखा पारिका बुट्यानहरू
तिल्मिलाइरहेथे नजरहरू तिर
नजर ढाकिरहेथे ठण्डीहरूले ।
ओभर कोटका लर्के बैंसालुसँग
आहोर–दोहोर गर्ने मानिसहरूलाई
उडिरहेका जहाज अनि चराहरू
गुडिरहेका मोटर अनि कारहरू
हिंडिरहेका बटुवा अनि सवारहरू
आँखा टालिरहेथे हिउँदे तुवाँलोसँग
तुवाँलो छ्याप्प थियो आजकलका

चुनिएका प्रतिनिधिका खोपीहरूमा,
अनि गाउँ मर्दथ्यो सिस्नाका झालतिर।

जवानहरूको दौडाइ अनि भुलाइ
आशामुखीहरूको कुराइ अनि बसाइ
हरेक मानिसहरूका देखाइ र भोगाइ
यो हिउँदमा नि त्यसैत्यसै फुत्कने भो
अफवाहका सारङ्गी रूवाइहरूमा।

सारङ्गीले तुवाँलोलाई गीत सुनाइरहथ्यो
तुवाँलो अझै उल्टिरहेथ्यो मेरो सामुन्ने।

म एक्लै एक्लै रोइरहेथें निस्सासिएर,
अनि एक्लै एक्लै हराइरहेथें तुवाँलो छेउ।

***

## १५) पागल स्टेसन

भित्ताहरू रङ्गिला थे
जमानाका तस्वीरहरूबाट
प्रतापको इन्जिन चलिरहेथ्यो
वियाँलो सयरको ढोकाहरूमा

सूचनाहरू आइरहन्थे सद्नामको
विज्ञापनहरू भइरहन्थे वद्नामको
तर पनि स्टेसनका संचालकहरू
पाइरहेथे भावुक कविताहरूलाई
कविताहरू एउटा स्वरले कराउँथे
लाइक र कमेण्टहरू उसै बर्बराउँथे।

न जानिफकारहरू थे, न अध्येता
न दार्शनिकहरू थे, न विचारकहरू
पागल हुन्थे स्टेशनका मैसेजहरू !
छाला काढिरहेथे दम्भहरू
उत्ताउला सेल्फीहरू खिचेर
चुच्चे, बुच्चे, नेप्चे र थेप्चे परेर
पोष्ट हुन्थे बाहिरी दुनियाँसँग
रसिकका ताली पाउनका लागि !
समयसँग यो फेसवुक स्टेसन

पागलको पुस्तक झैं लाग्दथ्यो
पागलहरू आइरहन्थे हाँसेर
घायलहरू गइरहन्थे रोएर
खर्खर पन्नाका पत्ता तानिरहन्थे
पागल भएर चिप्ला सिसाहरूमा
चिप्लिएको फोटोमा रोइरहन्थ्यो
जीवनमा पागलहरूका प्रेमकथा।

आँखाहरू यति छिटाछिटा थिए कि–
सौन्दर्यका पोजपोजका तस्वीरहरूमा
मन मुटुदेखि कलेजाहरू टुक्राटुक्रा हुन्थे
अनि हृदयहरू पग्लेर हतार हतारमा,
असिनाझैं झरेर सडकमा तरल बन्थे।

रेष्टुँरा, पार्क या फुर्सदका यामहरूमा
वाइफाईहरू श्रृङ्गारिरहेका हुन्थे यसै
मानिसहरूलाई मनोरोगका तखताहरूमा

मोवाइल चलिरहन्थ्यो बेगले
औंला नाचिरहन्थ्यो तेजले
पागल स्टेसन टेवलतिर।

अह्राउनेहरू र हराउनेहरू
पागल जुहारीमा थिए अचेल,
म्यासेन्जरका गोप्यताहरूमा।

मानिसहरू बौलाइरहेथे यन्त्रहरूसँग,
म प्राचीनताको बैभव खोज्दथें गाउँमा।

## १६) उत्सव अनि ग्रहण

दुनियाँ भौँतारिँदै हिंडेथे
जिन्दगीका सुखका लागि
मन्दिर, घाट, नदीका किनारतिर
अनि तलाउ र सागरका छालहरूमा
उत्सवहरू चलिरहेथे तामझामले,
ग्रहणहरू लागिरहेथे अत्यासले !

यताका मानिसहरू धर्मभीरू थे
समय समयका संस्कृतिका पालकहरू
चलिरहन्थे, गइरहन्थे, नुहाइरहन्थे घाटमा
पाइरहन्थे अलि आस्थाका अनुभूतिहरू
धाइरहन्थे अलि रास्ताका खुड्किलाहरू
सपनाका स्वर्ग पुग्दथे, विपनाका चिसोमा
विपनाहरू सजाउँथे जीवनका ग्रहणहरूले

ग्रहण लागिरहेथ्यो दिनमा पनि
अनि अन्धकारका सपेराहरूमा
चन्द्र पनि थिएन, सूर्य पनि थिएन
ग्रहण लागिरहेथ्यो उज्यालोहरूमा
दुखी थिए मानिसहरू उज्यालोभर
अमिला सन्तापहरूका जखम छेउ !

उता पनि ग्रहण थ्यो सपथको
उत्सवमा मानिसहरू थिए सुखका
सुखीहरू माला पहिरिरहेथे गलामा
दुखीहरू माला जपिरहेथे थलाथलामा
ग्रहणले मानिसलाई सताइरहेथ्यो
ग्रहण थ्यो चन्द्र अनि खसमका उहिलेका !
ग्रहण थ्यो कसम अनि सूर्यका अहिलेका !!

मेरो ग्रहण खोजिरहेथेँ पात्रोका पन्नाहरूमा,
र, ज्योतिसलाई भकाएथेँ पूजाका सार्दम बारे।

ग्रहणका बेला दान गर्ने मानिसहरू
घाटमा पखालिरहेथे संस्कारको मैलो
सपथ ग्रहणका लामका मानिसहरू
झट्कारिरहेथे आश्वासनको रोइलो।

आजकल उत्सव थियो मेरो गाउँमा
कोही मर्नका लागि धाइरहेथे सागर
कोही भर्नका लागि पाइरहेथे गागर !!

उत्सव चलिरहन्थ्यो सबतिर
मलाई ग्रहण गर्ने मानिसहरू
तन्काइरहेथे खाल्डोलाई।

एक्लैएक्लै हराएँथे ग्रहणको बेला
मानिसहरूका बीचबाट।

## १७) खामभित्रको प्रवास

यता पोलिरहेथे मन
उतातिर जलिरहेथ्यो तन
उचालिएका बहादुरहरूका
स्वच्छ आकासका हावामा अचेल
देशको न्यानो खोजेर आरनहरूमा

तिनीहरूका खामभित्रका प्रवासमा
टेण्डरका समयहरू घटिरहेथे हरपल
दलालहरूका आमन्ने सामन्ने भएर !

खाम न हो, समयका  बिक्री पट्टामा
खोलिदिन्थे कारखाना मालिकहरू
तिनीहरूका दयालु जिन्दगीहरू उपर
अनि गरिबका अनुहारमा सुस्ताएका
अमिलाअमिला लालिहरूका आशामा
उत्सव चलिरहन्थ्यो होटलहरूमा
पार्टी चलिरहन्थ्यो भोड्का अनि
पग्ल्याँइदा जुसका पहेंला रङ्गसँग

खामभित्रका जिन्दगीहरू समक्ष

प्रवासका धुपहरू जलिरहेथे जलनमा
आगो सल्किरहेथ्यो सिमलका भुवामा
मानिसका सपनाका भुवाहरू बत्तिरहेथे
टलपल टलपल गर्दै अरबका बालुवामाथि।

सुख्खा बालुवाका होचा बगरमा
कर्म जलिरहेथ्यो, धर्म बलिरहेथ्यो
राष्ट्रियताका लाल झण्डाका पताकाहरू
रोगाएर हल्लिरहेथे फिर्फिर गरेर अचेल
अमिलिएका पसिनाका तर्काइहरूछेउ।

अरबतिरका मर्महरू बेहाल थिए
बजारका खामहरू प्रवासमा थिए
मेरा जीवनका गुरू दक्षिणाहरू
मुन्सीका खाता चलिरहेथे खामसँग।

हवाईजहाज उडिरहेथ्यो आकासमा
मेरो स्वर्गीय आनन्दमा एकछिन!

धापिएर ओर्लिएथेँ शान्त मनले
प्रवासलाई हाई ! हाई !! गरेर।

मन दुखिरहेथ्यो परिवारलाई छोडिरहँदा !

***

## १८) जिब्रेहरूका मतलब

ढोका थुनिरहेकाहरू थे
खोल्न चाहन्थे झ्यालहरू
ढोका खोलिरहेकाहरू थे
बन्द गर्न लाग्दथे प्वालहरू
श्यालहरू कराइरहेथे भिडतिर
पर्खालहरू भत्किन्थे अनि जोडिन्थे
सन्धी सम्झौताहरू खाता पातामा।

म उफ्रिरहेथे ढिकीको तालमा
ढिकिच्याउँ गरेर हैरानीहरू छेउ
आजको समय फेरि निराशाहरू
उठाइरहेथे जोखिमका तर्कहरूले
भविश्यका अनगिन्ती प्रश्नहरूलाई
जाडो पनि मर्दथ्यो मेरो आङमा
गर्मी पनि सड्दथ्यो मेरो जाङमा
लैला नृत्यको अभाव अवधिभर।

प्रत्येक पटक आउँथे बबालहरू
सँगसँगै रहन्थे जोडिएर लालहरू
पाँच पाँच वर्षका अनुहारहरू फेर्दै

मुहार आउँथ्यो जान्थ्यो समयसँग
डोकाका डोका कागजका खोष्टा झैं
लाहाछाप लागेका प्रमाणहरूसँग।

जिब्रेहरू यति फटफट बोल्थे,
सुन्नेहरू हैरान हुन्थे मौसममा
मौसमका बोलीहरू चढिरहन्थ्यो
सगरमाथाको उचाइतर्फ लम्किएर
आशाहरू पलाइरहन्थे मानिसहरू !
निराशाहरू जलाइरहन्थे मानिसहरू !!

सरमहरू भागिरहेथे मछेउ नजिकैबाट
भविश्यहरू खोजिरहेथे सरमका पाइलाहरू
वर्तमानहरू पोलिरहेथे चरमका छोयलाहरू
मन डढिरहेथ्यो आमा अनि बाबाको पनि,
डिमाण्डहरू बढिरहेथ्यो सबै अनि सबैको।

यो मतलबी दुनियाका भाकाहरू
श्यालका बथानका भाका थिए
भीडभाडमा आउँथ्यो कराउँथ्यो
उसैउसै सिङ उमाथ्र्यो जान्थ्यो!

मानिसका सिङहरू हराउँथे
बथानका श्यालका सिङहरू झैं
जिब्रेहरूका मतलबी मतलबहरूमा।

जमाना थ्यो जिब्राहरूको
जेब्रा क्रसबाट कहिल्यै हिंडेनन्
विधिले बनाएको आदर्शहरूले
बनाउँदै थे अनि भत्काउँदै थे आफै
भत्किरहन्थ्यो यो समाज जिब्रेहरूसँग।

***

## १९) **स्वर्ग पथ**

आकासबाट झरेका
मेरा स्वर्ण कलशहरूका
उमङ्ग अनुभवहरू पोखिएथे
झरनाको उल्जोका मुहारभरि ।

म टाढा न टाढा थिएँ उभिएको
सूर्यको प्रकाशको निमित्त भएर
ज्यासलको लाल स्वर्णमुद्रामा ।

खोज्नेहरू खोजिरहेथे शान्तिका लागि
हेर्नेहरू हेरिरहेथे रातमा पनि नियाली
आफ्नै अन्धकारको उज्यालो भ्रम छर्न
मेरो दशामा बगिरहेथ्यो प्रकृतिको पानी
स्वर्ग पथको अविराम यात्रामा झरेर ।

मानिसहरू भन्थे अनि
स्वर्ग आकासतिर देखाउँथे
स्वर्ग खोज्ने जुनहरू पनि त
यतै हराउँदा रैछन् खुसामतमा

अग्लिएको छहरा र पग्लिएको जुन
ज्वालामुखीका लाभाहरू छरिरहेथे
स्वर्ग पथका विन्दास यात्राहरूमा।

कल कल गर्ने पानीले
तल तल झर्ने जुनलाई
अँगालोमा बेरिरहेका बेला
धर्तीका लाभाहरू छरिएथे
मानिसका मन त्यसै भरिएथे।

स्वर्ग पथमा हिंडिरहेका
मानिसका जीवनका हबेली
हल्ला गरिरहेथे पहाडसँग रूझेर
स्वर्ण चन्दनका रजस्वलामा।
बगिरहेथे बगिरहेथे सुनका फाल्साहरू
कहाली लागेर सागरका प्रेमकथाहरूमा।

सायद सलामी थामेर आँगनतिर
पखालिंदो हो सूर्यका रौरब जलनहरू
जति शीतल देखिए पनि मानिसहरू
जलिरहेथे भित्र भित्र।

स्वर्ग पथका पाइलाहरूमा
अटाइ नअटाइ कुण्ठित दौडानसँग
जुन पनि ढाँटिरहेथ्यो मानिसको मनलाई
र अल्मलिरहेथ्यो पृथ्वीको अक्षतिर।

## २०) प्रेम पासासँग

मधुरो प्रकाशको ओझेलमा
झोला बोकिरहेथेँ भविश्यको
मेरा साथमा रहेका बहादुरहरू
उक्साइरहेथे विरूध्दका लागि
कडा शब्दमा पासा आइरहेथ्यो
सँगैका पासा बजारिरहेथे खुट्टा
तुफानी शैलीमा हतारिएर लुक्दै।

आगो छुट्ने आकासवाणीका बीच
प्रेम मडारिरहेथ्यो सडकको हल्लाहरूमा
यता प्रेमबहादुर पड्किरहेथे बारूदसँग।

पासा पल्टन खोज्दथ्यो लगभग
पासा उल्टन खोज्दथ्यो सकभर
मेरो पासा लुकिरहेथ्यो बबाल बीच
पासा खेल्नेहरू पासा फ्याकिरहेथे !
पासा बोक्नेहरू पासा बजारिरहेथे !!

एकदिन प्रेम पासासँग हिंडिरहेथेँ
उस्ले पनि पासा हान्दिई त प्रेमको
आँखा तर्थी, नजर बजार्थी म उपर

मैले मेरो पासालाई आँखा सन्काइदिएँ
उस्ले पनि वरबाटै हात हल्लाई दियो,
उ खुत्रुक्क परी अनि मन्दिरतिर लागि।

प्रेम पासा र उस्को गन्तब्य
सायद थियो एउटै लगाबमा

आज भेटेथैँ प्रेम पासालाई अनि
दम्भमा हराएका पासालाई समेत
प्रेमहरूसँग रहेका पासाहरूलाई
डायरीका पानामा निरंकुशहरू
झुण्ड्याइरहेथे कलिला भावले।
आज प्रेम दिवश रे !
प्रेमिहरूमा चढिरहेथ्यो
प्रत्येक पल शून्यताहरू
बाँधिरहेथे आफूले आफैलाई
जङ्गबहादुरका कोर्राहरूमा
लगामका पासामा हराइरहेथ्यो
मेरो खुब मिल्ने प्रेमबहादुर साथी।

वरिपरि त्रास पनि थिएन
अनि सन्त्रास पनि थिएन
थिए त केवल सुस्ताइरहेका
प्रेम पासासँगका अनुरागहरू
डुवानमा परेका एक्ला झारजस्तै !
युध्दमा रहेका छापामारहरूजस्तै !!

## २१) झोलुङ्गे पुलमा हल्लँदा

आरामदायी माया अनि
अप्ठेरा पाइलाहरूका बीचमा
घाँसका भारीहरू लाम लागिरहेथे
मानिसका चरिला स्वरहरूले
दुहाइहरूमा लम्किएर हिंडिरहेथे
पहरालाई सम्झेर मानिसहरू।

क्याराभानका निरन्तर यात्राहरू
साँझ विहान ओहोरदोहोर गर्दथे
हल्लँदै झोलुङ्गे पुलको लज्जामा।

असारे भाकाले थकाइका उभारमा
पुल थै थैमा हल्लिरहन्थ्यो यताउता
मानिसहरू हल्लिरहन्थे जतातता।

मेरो देशका नेताकाजस्तै शीलीमा
कहिले वारि अनि कहिले पारिका
सफारी पार्कको हौदाका मजासँग।

तल नियाल्दै जाँदा धरापहरू देखिन्थे

माथितिर हेर्दै जाँदा खराबहरू भेटिन्थे
दायाँ हेर्यो झुल हल्लिरहन्थे धापको
वायाँ हेर्यो पुल मच्चिरहन्थे चापको
मानिस पनि जस्तैजस्तै रल्लिरहन्थे
जीवनका मजाका लागि दुखको श्रापले।

पारि पुग्थें म पनि, वारि आउँथे ती पनि
हामी सबै हिंडिरहेथ्यौ हल्लने पुलतिर
जिन्दगीमा हल्लने पुलको स्वाद चाखेर।

फराकिलो खोंचमा तनक्क टाँगिएथ्यो
झोलुङ्गे पुलको लमतन्न तारको तुना,
म मातृभूमिको नक्सालाई नियालिरहेथेँ
फन्दामा परेको पुलको नक्सा जस्तै गरी,
हल्लिरहेथेँ नानाथरि बहानाका रूवाइमा।

यता अनि उता पनि आकास थिए
चराहरू उडिरहेथे पुलका माध्यमले
ती हावामा थे बरू हल्लँदैनथे उड्दा
झोलुङ्गे पुलमा भने म हल्लिरहेथेँ
सपनाका दुखित भारीहरू बोकेर।

उभिएको पुल सँगसँगै सपना पनि त
हल्लिरहेथ्यो विना कामका गुजाराले
कोही हल्लाइरहेथे, कोही हल्लिरहेथे

सबै हल्लिरहेथ्यौँ आसपासमा लागेर ।

आहा ! क्या मजा !!
पुलमा हल्लेर सुख पाउन
मान्छेजस्ता सूर्यका प्रकाशहरू
खुट्टा बजारिरहेथे बादलतिर ।

***

## २२) **समयको अक्ष**

सुरतका सत्ताहरू
पल्टिरहेथे थकानहरूमा
थकानहरू घोकिरहेथे जीवनलाई
प्रकृतिको उज्यालो मौसमको छेउ
म घुमिरहेथें मेरा अक्षका वरिपरि
सन्त्रासहरूलाई काखी च्यापेर
खस्कँदो आशाको अभ्याससँग

हरेक मानिसका अभ्यस्त अक्षहरू
घुमिरहेथे तागतका भ्वाइलेनहरूसँग
अनि रूवाइहरू बाफिरहेथे पर परसम्म
पलहरू खोजिरहेथे तृप्तिका आकासलाई
अभाव जोखिरहेथ्यो मानिसका लगावमा
समयको अक्षमा विभत्स चित्रहरू कोरेर !

समयहरू उदाउँथे परिवेशमा
वयहरू अस्ताउँथे निवेशमा
समयका चापहरूमा च्यापिएर
जगत् च्यातिरहेथ्यो मेरो मनलाई
नियाल्थें, हतास हुन्थें उनीहरूदेखि !
चल्दथें, पत्थर बन्थें तिनीहरूदेखि !!

दैनिक अभ्यासका समयहरू
कक्षामा पढिरहेथे मेरा अगाडि
वर्षौंदेखिका अभ्यस्त समयहरू
कुराहरू काटिरहेथे मेरा पछाडि
समय बगिरहेथ्यो, म उभिरहेथैं
म बगिरहेथैं, समय पर पुगिरहेथ्यो
हामी खोज्दैथ्यौं बरोबर बाटोतिर
एक अर्कालाई भेट्न लुकामारी खेलेर ।

जीवन र समयको हरेक छुटेका पलहरूसँग
हारेका सिपाईहरूका निराश मनजस्तै गरी
बा रूनुभयो, आमा रूनुभयो, म पनि रूँदैथैं
समयका थुप्रै चक्रव्यूहका कारागारहरूमा ।

जब डाडाँपारिका बादलहरू उडेर
असिनाका बर्षा गर्दथे समय चक्रमा
म भावित हुन्थैं आक्रोसको र बगिदिन्थैं
पतझटहरूसँगै टाढाटाढा पुग्नलाई भनेर
समय त मेरै अक्षहरूमा नै घुमिरहेथ्यो
तर नियन्त्रणमा थिएन, हिंडिरह्यो उ पनि !

मैले पट्याएको समय थियो त्यो,
अचेल फुस्केर टुक्रा टुक्रा भएथ्यो
माटोका सुगन्धहरू बजारिएथे उता
यता समयका अक्षतिर घोटिरहेथैं
हिमालयको चुचुरामा मेरो नाक !

नाक घटिरहेथ्यो, समय सकिरहेथ्यो
गौरब छोडिदिएँथे समय भन्नेलाई,
समय शान दिइरहेथ्यो अक्ष बदलेर
सिसिफसको श्रापित मांसपिण्ड थैं
मेरा पुर्खाका समयहरू छेउ अचेल !

***

## २३) मुस्कुराइदिंदा

तिम्रो फोटो हेरेँ
अनि मुटु पनि छामेँ
तिम्रो अनुहारमा चम्कने
मौन हँसाइमा फुरूक्क परेँ
मेरा गोडाहरू उफ्रिरहेथे
सगरमाथाको उचाइ भेट्न।

विलापका स्वरका काखहरू थे
मुटुको चाल र आवेग भने भेटिन।

धातुहरू जस्ता कसिला
तिम्रा रूपमा म अङ्ग भर्थें
कठोरभन्दा कठोर जवानीसँग
तिम्रा स्वरूपमा सार खोज्थेँ
तिमी, मलाई हेरेर हराइरहेथ्यौ
म, तिमीलाई देखेर सर्माइरहेथेँ

मेरो प्रेमको भावनाले
भगवान भाकिरहेथ्यो
तिम्रो नजरको कोलाहलले
सौन्दर्य प्रेम राखिरहेथ्यो !

हामी दुनियामा हराइरहेका
सन्दर्भ र मानिसका डमीहरू
प्रेम साटासाट गरिरहेथ्यौ,
चौतारीमा अँगालो हाल्दै
बसिरहेथ्यौ बिना शीर्षकमा।

त्यहाँ तिम्रो मुटु अनि सकल मन
त्यहाँ मेरो हृदय अनि तन्मय मन
हराइरहेथ्यो निष्प्राण भक्तिमा।

तिम्रा गीतहरू नाजवाफ थे
पोखिएथे हजारौं नजरतिर
शीर्षकहरूले बाटोभरि
थोत्रिएथे अल्मलिएर
भाइसाबका खोपीतिर।

मलाई तिमी जसरी घुर्थ्यौ
उसरी नै हरेक बटुवाहरूलाई
घुरिरहन्थ्यौ कामुक आँखाले
भाइसाबहरू तिम्रो पहिरनलाई
खुब नियालिरहेथे, मुसारिरहेथे
तलदेखि माथिसम्म रहेका
भ्रमालु छालाहरूलाई।

ठिङ्ग उभिदिन्थ्यौ सबका लागि
फेसन शोका रङ्गिला जीवनभर।

पहिला तिमी
डमी भएर उभिंदा
म मानिस थिएँ,
अहिले म आफै छु
पलपलमा मुस्कुराइदिंदा
तिमीसँगै बिक्रिका लागि ।

***

## २४) प्रेम दिवसको फूल

'भ्यालेन्टाइन फ्लावर'
उफ !  कति सुन्दर थिए
कागजमा पनि रहन्थे
कागजका पनि सजिन्थे
बजारका टोकरीहरूमा
मौसम कुरेर नाफाका लागि ।

चोक चोकमा प्रेम दिवस थियो
मैनबत्तीका पग्लने थोपाहरू छेउ
जलिरहेथे मैनका जलन शक्तिहरू
अँध्यारा कोठाहरूमा उज्यालिएर
प्रेम साटासाटका लाली पपहरूसँग

फ्लावरको पावरमा च्यापिएको
प्रणय चालामा झस्किरहेथ्यो रात
अनि उभिरहेथ्यो बन्द ढोकाको गजवार
हरेक क्षणका भावमय सुम्सुम्याइमा
कागजका जस्ता खुम्चिएका तस्बीरहरू ।

बाटोभरि प्रेम दिवसका फूलहरू थिए
भँवराहरू पनि घुमिरहेथे अक्ष नजिकै

घाँसका भारीमा गाउँतिर अल्जिरहेथे
मेरा जीवनका प्रेम दिवसका फूलहरू ।

उनलाई पठाएको प्रेम पत्रमा
गुलाफका सजीव फूलहरू थिए
उम्दा भावका उम्दा रोजाइसँग
ओइलिएको जीवनको खोस्टा झैं
बक बक गरेर सुगन्ध दिई रहेथिन
लामो समयको पर्खाइका तरङ्गमा

उनको निराशमय प्रेम दिवस अनि
सडकका प्रेम दिवस बारेको बहसमा
सुकेका कागजका रङ्गिन फूललाई
प्रेम प्रस्तावका लागि अर्को वर्षमा म
प्लाष्टिकका फूलको खेती खोजिरहेथे ।

आजकलका प्रेम दिवसका फूलहरूमा
न सुगन्ध थियो न जीवनको सन्चार,
केवल थिए पार्क अनि रेष्टुराँतिरका
झकिझकाउ रहेर मृतप्राय भएका
भित्तातिर टाँसेका पोष्टरहरू सरह
कोलाजहरूका अनेकौं थुप्रै थुप्राहरू ।

ओइलिएको फूललाई सजाइरहेथे
म प्रेम दिवसको सुन्दर बगैंचामा,
अनि पर्खिरहेथैं उनको प्रेम प्रस्ताव ।

## २५) गँवारको फुर्फुर

म टक्क  उभिएथेँ
उनको अगाडिपट्टि
सैनिक पोजमा हत्पत।

मेरा बा गाउँका जमिन्दार भएका बेला
चाकरहरू लाम लाग्थे सलामी दिन
नोकरहरू लाम लाग्थे बक्सिस लिन
तिनीहरूका दयाका पर्दा सुनिदिन्थे
मेरा बा अनि म, लेखिदिन्थ्यौँ तमसुक !

जब गाउँका उत्सवहरू सजिन्थे
अनेक भाकाका परिधानहरूमा
गँवारहरू फुर्फुर गरिरहन्थे दम्भले
अनि घोकिरहन्थे गँवारका शैलीका
स्वाठ गीताका मुक्त हरफहरूलाई
मेरा बाको इज्जतमा तिनीहरू थिए
इज्जतका सिरानीमा मस्ताइरहेका
हिफाजतका सुरिला कहानी छेउ

छिमेकका वरिपरि दर्शकहरू थिए
देखिरहेथेँ ती गँवारहरूका शैलीलाई

अनि ती घोकिरहेथे लजालु मनद्वारा
शान्ति युध्द बारेका तपस्याहरू ।

फुर्फुर उड्ने पुतलीजस्ता हाउभाउमा
मनहरू उडिरहेथ्यो आकासतिर जस्तै,
टाट्नाको धसिङ्गरेको सुवासहरू पनि
हात झुकिरहेथ्यो, मुन्टो निहुरिरहेथ्यो,
गँवारका पैतालामा टाँसिएका धूलोसँग ।

हँसिलो मुहार अनि
उपलब्धीका जाममा परेका
दङ्गदासतिर मौसमहरू
विन्दासहरूसँग हराइरहेथ्यो
जडभरतका तालिमका स्यालुटहरू

म नमन गर्थें जीवनका करेउलीलाई
हराउँथें ती पो त मानिस रहेछन्
राम्रोसँग जीवन चलाउन जानेका
अनि चन्चल गाउँले हवाई उडानले ।

दम्भ बढिरहेथ्यो, दम घटिरहेथ्यो
फुकेको बेलुनको हावाजस्तै
गँवार मानिसहरूमा ।

ती पृथ्वीजस्ता अटल थिएनन्
अटल जस्ता पृथ्वी थिए !

## २६) सन्चै छ नि !

सपनाका सङ्कल्पहरू
लुकिलुकि हेरिरहेथे आकासमा
साक्षिहरूका अगाडि जनमभर !

रेलका डब्बामा टाँसिए झैं गरेर
आँखाहरू तरिरहेथे छिनछिनमा
साधु विरालोले जस्तै अल्छी नयनका
तिर्मिराइले अनेकौं समयका यादभर !

पहेंला घामका सहरमा उडिरहेथे मौसम
धूलोका चक्करले  मन्दिरका छायाँतर्फ
खुड्किलाहरू ओर्लिरहेथे हतासमा मन
खुड्किलाहरू उक्लिरहेथे हतारमा तन
घण्टहरू बजिरहेथे, कानमा गुन्जिरहेथे
समस्याहरूका अधुरा प्रेमिलका घन।
आकास पनि टाढिरहेथ्यो विन्दासमा
धर्ती फाटिरहेथ्यो जलनको उदासमा !
मानिसहरू खोजिरहेथे मौसमको सुख
अनि पाइलाहरू धापिएथे एक्लै एक्लै
टाढा टाढातिरका सपना तीर्थहरूमा।

बाटो वारिपारि भद्रजनहरू थिए
सोधिरहेथे यात्राका गन्तव्यहरू
नेटोतिर घरिघरि गाउँलेहरू थिए
भेटिरहेथे जात्राका मन्तव्यहरू

परेवाहरू उड्न छाडेथे मचानमा
भँगेराहरू सुत्न छाडेथे निदालमा
छोडेका कर्मका उन्नत अवधिभर

तरपनि समय बगिरहन्थ्यो गतिमा,
पुतली आवेगले होमिन्थ्यो बत्तिमा।

उनीहरू भनिदिन्थे, 'सन्चै छ नि !'
विसन्चोका बतासहरू चलिरहन्थे
यता अभावको ज्वाला बलिरहन्थे
खै शब्दहरू थिएन अनि स्वर पनि,
आजकल क्याराभानका पाइलामा।

अबेरसम्म उडिरहेथे मनका भावहरू
कुनै शान्त मरूभूमिको खोजितर्फ
तपस्याका मठहरूलाई ब्युझाउन।

सायद मलाई पनि सन्चो हुँदो हो
तिनलाई पनि बाटो खुल्दो हो
ईवी गाड्नका लागि।

## २७) सेलिब्रेटीहरूलाई सम्झँदा

पर्दाका बन्धनमा लड्किएका
कपालजस्ता मसिना चमरहरू
हम्किरहेथे सितलताले वरिपरि
म सम्झिरहेथेँ तिनीहरूका अघिअघि
कोमल अनुहारका ऐनाका तस्बीरहरू।

मौसम मौसममा फेरिरहने ऋतुजस्तै
रङ्गिला कलेवरका उफानहरू तिर।

मायाका सौगातहरूमा बर्बराए थे
तिनका कलिला नयनहरूका बजारमा
मयुरका सुन्दर नचाइका साथ उफ्रिएर
छमछमी खुट्टा बजारेर कागको लयमा।

सेलिब्रेटीहरू गाइरहेथे अलापका स्वरहरू
अचेलका सुख्खा मौसमका हवेलीहरूमा
हवेली हल्लिरहेथ्यो, धूँवाहरू सर्किरहेथ्यो
खोकीका लहराहरूमा दुर्गन्धले रछ्यानतिर

पहिरनका आकर्षक सजावटले

सेलिब्रेटीहरूका आदर्शहरूलाई
चपाइरहेथे फुङ्ग उडेका डाँडाहरू
उजाड बनेका मनहरूलाई लिएर
रोइरहेथे निर्झर पाखामा किराहरू
पतझड भएका निश्वासहरू पिएर

अचेल सेलिब्रेटीहरू
लजालु आँखासँग पनि
नाचिरहेथे मैदानतिर
नशालु भाखामा पनि
हाँसिरहेथे दलानतिर
म खोजिरहेथेँ सेलिब्रेटीका,
ब्रुकब्रुक पाइलाका कदमहरू ।

सेलिब्रेटीका स्त्रीलिङ्गी स्वरूपामा
बर्बराइरहेथे मानिसहरू, नेता अनि
नायकका रूपमा अगेनाका डिलभरि !

खुट्टाहरू उफ्रिरहेथे हावाका चालमा
ज्यानहरू मस्किरहेथे धूलोका तालमा

अगाडिका मोवाइलका फोटाहरू
सेलिब्रेटी  भन्थे, हात हल्लाइरहेथे
अनि घुरिरहेथे प्रेम प्रस्ताव बोकेर
म टाढा टाढा भाग्दथेँ त्यसैत्यसै

सेलिब्रेटीका मौसमी प्रेमिलतादेखि

देश हाँसिरहेथ्यो, जनता बाँचिरहेथे
विजनेस चलाइरहेथे सेलिब्रेट निफन्नेहरू
बादलमा देखिएका प्रकाश जस्तै गरी ।

***

## २८) दुवोजस्तै उन्नत

मर्न खुब मन लाग्दथ्यो
मार्न पनि मन लाग्दथ्यो
हरियो दुवो जब पलाउँथ्यो
सिमसिम वर्षाहरूका बीचमा
अनि विरक्त लाग्दथ्यो मौसमदेखि
धूँवाहरूले अत्तालिएर अबोध मन।

धूँवाहरू मौसममा उडिरहेका थे
आकासका बीचमा निकै परसम्म
मेरो प्रश्वासको नलीमा उकुसिएर
युध्दविद्हरू टेवलमा उडाइरहेथे
जहाजका प्रयोगका परिक्षणहरू
म मेरो मन्दिर भत्केको देखेर रून्थे
मनको स्तुप अनि मस्जिद ढलिरहँदा
अनि बारूदले निस्सासिँदै बरालिँदा
मानवतावादको जहर पिएर ढलिदिन्थे।

बगैंचाका कोमल फूललाई लखेटिरहेका
अनि मौलाइरहेका आतङ्कवादी दुवो,
वर्षातका भेलमा खुब सप्रेका देखिन्थे

मौसमहरूका तुवाँलोले फूलहरूलाई
छियाछिया पारेर लछारिरहेका हुन्थे !
त्यहाँ नावालकहरू हराइरहेका हुन्थे !!

चुटिएका कोमल फूलका कोपिलाहरू
बर्बराउँथे मृत्युसम्म, युध्द शिविरदेखि।

ननिको लागेको होस् देश दुनियालाई
निको लागेको होस् धर्मभीरूहरूलाई
निहत्था फूललाई, अनि कोपिलालाई
मानिसहरू जपिरहन्थे शान्ति कामना
सिरियाको सिर्सिरे बतासको धूँवासँग।

आदर्शहरू हराएका अनि सेलाएका
ईशुहरूले बचाइदिन्थे बालकहरूलाई
इनामहरूको प्याकेजमा सहृदयताहरू
भोकमरी अनि पीडाका जलनमा हरपल !

दुवोजस्तै मौलाउने बालकहरूका छटनी
अनि आस्थामा भइरहने कटनीका बीचमा
म प्रार्थना गरिरहेथेँ मेरा साहेबलाई
बोल्न नसकेर फुस्स फुस्स स्वरमा

मेरो बगैंचाको दुवोले पनि
मच्चाइरहेथ्यो आतङ्क !

## २९) रून छोडिदेउ बरू !

महाभारत कालका
विदुरजस्ता देखिने
यी महान दर्दन पथिक
विवश युध्दरतिका बेला
अनि अर्तिहरू र अवसर,
ज्ञान एवं विवेक पतनका पलसँग
सन्त्रास यात्रामा थिए सिर्सिरे बताससँग
सिरियाको कत्लेआम नरसंहारका बेला

अघिअघि बालकको कुम्लो
पछिपछि बारूदको धूँवाका
लप्काहरूमा फटाफट कोलाहल
चलिरहेथ्यो तिनको बगेको आँशु
पिपासुहरूको धीतहरूतिर साँझमा

साँझमा न आवाद थ्यो न निर्वाद
निहत्था मजवुरीमा लम्किरहेथ्यो
विभत्स दृश्यका सामुन्ने मृतात्मा
प्रश्वासका अनेक धडकनहरू छेउ
विवश युध्दको व्याख्या गरिरहेथे
प्रत्येक पलका थकित पाइलाहरू ।

ईसाइका रथहरू उफ्रिरहेथे
मुस्लिमका तीर्थहरू जलिरहेथे
यतिबेला बुध्द पनि थकित थे
शान्ति छर्न सिरियाका भूमिमा।

हिन्दूका शान्ति मन्त्रहरू पनि
निष्प्रभावि बनिदिन्थे मानव धर्मका
पादरीहरू चिच्याइरहेथे चर्चहरूमा
मुस्लिमका रजस्वला धर्म र बुर्कासँग।

चिमोटी हेर तिम्रो मुटुहरूलाई
विभत्स नाबालकका मृतमुद्रालाई
अनि फर्केर हेर मानवतावादका
हृदयमा प्वाल परेका ढोंगहरूलाई
पल्टाएर राख बालकका छालाहरू
तिम्रो दराजमा अटुन्जेल पत्रैपत्रमा,
तिमी पनि त एकदिन बालक थियौ।

हारेका मष्तिस्क अनि जितेका मन
इगोमा नाचिरहेथे स्वार्थमा
बालकहरू हारिरहेथे
अबोध जीवन !

निहत्थाहरू प्रताडित थे
मरेकाहरू जलिरहेथे बारूदमा

महाभारतको विदुरझैं असल पात्र
दुर्योधनको लास बोकेर हिंडिरहेथे
सिरिया र वरपरको देशावर तिर !

प्रत्येक पाइलामा दन्किरहेथ्यो
"जननी जन्मभूमिश्च ....... ! " को
अदम्य शाहसको मलिन राग !

***

## ३०) इन्काउण्टर तेल

भित्तामा तन्द्रङ्ग अडिएका
तस्वीरहरू गिज्याइरहेथे वर्षौंदेखि
ध्वाँसोले लत्पतिएका दलिनका छेउ
दलिनका खाँवाहरू ठिङ्ग उभिएथे
चिसो न चिसो तेलका कुवाहरूतिर
तेल उम्लिरहेथ्यो, भेल छुटिरहेथ्यो
हतियार निर्माणका कारखानासम्म ।

आस्था अनि सम्पदाका चैतन्यमा
आफैउपर आँखा अगाडि बगिरहेथे
कैला नजरका आँशुजस्ता झेली मन ।

उहिलेको कथा थियो नजिकै उभिएको
अहिलेको व्यथा थियो इन्काउण्टरको,
तेलहरू बगिरहेहेथ्यो पाखाभरि पेट्रोल
अनि डिजेलको सुगन्धमय वासना
पश्चिमको जङ्गलका पाखाहरूतिर ।

'आतङ्कवाद' एउटा ट्याग थियो !
सोझाका लागि थियो, कहिलेकाँही
अनि थियो जातीयतावादीहरूसम्म

विद्रोही हुनु मार्नु थियो स्वार्थका लागि
विद्रोही हुनु मर्नु थियो ठूलाका अगाडि
मानव हृदयबाट पग्लेका विभत्सताभरि

सानाको सम्पति ठूलाको आपत्ति
बनिदिँदोरहेछ इन्काउण्टर तेल !
अशक्तको धनमा पनि पर्दोरहेछ
बम बारूद र गोलाको बार्डिङ खेल !

म पनि हिमालयको सानो कुनामा थे
बरोबर काँपिरहेथे उर्जा अनि औषधि,
सौन्दर्य र सामरिक महत्वका भण्डारबीच
तेल मोलिरहेथे इन्काउण्टरका लागि अचेल
जल प्रवाहका सशक्त अनुमतिहरू छेउ।

नाबालकहरू पढिरहेथे मेरा छेउ
सानाहरूको पीडा अनि दोष
मुक्त हुने असल सूत्र !

यता म होली खेलिरहेथैं रङ्गमा,
उता होली चलिरहेथ्यो रगतमा,
हामी जलिरहेथ्यौ रङिगला धूँवासँग !

चराहरू बस्न नसकेर
बत्तासिरहेथे आकासतिर
समृध्द शान्ति खोज्न
प्रदुषणदेखि धेरैधेरै माथिसम्म !

## ३१) होलीको हल्ला

एक मुठी रगत
एक फाल्सा रङ
अनि हातमा बारूदजस्ता
काला ध्वाँसाहरू लिएर
म होलिकालाई भेट्न
सिरियाको मैदानमा हिंडिरहेथैँ
सिरियालीहरू रौरब कुण्डमा
सेता चूनका छाराहरूसँग हराइरहेथे
होलिकाको तपस्या उत्सवहरूमा ।

यता केटाकेटीहरू पिचिका चलाइरहेथे
हावापानीका फोहोराहरूलाई सडकमा
उता केटाकेटीहरू लासमा चढाइरहेथे
सेतो पछेउरामा पीडाको जलन मन !

मेरो मन्दिरका अगाडि चकचक गर्ने
बालकहरू अनि युध्दका सन्त्रासमा
आतङ्कित दर्दनाहरूमा अत्तालिएर,
दुवैतिर होलीको रङ्गिला चटारोहरूमा ।

कतिले होलीलाई उत्सवमा बदले
मैले पनि सिरियालाई उत्सवमा देखें
यता नाचिरहेथे मस्ताना होली गीत
उता चलिरहेथे मस्ताना गोली जीत
भत्किएका घरका पर्खाल अनि चेपमा।

थिचिएका अनुहारसँग कराइरहेथे
याचना गरिरहेथे होलीको चिराग,
छटपटिएका  अमृत श्वासहरूसँग।

आमा थिएनन् अनि बाबु पनि थिएनन्
थिएनन् होस हवासहरू पनि हतारमा
आकासमा घुमिरहेका क्षेप्यास्त्रहरू
शङ्ख फुकिन्थे बारम्बार मेरो कानमा
हातका रङहरू बदलिन्थ्यो रगतमा
उठाउनेहरू जलेथे आगोका लप्काले !
जुटाउनेहरू गलेथे लाभाका तप्काले !!

उजाड बस्तीका धूलोहरूतिर
होलिकालाई पुरिरहेथैं खाडलमा
हातमा लागेको रगत पुछिरहेथैं
तिनका अनुहार अनि सफेद बस्त्रमा

राष्ट्रसंघको निर्णायक वार्ता कुरिरहेथैं
मिसाइल्सहरू उडिरहेको देखेर आकासमा

रगत र रङ साटिरहेथे मेरो अनुहारभरि
केटाकेटीहरूलाई होली बन्द गर्न
चिच्याइरहेथेँ झ्यालबाट।

रगत बगाइदिने यावत सर्तमा
अझै हल्ला गरिरहेथे होलिकासँग
मानव विरोधी जवानहरू !
मेरो ‘भारी अनि भरिया कर्म’ मैसँग थियो
उकाली ओरालीभरको हिंडाइमा !

***

## ३२) बोक्सी बकाउँदा

गोप्य मन्त्रणामा
कानहरू फुकिरहने
यन्त्रणाहरू दिइरहने
अनि मनोरोगीहरूले
निर्घात कुटिनेहरूलाई अचेल
बोक्सी भनिने रहेछ धामीहरूको माझमा !
ईविहरू अचेल साटिएछन् हरेक साँझमा !!

साँझको धमिलो उज्यालोमा विरामी थे
मानिसहरूको रमिते भीडमा हरेक साल
सल्लाघारीका तरूना बैंस अनि जवानीसँग।
जवानहरू मैमत्तताले ताली पिटिरहेथे नाङ्गै
दिवानीहरू हराइरहेथे बोक्सीको आरोपसँग
जगल्टा फिंजाएर लाज ढाक्न आँगनहरूतिर।

समाज थे त्यहाँ मानिसका
मानिसजस्ता थिएनन् विचार
विचार शून्य मस्तिष्कहरूसँग
ओल्छिएथे नानाभाँती शब्दहरूले
विभत्स रूपहरूले सार सल्किरहन्थ्यो

सारविहीन बनिदिन्थे बोक्सी स्वरूपा !
भारविहीन रहिदिन्थे झाँक्री हजुर बा !!

विगतका टुटेफुटेका ईविहरूतिर
उन्मत्त सल्किएको ऐश्वर्य जोशमा
सिस्नोपानी लागिरहेथ्यो झ्यामझ्याम
गरिबका छाला उपर अनि छुवाछुतले।

म बोक्सी बकाइरहेथेँ
देश देशका बोक्सीहरूलाई
उनीहरू बकिरहेथे अण्ठसण्ठ
दूधिला बच्चाहरूका छेउतिर
लैना आमाहरूका छातीमा चिथोरेर
अभागीहरूका नामले बोक्सी रूपले।
बकिरहेका बोक्सीहरू
कामिरहेथे हिमाली चिसोको हिउँले
नाचिरहेका धामीहरू धकिरहेथे वर
झाँक्रीहरू अक्षता उफारिरहेथे पर
अन्धविश्वासको नामले संकीर्ण घारीमा।

मुलुकी ऐन, मानवअधिकार अनि
कानूनका प्रस्तावहरू चलिरहेथे
बहसका टेवलहरूमा खुट्टा बजारेर
सेवा अनि सुविधाका लागि लस्करै।

मेरो समाज थ्यो त्रेता अनि द्वापर युगको
पढिरहेथे सत्य युगको बृहत कथासारहरू
भोगिरहेथे मानिसहरू कलियुगको चेतनाले
ढोलक बजाउँदै साँझविहानका चैते बतासले

मन्त्रहरू गुन्जिरहन्थे देवालयहरूमा टोलाएर
गुरूहरू  उफ्रिरहेथे शौचालयहरूमा खेलाएर
आगो सल्किरहन्थ्यो बोक्सीहरूलाई
भोकाएर चपाउन मन लाग्दथ्यो चपचप
आँशु पिइरहेथे घटघटी बोक्सीहरूका
आधुनिक मेरो समाजका अनेक बोक्सीहरू
धामीहरू लुटिरहेथे मानिसहरूको बस्त्र
झाँक्रीहरू चुटिरहेथे तिनको कोमल गाला।

बोक्सी बकाउँदा बकाउँदा म हैरान थेँ
समाज हाँसिरहेथ्यो उदाङ्गो नश्लमा
अहिलेका उकालोहरू झन कठिन थ्यो
दिनरातको भरियाको गहुङ्गो भारी

बकिरहेथेँ, बकाइरहेँथेँ मेरो कम्मरको
बुटि समातेर तिता न तिता कथा व्यथाहरू
एक्लै एक्लै थेँ, सुनिदिने को थियो र ?
बोक्सीको नाममा बकिरहेँ झाँक्रा फिंजेर !

***

## ३३) रगत छाप

सिन्दुरजस्ता राता
अगेनाजस्ता ताता
रगतका छापहरू थिए
ढुङ्गामा कपिएर रहेका
अविश्वासका पाइलाहरू ।

युध्दका तरवारमा लेपिएका रगत
अनि योनीमा देखिएका रगतहरूमा
के फरक थियो र दुश्मनको आँखामा
आँखाहरू तरिरहन्थे पापी मनहरू
अन्कनाइ अन्कनाइ  आफन्तहरू छेउ ।

मानिसहरू मेटिरहेथे रगतले आफ्नो लत
छेकिरहेथे वैभवको बाटोका जगल्टाहरूलाई
जगल्टाहरू झुण्डिरहेथे ओभानो दोभानतिर
मनहरू मजाक हेर्दथे, अमनहरू बजार घुम्दथे
सुइरोमा उनिएका आला रगतहरूमा अचेल !

भोकै थे, लत कुलतका नजरानेहरू
चोकै थे, ब्रत सुब्रतका  फरमानेहरू

बुध्दुका अभागका दुखित मालाभर
चढ्थे जमानी गलामा गालाका थप्पड
आग्रह आइरहन्थ्यो, विग्रह गइरहन्थ्यो
उज्यालो निंद्राभर, अँध्यारो सपनाभर !!

रगत छापको योङ्गस्टार
उसैउसै लुसुक्क आउँथ्यो
त्यसैत्यसै खुसुक्क जान्थ्यो
पागल बस्तीका मानिसछेउ ।

बन्धक बनेको रगत छापले
न उसलाई शान्ति मिल्थ्यो
न देशमा उभिएकालाई पनि
नक्साहरू विभाजित भइरहेथे
चिसा आँखाका आँशुमा दोब्रिएर
म कराइरहेथेँ उसलाई अनि चाललाई
चालहरू योनीको रगतमा लत्पतिएर
बौलाहा बनिरहेथे तरबारका नाममा

सुन्दर शान्त मेरो मन हराइरहेथ्यो
अकर्मण्डताका बीचमा हावाहुरी साथ !
रगतहरू बगिरहेथे, 'नदी नाला' अनि
टुनामुनाका जादुगरी अक्षहरू तिर !

छाप थियो रगतको

अनि छाप थियो फगतको
रगताम्य चेतका कुण्ठाहरूमा
जगाइरहेका मानिसहरू बीच

युध्द शिविरमा हराइएका थिए
मुसलमान्नीका बुर्काहरू सरह
चियाइरहेथे पख्लासको 'आँखा !'

***

## ३४) लभ स्टोरी

एकादेशका एउटा राजकुमार
अर्कै देशकी अर्कै राजकुमारी
लभ गरिरहेथे, लामो न लामो
चित्कारहरू बटुलेर कुनाकुनीतिर
अल्लारेका मनमुटु छेउका किनारमा
किनाराहरू फरक थे हिडाइका पनि
किनाराहरू खराव थे बुझाइका अनि
मरूभूमिका बालुवाका पसिनाजस्ता।

लभ स्टोरीका क्षतविक्षत घाउहरूसँग
मुटु कामिरहन्थे सपनाका भर्याङभरि
राजकुमारहरूका चिसा ओछ्यानमा
राजकुमारी अठ्याउँथिन मुटुको टुक्रा
र शयर गर्थिन आनन्दको चन्द्र भ्रमण

तिनीहरू नातामा एउटै थिए
रगतमा पनि एउटै थिए विगतदेखि
आस्थामा हराएका  तिनका सरमहरू
खोजिरहेथे संस्कारहरूका आकासमा
हराइरहेका धूलोजस्तै जिन्दगीका कण।

मानिसको मन पागल बनिदिन्थ्यो
राजकुमारका अभिलाषाले अचेल,
मानिसको मन विराग भइदिन्थ्यो
राजकुमारीका दवावले हरेक पल।

एकादेशका राजकुमारले जस्तै
एकादेशकी राजकुमारीले जस्तै
मुटु भाँचिरहेथे अल्लारे उत्सवमा
प्लाष्टिकका घोडा चढेर टाढासम्म
निर्मल तनाव अनि दुर्बल समय गतिले,
पृथ्वीको अक्ष वरिपरिका प्रकाशहरू।

घोडा चाहेर पनि हिंड्दैन थियो
उनीहरूको आकासको बादल
गोडा पाएर पनि चल्दैन थियो
तिनीहरूका आशाका पत्थरहरू
आफ्नो आफ्नो देशको मैदानमा।

हाँस्थे ती, कराउँथे  बेढङ्गले बजारमा
आगो थ्यो, पानी परेपछि हराउँथ्यो
कता कता हुरिसँग पर परसम्म उसै
दवाव दिइरहेथे त्यसै त्यसै आजकल
सकुनीका तालमा मेरो हृदयलाई समेत !

ए !  राजकुमार तिम्रो जिन्दगी बिना

मेरो देशका जनता बाँच्न सक्दैनन्
देशलाई बचायौ भने मात्रै तिमी रहन्छौ
राजकुमारी भन्नु त फगत सौन्दर्य न हो,
तिम्रो प्रेमिल जीवनमा लिला न हो
भ्रमलाई लल्कारे लभ स्टोरी नलेख।

एकादेशका राजकुमार !
अनि एकादेशकी राजकुमारी !
तिमीहरूको रगत कोट्याइ हेर त,
दुवैको नसामा तिम्रो वंशको
रगत बगिरहेछ जोड जोडले
वंश भन्नु तिमीहरूको लभ स्टोरी हैन,
हुनै सक्दैन, केवल अभिशापको बाटो।

स्टोरी सत्यानास हुनु हुँदैन सबैको !

***

## ३५) उदाङ्गिँदा

चुपचाप चुपचाप बेखबर
मेरा मनहरू भने आकासका
चराझैँ उडिरहुँ जस्तै लाग्थे
आजीवन खुशीका मौसमसँग !
मौसमहरू बदलिन्थे ऋतुहरूमा
उनीहरू आइरहन्थे अनि गइरहन्थे
नियमित गतिका गतिशील गतिसँग।

छोपिएका मैला पतिङ्गरहरू
जब उड्थे चुपचाप तपस्वीका छेउ
उनीहरू हल्लाउँथे स्वर्गका पयरलाई
र सँगसँगै उडिरहन्थे बत्तासिएर।

बतास न हो ऋतु परिवर्तनहरूसँग
आइरहन्थ्यो बेलाबेला उडाइरहन्थो
उनीहरूका खेलाँची मनका ज्वारहरू।
सतिसालका रूखहरू सहनशील थे
देखिएका होलान हिमपातमा पनि नि
त्यसै त्यसै जब्बरले उभिएर बाँचेका
चुपचाप मनका चुपचाप भावहरूसँग

तपस्या त मनको न हो तपस्वीहरूको
बर्बरताले लखेटिरहेका कोलाहल बीच

सास्तीहरूसँग बाँच्नु पनि त बाँच्नु थ्यो
जिन्दगीका प्रत्येक पल्टिएका पानाभरि
तन्मयताले हल्लिन्थ्यो भ्रमहरूको धरा।

जब मनहरू उदाङ्गिन्थे
अनि मौसमहरू बाङ्गिन्थे
नाजवाफ, नाजवाफ सुषुप्तताहरू
रोइरहन्थे पीडाले चिच्याइचिच्याई
र, छटपटाइरहन्थे बेसरमले घरिघरि
आफ्ना बहादुरीका अलापहरूसँग।

जीवनको मौसम पनि मौसम रहिदिन्थ्यो
आँगनका सन्नाटाहरूका डबलीहरू छेउ
ओहोरदोहोर गरिरहन्थे छटपटिएर पुतली
पुतलीका झरेका विषहरू लत्पतिएर चेहरा
हाँसिरहन्थ्यो उदाङ्गो भएर बाटो बाटोमा।

निराशाहरू उदाङ्गिन्थे
आशाहरू फर्मान जारी गर्दथे
मानिसहरू आततायी सन्नाटाहरूसँग
तपस्याको रचना गरिरहेका हुन्थे अचेल

उदाङ्गिएका जब्बरहरू
खोजिरहेथे सडक पेटीहरूमा
दुखद अन्त्यको अन्तिम शिक्षा !
भिक्षुहरू भग्न तपस्याहरूको
छेउछाउमा रहेर कोरलिरहेथे
हीनताबोधका अनेक चल्लाहरू

चल्लाहरू पनि त उदाङ्गिएका हुन्
सायद मौसमको चापले ।

***

## ३६) खसार्य ज्वाला

प्राचीन पौराणिक कथाका
खस अनि आर्यहरू जलिरहेथे
आजकलका दुन्दुभी च्याप्टरहरूमा
खस अनि आर्यहरू मरिरहेथे
हल्लाखल्लाका ग्याँस च्याम्बरहरूले
लुट्नेहरू लुटिरहेथे एकतमासमा
अनेकौं बहानाका प्राप्त सुविधाहरू बीच।

खस ! आर्य !! ब्रह्म !!!
यिनीहरू मरिरहन चाहन्थे
शालिनताले आफैमा च्यापिएर
भद्रताले आशिषका मालाहरू पहिराउँथे
चुपचाप चुपचाप आरिसेहरूका मनलाई,
प्राचीनतम शैलीका शिष्ट सदाचारहरूले !

अनार्यहरू !
तिमीहरू मार्न चाहन्छौ ?
वदनाम गरेर यिनीहरूलाई समाजमा।
जनजातिहरू !
आत्मतुष्टीहरू मेट्न चाहन्छौ ?

हदनाम गरेर यिनीहरूलाई समाजमा
ठुङ्न चाहन्छौ भने ठुङ
तिमीहरूका पटबुध्दिका पत्रहरूलाई
र, बाटो लाग आरिसका यात्रासम्म।
भेट्टाओ आरिसको गहिरो जड
अनि नक्कली दम्भको खाडल !

सायद भेट्टाउने थ्यौ होला त्यहाँ
तिमीहरूको जुकामका अमृत फल !

सोच, गम्भीर भएर सोंच !
खस अनि आर्य औ ब्रहमका
प्रलापको जलन आकासतिर लाग्नेछ
मुठा परेर तिमीहरूका चिताका लागि।

म नास्तिक थिएँ कुनैबेला
जब म फाँसीमा चढ्दै गएथैं
खस आर्यको रौरब कुण्डमा
आस्तिकहरूको गर्धन देख्दथैं
र, जातीय हिंसाको ज्वाला बोक्थैं,
एकपल प्राचीन सत्य प्रमाणित गर्न।

आस्था मान्नु र आस्थाले बाँच्नु पनि
फरक फरक हुँदोरहेछ यो जमानामा !
सबैभन्दा चर्को रागमा राग पर्नु पनि
अलगअलग हुँदोरहेछ यो जमानामा !!

वर्षौंदेखि भोकाएकाहरू टन्न थिए
वर्षौंदेखि हराएकाहरू उन्मत्त थे
मेरो पुर्खाको टुप्पीमा हल्लिरहेथ्यो,
आवाराहरूको भोकको जन्तरमाला।

समाप्त पार्छौ भने
निमिट्यान्न देख्छौ भने
तिमीहरूको युध्द स्वीकार छ।
हामी तिम्रो लल्कारहरूलाई
धर्मयुध्दमा परिणत गरिदिनेछौँ
र, तिम्रो इशु, अल्लाह, बुध्द अनि
यस्तै उनका हराम चेलाहरूलाई
त पछि सजाति विजातिहरूलाई
सोधिरहनेछौँ खस आर्यहरूको
पहिचान कसरी थाहा पाएनौ।

समाजका उल्लुहरू
व्यापार गर्थे अचेल त
मेरो शङ्खको सुन्दर ध्वनिलाई।
म खस थिएँ
म आर्य थिएँ
म ब्राह्मण थिएँ
तर पो शालीन भएँ !

***

## ३७) हेर्दाहेर्दै मानिसहरू

हेर्दाहेर्दै कुखुराका भालेहरू
समयसँगै ढलिसकेका हुन्थे
बहँदाबहँदै प्रभाती किरणहरू
आफै चितामा जलिसकेका हुन्थे
र, पर्वतका तुवाँलोसँगै उदाएका
अररो मनहरू पनि सायन कालमा
अचेल तेसै तसै बर्बराएका हुन्थे।

देख्दादेख्दै तमाम मानिसहरू
घुमिरहेथे घुर्मानीको छेउछाउ
अँगालो मारेर समय चक्करमा।

पग्लिएका बरफहरू जीवनबाट
झर्दथे तप्प तप्प सिमसारभरि
ठिङ्ग उभिएका थुपीहरू पनि
विरानो बैंसमा रहरले मात्तिदै
ढुङ्गाका कापमा हराएका हुन्थे

जलिजलि उठेका स्वप्निल उचाइतिर
डढाइरहेका हुन्थे पत्थर कोइलाको राप
भट्टाको भूङ्ग्रोमा मातिने प्रयासहरूले।

जुरूक्क अनि फुरूङ्ग पर्ने डाँकवाला
प्रत्येक जोर विहानीमा चिल्लाउँथ्यो
घरिघरिको असिंदोमा पिल्पिलाउँथ्यो
हरेक ऐंठनहरू हराइरहेका हुन्थे सप्रमाणमा
प्रत्येक पाइलाहरू बिलाएका हुन्थे निर्माणमा
उठबस गरेर रहेका अभावहरूका समाजतिर।

म पहिल्याउँदै वेद सुन्थैं
खोट्याउँदै पुराण र त्रिपिटक पढ्थैं
बुझ्दै बाइवल अनि कुरान भन्थैं
जिन्दगीको सच्चाइमा मन रोएथ्यो
दिलको दुखाइमा अमनले छोएथ्यो
अन्तिम प्रश्नहरूमा नाजवाफ रहैं
रवाफै रवाफमा केवल नवाव थैं।

हेर्दाहेर्दै मानिसहरू
लुसुक्क लुसुक्क भाग्दथे
जलेको जीवनको सलेदोदेखि।

सलेदो जलिरहन्थ्यो
दियालो बलिरहन्थ्यो
दियोलाई पीडामा लिएर
जलनमा उम्लिएका तेलजस्तै
मानिस अनि मानिसहरू।

कविगोष्ठीका प्रत्येक प्रहरतिर
जल्नेहरू हिंडिरहेका हुन्थे
हिंड्नेहरू जलिरहेका हुन्थे
कविता वाचनका समयपछि।

बस्नेहरू अलमल गरिरहन्थे अचेल !

***

## ३८) चैते तुवाँलो

असङ्ख्य असङ्ख्य गर्मीका
प्रलापहरू बीच चुहिएका पसिनाहरू
आकासका प्रतिबिम्बमा झुम्मिरहेथे
तुवाँलोसँग टाँस्सिएर चैते हुरिहरूमा
तुवाँलो लागेका परिदृश्यहरू लुकिरहेथे
मेरा मनका अन्तरतिर उनका चन्चलताहरू
आँखाहरू धमिला न धमिला हुन्थे टाढा
अधरहरू अमिला न अमिला हुन्थे साँढा ।

उचाइ जतिजति अग्लिदै जान्थ्यो
बेजोड बेजोडका धमिला मौसममा
चैतका बैंसालु वसन्तहरू चरिरहन्थे
उल्का उल्काका आकाङ्क्षित नजरले !

शुष्क वायुका वाफिला पतिङ्गरसँग
बत्ताइरहेथ्यो आशामा जिन्दगीका घन
चैतका सुषुप्त पसिनामा निलो गगनतिर ।

प्रकृतिमा जस्तै मानिसहरूमा लाग्ने
चैते तुवाँलोका अभ्यासमा लस्कर थे
ढलेका धरोधर अनि मरेका संस्कारहरू

धुवाइरहेको चिताको आगो सरहका
प्रलापहरूलाई पछ्याउँदै जिन्दगी।

पर हेर्दथेँ, देख्दैनथेँ चैते तुवाँलोमा तिनलाई
अस्तव्यस्त सन्दर्भका पालुवाहरू पनि थे
निस्ताउँदै सुकिरहेका मस्त हावाहरूसँग।

मनोयोगीहरू आशा पालिरहेथे
चैतको उर्लंदो यौन उन्मादहरूमा
आफूलाई उत्सर्गमा पालेर झ्यालतिर
हेरिरहेथे काउकुतीले बेहोसी दिल !

म खोपिरहेथेँ पत्थरलाई हम्बरले
धूलो उडाउँदै बाइरोडको बाटोमा !
बाइरोडको बाटोमा पनि चैते मन अनि
चैते वनहरू पनि फुलिरहेथे तुवाँलोले
तुवाँलोले ढाकेको बस्तीमा आफूलाई
बेचिरहेथे चैते चल्लाका घारिहरू।

सप्तरङ्गी सौन्दर्य छेकिरहेका
जीवनका तुवाँलोका कणहरूलाई
इन्द्रेणीहरू खोजिरहेथे कन्चन मुहार
निश्चल आकासमा लुकिरहेथे अनुहार

अचेल चैते तुवाँलोमा लुकिरहेथे
बैंसालुहरूका क्रिडाका हुरीहरू।

## ३९) गोताखोरको अग्नी परीक्षा

किलामा टाँगेको तस्वीरले
त्यसै जिस्क्याउँदै भनिरहन्थ्यो,
तँ गोताखोर होस्, काँतर गोताखोर !

म त्यो तस्वीरलाई खुब हेर्दथेँ
र, भावुक भएर अनुहार मुसाथेँ
गोडामा छामछाम छुमछुम गर्थें
उसका आँखाका आँशु झर्दथे
मेरा हत्केलाका पर परसम्म ।

नदीका बहावजस्ता आँशुले
गोताखोरको मन पल्टिन्थ्यो
कलिलो घामको प्रकाशहरूले
र, स्वयम्मा चकित परिरहन्थ्यो
आफ्ना शाहसका कथाहरूसँग ।
उस्ले त्यो तस्वीरलाई
नदीका बहावका गहिराइमा
भेट्टाएको भन्थ्यो गोताखोर
आफ्नो जिन्दगीको उपलब्धी ।

दुर्घटनाका अनेकन रात विरात
हराएका मानिसहरूलाई गोताखोर
खोजिरहन्थ्यो मायाले माटोमा जस्तै
मानिसहरू मरेका हुन्थे जताततै ।
त्यहाँ पानी बगिरहन्थ्यो चिसिएर
त्यहाँ ढुङ्गाहरू छेकिरहेका हुन्थे
मानिसका जीवनलाई ठिङ्ग उभिएर ।

बाटो थ्यो, माटैमाटो थ्यो दूनका दलानमा
मानिस बोक्ने गाडिजस्तै बोकिरहेथे त्यता
पानीजस्तै बगिरहने तेलका ट्याङ्करहरू
भावरहरू भौँतारिरहेथे लालसाले कतैकतै
जब दुर्घटनाको आगो दन्क्यो आहालमा
मानिसहरू जलिरहेथे माटोको धूँवामा ।

तस्वीरहरू तैरिरहेथे बाङ्गाटिङ्गा लासमा
डडेलोहरू सल्किएको सल्कियै भइरहन्थ्यो

गोताखोरको अग्नी परीक्षा चलि नै रहन्थ्यो
भयानक दुर्घटनाको खरानीहरूमा सरासर !

गोताखोर आफूले पाएको तस्वीर
अनि तेलले जलेको दृश्यहरूलाई
हेरिरहन्थ्यो, हेरिरहन्थ्यो प्रयासले ।
त्यहाँ गोताखोरको परीक्षा चलिरहेथ्यो

पेट्रोलको आगो भुलुक्क बलिरहन्थ्यो
पानीमा त सहजै फाल हाल्थ्यो उ पनि
पेट्रोलको भूँवरीमा भागिरहेथ्यो उ पनि

गोताखोरको नजिकै टाँसेको तस्वीरले
जिस्क्याइजिस्क्याई सोधेथ्यो उस्लाई
अरे ! मेरोजस्तै फोटो !!
म जलपरी
तिनीहरू थलपरी
हामी चिहानघारीका आत्मा ।

गोताखोर फेरि परीक्षा दिइरहेथ्यो
मृतात्माहरू हाँसिरहेथे उस्लाई हेरेर
दुर्घटनाहरू शृङ्खलाबध्द थे झन अचेल !
गोताखोर किंमकर्तव्यविमुढ थे यसै पनि !!

(सन्दर्भ : नेपालमा हुने जल दुर्घटना र भारतमा आजै भएको दुखद तेल दुर्घटना बारे ।)

***

## ४०) गुडिया उपहार

सलाईका बट्टाहरू
अनि प्लाष्टिकका झोलाहरू
सडकभरि रूँदै हिंडिरहेका थे
वर्षात्तको खुल्खुले भेलहरूसँग
पथिकहरू क्याच्च कुल्चन्थे
थ्याच्च पछारिन्थे हिलोहरूमा

कुहिएका फोहरहरू सल्बलाइरहेथे
उकुसमुकुस भएर चोक गल्लिहरूतिर
मानिसहरू बकस खोजिरहन्थे सकसमा
कुनै दाताका प्रेमले दयामा झुण्डने झोला।

पहाडका जस्ता अग्ला टाकुराहरूमा
हिउँका जस्तै वाफिला दुर्गन्धे वायुले
सर्माइरहेथे सहरका सभ्यताहरू !
थुम्का थुम्कीमा जोडिने केबुलकारजस्तै
तन्द्रङ्ग लट्किएका प्रदुषित केवलहरू
मच्चाइरहेथे यसपालीका उत्सवहरूलाई
शरद्कालीन दशैंका उपहारमा नगरतिर !

नगरका सुन्दर सभ्य परिवर्तनहरू,
कोलाजमय थियो हाँसोका विषय।

म भौंतारिंदै सडकका प्लाष्टिक बटुल्थैं
अनि नगरका हिमज्यू च्यापज्यूहरूलाई
तर्पण दिन्थैं गुडियाहरूको सानो उपहार

उपहार न हो, गुडिया होस् वा बढिया !
सेल दोकानहरू तेलको धूँवा खारिरहेथे
उपहार लिनेहरू रेलको चक्कर देखेर
फोटोहरू सेल्फीमा टाँसिरहेथे बारबार।

दुब्लाएका मानिसहरू
रोगाएका सहरका बस्तीहरू
हराएका प्रमुख नातागोताहरू
अनि समृध्द सपनाको भारिसँग
जीवनहरू थिचिएर छरिरहेथे
अचेल सिंङ्गमर्मरको सफा चिल्लो
अनि चिप्लो टेक्निकहरूले सजिएका
नयाँ नगर सभ्यताको पहिचानसँग।

सिधै नगर प्रवेश भइरहेथ्यो
बहादुरहरूको तिर्थ यात्राको प्रभाव
मानिसहरू तिर्थेभोजका लागि
बाटो कुरिरहेथे गुडिया उपहार छेउ

उपहारै न हो
दिनेले दिएपछि
लिनेलाई के लाग्छ र ?

सहर बनाउने नगर !

दराजको गुडिया फत्रक्क खस्यो
कोठा फेरी फोहर भयो
कति सफा गर्नु, छ्या !
बगरका गिट्टीजस्तै ।

***

## ४१) हे बरै !

हे बरै ! हे बरै !!
लौ ! बतासहरू उडिजाने
गगनका सारा मौसमलाई
फूलका थुँङ्गा झरिजाने हे बरै !
दिलका टुक्रा जोडि जानेलाई।
जनम जनमका अन्तरतिर झुलेर
लाली गुराँश फुले होलान् त्यहाँ
बाटोभरि काँढाहरू तेर्सिएर !

दुखिहरू मर्दैथिए अरबको धरापमा
लुरेहरू सर्दैथिए  ईश्वरको सरापमा

हे बरै !  हे बरै !!
वर्षौ वर्ष चुहिएका
बगिजाने पसिनाका
आँगनमा डुबिरै थे
डुङ्गाहरू बेतालमा
आँशुहरू ओरालिँदै
मुटुहरू च्याातिंदै थे
छियाछिया तरेलीमा

लाटाहरू लट्ठिएथे सरणको प्रलापमा
बाठाहरू पड्किएथे मरणको अभावमा

हे बरै ! हे बरै !!
मान्छेहरू पीडा रोक्थे
बाँजो जीवन भोगेर !

हे बरै ! हे बरै !!
हामी बाँच्ने देशैभरि
उल्का उल्का हुन्छ भने
माटोमुनि टेक्छौ भने

पाखाहरू भत्किएका मेरै देश राम्रो
भाकाहरू  पल्टिएका मेरै भेष राम्रो

हे बरै ! हे बरै !!
जनम भयो खरबारीमा
मरण भयो घरबारीमा
ल ल ल ल ल ल लल हे बरै !
दुर्भाग्यका आँशु खसाल्दै !

***

## ४२) तिमी प्यादा हौ कि !

बथानका बथान
मानिसहरूका बीचमा
उभिन सक्थ्यौ भने
तिमीलाई प्यादाको सुन्दर
फूल पहिराइ दिन्थे तिम्रो शीरमा

तर तिमी यति परित्यक्त थियौ
आश्रित पनि थुकिरहेका हुन्थे
लुकिलुकी बजारहरूको चोक
अनि गल्लीहरूका कुनाहरूतिर
हराएका तिम्रा स्मृतिका अनन्त
रवाफिलो अभावहरू उपर।
गुडिरहेका हुन्थे तिम्रा सवारीहरूसँग
धूलो उडिरहेका मानमर्दनका पाङ्ग्राहरू।

आजित भएकाहरू चतुर भनिदिन्थे
पराजित भएकाहरू फतुर गनिदिन्थे
छट्पटाइ छट्पटाइ बगिरहेका नालाहरू
तिम्रो आँगनमा चन्चल चलिरहेका हुन्थे
अचेल असिना परिरहेथ्यो काँधमा
र, झगडा चलिरहेथ्यो तिम्रो साँधमा।

काकाकुलका व्यग्रतामा तन्किरहेका
हुरि बतासजस्ता अजीर्ण मौसमहरू
पनि कहिलेकाँही हैरान भएर गगनमा
दोबाटोमा आगो फुकिरहेका हुन्थे
सुद्दी सुधारको अग्रिम प्रतिक्षामा।

टोपीहरू हल्लिरहन्थे देशको
कोटहरू टल्किरहन्थे रोषको
भूँईमान्छेका उदार मनहरूछेउ।
अचेल आँखा सन्काउनेहरू हराएथे
बगरको अप्ठेरो फड्केलोहरू तिर।

प्रतापी सेनाका जमातमा प्यादा !
अरौटे वा नोकर अनि जोकरहरू !!
गाउँहरू बगिरहेथे पहिरोमा पुरिएर
कुराहरू उठिरहेथे गहिरोले थुनिएर
अनेकौं चासोका बीचमा मानिसहरू
प्यादाहरू साटिरहन्थे प्यादाहरूसँग
कर्कलाको शीतका तेजिलो ज्वारजस्तै
अँगारबाट उठेको काला अमिलो वायु।

हो, हो सिपाही थियौ रे हो ? तिमी !
लड् ! भन्थे लडिदियौ इमानको बजारमा
सड् ! भन्थे सडिदियौ बेइमानको नजरमा

खुट्टा जति जम्जमाउँथे प्यादाका
मस्तिष्कहरू पक्षाघातले डराउँथे
बेलाबेला आउँथे तब फेरि हराउँथे
बौलाहा नजरसँगै मझेरीमा कराउँथे !

त्यहाँ सिथिल मानिसका मनोभावनाहरू
दोबाटोमा अन्तै फर्केर हल्ला चलाइरहेथे

अरे ! ऊ ! प्यादा आयो प्यादा भागौँ अब ।

***

## ४३) अतृप्त जलन

स्वागतद्वार पनि अचम्मित थे
आफैसँग तयारीका मालासँग,
फूलहरूका कोमल हृदयहरूले
तड्पिएर सोधिरहेथे बारम्बार
अतिथिहरूका हालचाललाई,
असन्तुष्टहरूका खरानीहरू छेउ
जलन न हो, मनको अतृप्त बहमा
हराइरहेथ्यो आकासको उचाइ !
पलाइरहेथ्यो समृध्दिको सच्चाइ !!

आधाउधि बैंस काटेका नसालुहरू
धतुरो फूलका बासनामा कराएथे
चोक अनि चौतारोहरूका लट्ठामा
टाँसिएका कागजका मर्करीसँग।

दिनभरि मर्करी बल्दथ्यो खम्बामा
रातभरि मर्करी हराउँथ्यो खम्बामा
सायद झुण्डनुथियो, झुण्डदियो मर्करी
छट्टुहरूको आँखा छलेर कुनाकुनामा

तिनको सनम पनि खै ! के सनम
ओरालो ओर्लिरहेका भ्यागुताछेउ
भन्दिन्थ्यौ भने भन आजको खवर
असन्तुष्टहरू जलिरहेछन् विजुलीसँग ।

स्वर सरगमका सहनाइहरू
सुर सुधाका बाँसुरीहरू
ताल त्रितालका तबलाहरू
अचेल भागिरहेथे करेसातिर
ढपक्क लाज छोप्दै गर्खाहरूमा !
पहेंलपुर रहेथे सडकको गट्टा !!

म मात्तिएको मान्छेको गहना बेचिरहेथेँ
उ आत्तिएको मान्छेको लहना किनिरहेथ्यो
जम्काभेटका बेला उठिरहेथे हातका सुसाइ
मानिसहरू फर्किफर्की थुकिरहेथे तिनलाई ।

आधाउधि चम्चाका स्वरहरूले
कान टट्टाइरहेथ्यो छन्द्रङ्ग गरेर
असन्तुष्टहरू धुस्नो बालेर हाँसिरहेथे
जलाउनेहरू भित्रभित्रै आफै जलिरहेथे
अनि पानी खोज्न प्यासले हिंडिरहेथे
टाढा टाढाका भिखारीहरूका मठतिर ।

“आफू त महादेव कस्ले देला र ? वर !“

दुनियाका हकदारहरू छक्क हुन्थे
रात विहानका चिया गफमा।
हल्ला मिश्रित स्वरमा आइरहेथ्यो
चेलीहरूका मूर्छनाका रागहरूसँग
अपदस्तका मलिना ज्वारहरू।

बाटो कुरिरहेकाहरू हराइरहेथे कताकता !
बाटो छेकिरहेकाहरू कराइरहेथे यताउता !!

आधा त बाँकी नै थियो जीवन
झारपात पनि उम्रिरहेथे पाखाहरूभरि,
सिस्नोघारी र वनमाराले डाँडै ढाकेपछि !

***

## ४४) **विन्दास हुनुथ्यो** !

पल पल घर्किरहेका
घामका पाइलाहरूसँग
तिमी हराइरहेथ्यौ अचेल
मेरो सहरको प्रदर्शनीहरूमा
प्रदर्शनीहरू चलिरहेथे विन्दासले
फेसन शोका डिजाइनमा सजिएर।

जमानाका मानिसहरू घुमिरहेथे
र, खोजिरहेथे सांस्कृतिक धरालाई
चिम्से आँखाका साथमा प्रत्येक पल
चराहरू व्याकुल थिए आकासमा,
गुराँशका लालीमा हराएर पाखातिर।

म खोजिरहेथे विन्दासको भावलाई,
तिमी हराएथ्यौ किनाराका चापले
वाह ! तिमी विन्दासमा पऱ्यौ अनि
म हल्लाइदिन्थेँ तिम्रो सफेद जामा
जिन्दगीका हरपलसँग जोडिएका
तृषालु चुपचाप चुपचाप मनलाई।

हिड्दै गर्दा झकासहरू आउँथे

बढ्दै गर्दा बतासहरू धाउँथे
एक्लाएक्लै मन चालिरहन्थ्यो
विन्दाससँग विन्दासको मन।

बाटोभरि खुलेका हरियालीका
पयरहरूले लम्काइरहेथ्यो तन
अनि अड्काइएथ्यो पछ्यौरालाई
काँडाको घाइते वा पागल पल्लाले।

उदास हुनेहरू भागिरहेथे उतातिर
निराश हुनेहरू लागिरहेथे तेतातिर
अलमल अलमलमा तिम्रा यात्राहरू
खेपिरहेथे अभ्यस्त आशाहरूलाई।

आगो बलिरहेथ्यो, पानी परिरहेथ्यो
विन्दासमा थियौ र पो जलिरहेथ्यौ
जल्नु भनेको विवशताको ऐंठन रैछ।

बाँच्ने पनि हुनुथ्यो यस्तै यस्तै
हरपल नियमित आकस्मिकतामा
विन्दास मनले सिमलको भूवाहरूसँगै।

***

## ४५) आजदेखि लागें ।

क्रुर भावनाहरू मसँग होइन
उनीहरूसँगै त्यसै सल्बलाइरहेथे
सहिदहरूका सपनाहरू जस्तै गरी
मोलमोलाईका तन्याकतुनुक रहमा,
आलु बखडाका झरिला फूलहरू
जुलुससँग उभिरहेथे मेरा अगाडि।

'जाउँ जाउँ साथीहरू क्रुरताको विरूध्द !'
मानिसका गोडाहरू पछाडि पछाडि फर्कन्थे
स्वरहरू उच्चउच्च हुँदै अघिअघि घन्कन्थे
सरल तर सोझा मानिसहरू सहिद भइदिन्थे
तरल अनि बोझा मानिसहरू साखुल्ले रहिदिन्थे।

सहिदहरूले हामीलाई हेरिरहेथे विन्दासमा
सहिद दिवसमा प्याज बेचिरहेथे खर्पनमा उनीहरू
सहिदहरू पनि नाङ्गै नाङ्गै थे टाढा टाढासम्म !
तिनका परिवार पनि नाङ्गै रहेथे डाँडा डाँडासम्म !!
आफूलाई बेचिरहेथे शब अनि शालिकहरूसँग
अरे ! अनि सोधिरहेथे आलुको भाउ अनि दररेट।

उतातिर हराएकाहरू लासमा गाडिएथे
परतिर कराएकाहरू त्रासमा सडिएथे
वर वर गराएकाहरू आसमा बसेथे सँगै
उ यतातिरका छन् नि सब उहिले हराएका
अहिले उन्मादले त्यसै त्यसै पर्पराएकाहरू
सहिद दिवसका सिर्जनामा क्रुर थपडीसँग।

समयका चापहरूसँग एउटा मन हराउँथ्यो
शिशिरका फूलहरू जस्तै हिउँदमा झर्दथ्यो
सहिदका लाम लागेका भावनाका फूलहरू
हृदय जल्नु थ्यो जलिरहन्थ्यो आफन्तको
मुटु पोल्नु थ्यो पोलिरहन्थ्यो सामन्तको
सहिदहरू उस्तै थिए उहिलेका र अहिलेका
केवल शालिकमा थिए चोकमा अमुक भएर।

आजकल खुब बोल्थे दौरा सुरूवालहरू
चोक र गल्लीमा सहिदका जस्तै नारामा
आन्दोलनका सहिद, के सहिद थे र ! हौ !!
खासमा यी पो सहिद संसद अनि संघमा।

म बेचिरहेथैं सहिदलाई
किन्तु मेरो स्वार्थका लागि
यसरी नै प्रत्येक वर्ष आओ ल !
सभा समारोहको भव्य अट्टालिकामा !

सायद इतिहास लेख्ने
पाठ सिकेका थियौँ
अब उपहास लेखियो,
सहिदलाई सलाम छ
तिमीहरूलाई सलाम छ
उनीहरूलाई पनि सलाम छ
सलाम छ हजुर ! सलाम छ !!

आजदेखि लागेँ, हजुरलाई सलाम  छ !
आजदेखि जागेँ, महसुरलाई सलाम छ !!
एक्लै एक्लै पृथ्वीको अक्षमा हराउँदै,
अमेजन जोनको उत्खननका खातिर।

***

## ४६) एक घान मकै

हिजो सहिद दिवस अरे !
आज एकघान मकैको भर
हिजो उठिरहेका सहिदका
बुलन्द आवाजहरूसँगै
उकालो उक्ले थेँ तिनीहरूलाई
दर्शन गर्न शान्त वाटिकातर्फ।

मेरा मनका सहिदहरू
बाख्रा चराइरहेथे बुट्यानमा
उनका मनका सहिदहरू
हँसिया उध्याइरहेथे सियाँलमा
तिनका मनका सहिदहरू
मच्चिरहेथे पिङ्जस्तै गरी
माइकका सरोवर ध्वनिसँग

उकालो लागिरहेका बखत
पछिपछि लागिरहेकाहरू
मेरा सहोदरहरू थिए ।
सोधिरहेथे सहिदहरूका
अपच भएका आलो घाउहरू बारे

म उडिरहेथेँ सहिदका सपनाहरूसँग
भव्यताहरूका अटालीहरूमा ।
आलो घाउ चर्याइरहेथ्यो शताब्दीदेखि,
आलु साहु बेचिरहेथे मखमलका बुट्टाहरू ।

निनाउरा जवानहरू थे नजिकै
अस्तित्वका लागि परपर सर्दथे
ओठमा कलेटी, मुहारमा रूझान थे
सब जन जनका नजरका बीच निर ।
उडिरहेका सिमलका भुवाहरू जस्तै
प्रमाणमा पत्तिरहेथे मेरा आफन्तहरू !

खुब चपाइचपाई खाइएका मकैजस्तै
सपनाका सहिदहरू कुरिरहेथे लङ्का
हनुमानहरू जोरले जलाउँथे स्वर्णमहल
आथ्यु ! घान हालेको मकैले पोल्दथ्यो,
मेरो अनि प्रियजनका कन्चटका छाला ।

सहिदहरूका सपनाका स्वादमा
मेरो एकघान मकैका स्वादहरू पनि
विलिन भइदिन्थ्यो एकाएक पर्वहरूमा
पर्वहरू आइरहेथे गइरहेथे पर्म लगाएर
हरेक वर्ष सहिद दिवसहरू उछिट्टिँदै ।

शान्त वातावरणमा हराएका ध्यानहरू

आज जान्छु त सुनसान सुनसान भएर
फुङ्ग उडिरहेथे सहिदका शालिक पनि ।

मैले जसरी मकै चपाएथेँ,
सहिदहरूका पनि त
दाँत कट्कटाइरहेथे,
कठाङ्गिएर तुषारोले,
मकैजस्तै भुटभुटिएर !

अर्को घानका लागि लाली फाटिरहेथ्यो
फेरि सहिदको नक्साका आकार थप्न,
बालुवा माथि हराइरहेथ्यो मेरो सागर छोरो
म खोजिरहेथेँ उस्लाई निरन्तर पाइलामा ।

***

## ४७) आशाहरू जब बदलिन्थे

तुफानीका साथ चलिरहेथे बतास
मेरा कानका जालीमा ठक्कर खाँदै
अमिलो न अमिलो तुषारोहरू सँग।
उज्यालो भोरका तनकमनकमा
म फूलिरहेथेँ जीवनको रङ्गहरू सँगेलेर
खस्रा समाजका लैबरी लैका भाकामा।
सुन्दर अनि सफेद रूपले सजिएर
हर रातको महफिलका सुगन्धसँग।

चिसा न चिसा बतासका सरगममा
बस्त्र तन्काइतन्काई नाचिरहेथेँ म
तिनीहरूका मग्न आनन्दका लागि
सुकोमल चेतनाहरूले लजाउँदै थे
वरिपरि घुमिरहेका वरका गलामा।

माला बनिदिन्थेँ कसैलाई सजाउन
पुष्प बनिदिन्थेँ देवताहरूलाई पुज्न
सुहाउँथेँ साइत अनि सहभागितामा
सबैले चोखो भन्ने अनि छुद्र गनिदिने,
हालतहरू झरिरहन्थे पारिजात भएर

प्रत्येक मिर्मिरे विहानीका शीतहरू सँग
लजाउँदै स्वर्गीय सुरक्षा कवचका सामु ।

जब कोपिला भइदिन्थेँ, उमङ्गिन्थेँ
जब तरूण रहिदिन्थेँ, बैंसालुहरू थे
आउँथे जुनकिरीका उज्यालामा भेट्न
अँधेरी रातको छायाँमा मुस्कुराउँदै
नजरले बोलाइदिन्थेँ युवा वयलाई ।

शीतहरू खुब साउती गर्थे मेरा सामु
प्रितहरू खुब लाउने गर्थे मेरा सामु
बिच्किबिच्की समाजलाई बोलाउँथेँ
साक्षिहरू भनिदिन्थे 'यो त कुमारी छे'
म दङ्ग परिदिन्थेँ र आशा लिएर फेरि
बदलिदिन्थेँ चोखो बनेर हर विहानीसँग ।

सजिने र सजाउनेहरूको द्वन्द्वमा
चलिरहेथ्यो मेरो चोखो सुगन्ध ।

एक रात जन्मन्थेँ, अर्को रात झर्दथेँ
एकदिन भँवराहरू घुमेथे मेरा सामु
अन्तरिक्षको वायुयान जस्तै गरी
म तिनीहरूका लाचार छायाँदेखि
तर्सिएर कराइरहेथेँ पुर्खाको साथले
स्वर्गमा हराएको बयानहरू सुनेर ।

बारबार झरिरहेका
आदर्शहरू थामिरहेथैँ
वायुका हर सँगतहरूसँग
निरन्तर जीवनका पङ्खमा ।

कोइली पनि म जस्तै थियो
फरक यति हो म सेतो थिएँ
उ कालो न कालो अँगारजस्तो
झरिरहेका दुर्वल प्रजननहरूले
सजिएर बदलिएका आशाहरू ।

उम्रिरहने अनि झरिरहने
जन्मिरहने अनि मरिरहने
कुमारी प्रथाका शैलीमा ।

***

## ४८) भावुकताको लत

ओल्टाइ पल्टाइ गर्दै
आफूलाई हारेको देख्ने
महसुर मानिसहरू बजारमा
भावुक लतबाट आजित थे।

महान दाशनिकहरू उनीहरूलाई
बौलाहा  अनि समाजका साँढाहरू
भनिदिन्थे हरसमुदायको व्याख्यामा
र, यन्त्रवत् उभिएका शासकहरूका,
ठाँटबाँटका आदेशका दम्भहरू उपर।

भ्याउरा न भ्याउरा स्वभावहरूमा
शिथिल रगत बगिरहेका भावुकहरू
जोशिला निराशाहरू खुब बजारिरहेथे
हर विहानका घामका पाइलाहरू छेउ
पाइलाहरू घामका थिए र न मेटिरहेथे
तिनीहरूका आशाका पथिकहरू सँग
चक्माहरूमा अल्झिएर जहिले जहिले।

लत लागेका ती मानिसहरूमा

दम्भ थिएन, दम्भ घोकिरहन्थे
धीत मरून्जेल खुब लागिरहन्थे
भ्याइनभ्याई बेखर्ची जीवनका
सयौं तरेलीमा हराउँदै बेसुरले।

एकसुरमा थे तिनका स्वर्गका चेतना
शासनको लतका मानिसहरू पनि थे
उनीहरू हिस्रक हुन्थे, गर्थे बेलाबेला,
बेसुरमा थे तिनका वर्गका सचेतना।

लतसँग पागलका आदर्शहरू थे
पागलसँग अकुचका दर्शहरू थे
शासन चलिरहेथ्यो बजारमा लतको,
कविता बोलिरहेथ्यो बजारमा लतले।

म एकदिन कविगोष्ठीमा पुगेथेँ
उनीहरू निराशा ओकलिरहेथे
अनि आशा घोकिरहेथे जीवनको
आनन्दले श्रृङ्गारका चुबुल्कि मार्दै
शासकहरू दुखित कविहरूका
भावमा सुतिरहेथे सिंहासन छेउ
चर्को गणराज्यको सिरक ओढेर
धृतराष्ट्रको सुन्दर नगरहरू तिर।

युध्दको लत,
भावुकताको लत

अनि शासनको लत
बेचिरहेथ्यौँ, बेचिरहेथ्यौँ !
सामान्य मानिसहरूका हेराइ,
अनि पर्खाइका थपडीहरूसँग !

मानिसहरूसँग बेच्ने त केवल
स्वीकृत सर्तहरू थे जमानादेखि
लिलाम गरिरहेथे अभावलाई अहिले पनि ।

भावुकताको लतमा आज कविता पढिदिएँ
सुन्नेहरू कोही छौ भने दुखिहरूको कुरा,
उड्न चाहन्थे मानिस चराजस्तै स्वतन्त्र

***

## ४९) सम्वेदना ग्रन्थी रसाउँदा

कोही थिएनन् साथमा त्यहाँ
जब हृदयहरू जलिरहेका हुन्थे
जब आगोहरू बलिरहेका हुन्थे
हुन्थे त त्यहाँ सम्वेदना बेचिरहेका
जानाजान मरिरहेका मानिसहरू,
कोलोसियमका उराठ एरिनासँग।

सन्सारमा मानिसहरू पनि थिए, अरे !
उहिलेका दास अनि अहिलेका सासहरू
रगतका आहालमा लत्पतिएका नेपालीजस्तै
कहरका आँखामा बिजाइरहेका थिए उनीहरू
नगरतिरका बादशाहका रजाइशमा रन्थनिदै।

जनावर थिए त्यहाँ जनावर जस्ता मानिसहरू
जनावर पनि थिए त्यहाँ उस्तैउस्तै मानिसहरू
बैभवले रोम, कला बनेर जलिदिन्थ्यो तब वन
उत्कर्षले ढलिदिन्थ्यो इतिहासको मानव मन।

ढोकाहरू जब उदास हुन्थे जिन्दगीमा
नाकाहरू जब विन्दास हुन्थे सिरानीमा

हजारौं वर्ष कुरिदिन्थ्यो तिक्तताले छाया
पलाइरहेका दम्भका कोलोसियमहरूसँग।

यहुदीहरू खुब थे, गरिब रोमनहरू पनि थे
सायद हिन्दु, बुध्दिष्ट अनि केही क्रिश्चियनहरू
अचेलका धर्म युध्दमा हारिरहेकाहरू जस्तै
अचेलका धर्म प्रभावमा जितिरहेकाहरू जस्तै
कोलोसियमका जीतका युध्द पताकाहरूमा।

म सम्वेदना हराएको मान्छेको जात !
कहिलेकाँही मानवका पुराना कथा अनि
अचेलका दर्दक भोगाइहरू सम्भिmरहँदा,
सम्वेदनाग्रन्थीहरू रसाइदिन्थे भावुकताले !
मानवीयता ढलिरहन्थे तिनका चावुकताले !
इतिहास पढेर वर्तमान च्यात्नेहरू पनि थे
इतिहास जपेर वर्तमान थुत्नेहरू पनि थिए,
इतिहास र वर्तमानका मसिहाहरूले सदा
जलाइरहेथे शासनको भट्टीका ज्वालामा,
मेरो, तिनको, उनको, हाम्रो अनि सबैसबैको
कोलोसियम जस्तै नाजुक रङ्गशालातिर।

रगत पोखाइरहेथे नसालु लतबाट जतातता
सन्सारका पिडीतहरूका शरीर अनि मनबाट
मानिसहरूका सम्वेदनाहीन आशक्तीहरूले
म, मेरो देवीलाई बलि चढाएको हेरेर मख्ख थेँ

मठ, मन्दिर अनि मौलोका रमभ्रमहरू तिर।

सम्वेदनाग्रन्थीहरू रसाइदिनु कन्चटमा
रस उमार्नु न हो अमिलो न अमिलो पाराले !

अशक्तहरू रसाइरहेथे भावनाले,
आशक्तहरू रमाइरहेथे भावनाले,
सशक्तहरूले जलाएका सहरमा।

भाया साक्रा कुरिरहेथ्यो पाप मोक्षका लागि।

---

*__कोलोसियम__ : प्राचीन रोमको स्टेडियम
*__एरिना__ : रोमन भाषामा बालुवा
*__रोम__ : युरोपको प्राचीन सामाज्य केन्द्र
*__भाया साक्रा__ : पवित्र मार्ग

***

## ५०) आमा खोज्दै हिंड्दा

उहिले उहिलेका गलफ्रेण्डहरू
पिङ्ग खेल्थे वसन्तपुरको डबलीमा
अनि बाजेहरू घाम ताप्थे छेउछेउमा
सपनाहरूका उल्झनमा सपना देख्दै,
आमाका पूजा गरेर मन्दिरका ढोकामा
दुखित जीवनमा स्याहारेर हर पलसँग।

हिउँदका सेपिला घामहरू तर्किरहन्थे
मन्दिरहरूका उचाइदेखि गहिराइसम्म
डबली तातिरहन्थ्यो आमाका नजरले
भाखा उम्लिएका अतृप्त साँझहरूसँग,
आमाहरू हराएथे मेरा नजर वरिपरि।

मानिसहरू माल सारिरहेथे डबलीमा
मानिसहरू ताल पारिरहेथे डबलीमा
यात्रुका भलिभाँती मनोरञ्जनका लागि
आमाको स्तन सुकिरहेथ्यो कुपोषणले,
नाबालकहरू शिथिल थे तिनका अघि
यौवनाहरू थे उमेरसँग तिनका पछि

आमाको आसमा देश झुकिरहेथे
आमाको श्वासमा स्नेह दुखिरहेथे

ऐइ ! आमाहरू यता आओ त !
आधुनिक बाबुहरू पछ्याइरहन्थे
पछ्यौराको फेर अनि मुस्कानलाई
उनका लज्जाले ताजहरू उम्रिदिन्थे ।

मूर्तिहरू पनि आमाका आफ्ना आमाकाजस्ता
तस्वीरहरू पनि आमा साख्खै आमाका जस्ता
तर जीवनमा बाँचेका अर्काका आमाजस्ता थे,
बृध्दाश्रमका तलासीहरूमा नहुनेका आमाहरू थे !
सपरिवारका रवाफीहरूमा नबाँचेका आमाहरू थे !!

छोराहरूको घुँइचोले वाक्क थिइन, चुपचाप थिइन
छोरीहरूको घुइँचोले दिक्क थिइन, चुपचाप थिइन
उनीहरू कराएथे आमा ! आमा !! भन्दै, चुपचाप थिइन
शिला भइन, बाँचुन्जेल नहेर्नेसँग ती, चुपचाप थिइन

आजको आमाको पर्वमा
ढोंगका आमाहरू खोज्दै
डबलीमा चहारिरहेथेँ म,
बसन्तपुरको लिलागृहमा
उभिरहेथेँ, उभिरहेथेँ पलपल
उनलाई भेट्न स्नानगृहमा

पुगिरहेथेँ, पुगिरहेथेँ हरपल
तर आमा नियतमा भागिरहेथिन
मलाई अनि मेरो व्यवहार देखेर।

तिर्थालुहरूका अनि अन्धाका जस्तै आँखामा,
हराएका आमाका मुहारसँग फेरि एकक्षण !

उनलाई खोज्दैथिएँ शिलामा
बाँचुन्जेल बाँधेथिए किलामा

आजको दिन पुराना च्यातिएका
आमाका फोटाहरू खोजिरहेथेँ
घुरानका पत्र पत्रहरू तिर !

आफैलाई लालीगुराँश फुलाउँन सिउँदोमा !

***

## ५१) हिप्नोटिजमका झ्याम्टा

काम गर्ने तिनीहरू थिएनन्
थिए गौरवशाली इतिहासको,
मन्दिरका घण्टका ध्वनिहरूमा
रन्किरहने गुन्गुनाइका आहालले
घनत्वका पावन धामका स्वरहरू ।

स्पष्ट अनि ठाँटका मानिसहरू
निर्भीक भएर औंला ठड्याइरहेथे
पुराना पवित्र मर्यादाका आसनबीच
हिप्नोटिजमका झ्याम्टाहरूसँग
लुट्पुटिँदै दिवारका राता सिंदूरछेउ ।

राज्यका उपेक्षाहरू
मानिसका अपेक्षाहरू
भन्भनाइरहन्थे भँवरा झैं
अभावका सिंडीहरूले सजिएर
कालान्तरदेखि कालान्तरसम्म
अन्धताको दरारहरू छेउछाउ ।

आशामुखीहरूको काँधमा

बजिरहन्थ्यो आजकल पनि
तिनै हिप्नोटिजमका झ्याम्टाहरू
घरिघरि दुर्दशाहरू खपेर अन्तिमा।

आवाजहरू बेप्रवाह थिए दवावका
छेकिरहेथे एकनासले झ्याम्टाहरू !
स्वचालित तालमा झ्याम्म झ्याम्म,
सलेदोका पीडासँग रमाउँदै रातमा।

जादूगरका समयहरू तरफ
हेरिरहेथें मेरा जीवनका लिला
मानिसहरू भोगिरहेथे छटपट
ठोकिरहेथे वेदनाको किला।

सहर अनि गाउँका जुलुसहरू
मागिरहेथे गाँस पनि कपास पनि
स्वाद चाटिरहेथ्यो तालुका पसिना
कोलाहलका मरूभूमिमा हराएका
उजाड बालुवाका स्वादिष्ट मनलाई।

उता पनि हिप्नोटिजम थ्यो ज्यालाको
यता पनि हिप्नोटिजम थ्यो ज्वालाको
शासकहरू बजाइदिन्थे झ्याम्टाका धुन
ज्यावल बनाइदिन्थे मानिसहरूलाई।

झ्याम्टा ! मसँगै दुखद भइदिन्थ्यो
उनीहरूका प्रत्येक पाइलामा सुखद ।

प्रत्येक विहान बच्चाहरू बजाइरहेथे
प्रत्येक साँझ कच्चाहरू बर्बराइरहेथे
हिप्नोटिजमले सजिएर झ्याम्टाहरूमा ।

पुराना बोतलका नयाँ पानीहरू
छचल्किरहेथे उष्मिलो घामसँग
आखिर पानी पानी नै थियो त्यहाँ
तरल, तरल अनि तरल भएर जमेका,
पानीजस्तै हिप्नोटिजमका धुनहरू ।

आज पनि महाजनको उर्दि छ है आउनु रे !

***

## ५२) रोटी सेकाइरहँदा

ओल्टाउथैं अनि पल्टाउँथैं
जीवनका लागि जीवन भाकेर
उत्ताउला पानीका तपिला वाफसँग
हिलिएका पिठाका डल्लाहरूले
च्वार्रर अनि च्याँइका कर्णप्रिय धुनमा
जीवनका प्रत्येक क्षणका लगावहरू बीच ।

म थैं त्यहाँ, केवल आगो थ्यो
पीडाहरूका लप्का छोडिरहेका
हरपलका भुङ्गिएका ज्वालाहरू छेउ
सेकिएका पिठाहरू अनी सेकिरहने म
म जस्तै डामिएर सुख्खा न सुख्खा हुन्थ्यो
जीवनभर चाउरिएर तावाका तापमा ।

उता ज्वाला थ्यो आगोको
पाकिरहेथ्यो परिकारका लागि
यता जीवन थ्यो सन्तापको
पाकिरहेथ्यो परिवारका लागि
पाक्नु पनि त जीवन रैछ आगोको
बाँच्नु पनि त जीवन रैछ धागोको
पलपल छोट्याउँदै सुन्दर जन्मलाई

बरोबर सेपाइरहने, फर्काइरहने नियती जस्तै
तावा अनि चिम्टाका बीचमा उभिएको रोटी
भुक्क उस्सेर फुस्स वायु फालिदिन्थ्यो
अपच वायुका मेरा जस्तै ग्यास्ट्रिक गोला।

एकातिर रोटी थ्यो, अर्कोतिर म थैं
हामी दुबै थ्यौ जीवनका विरेचन पद्दतिमा
एकले अर्कोलाई सेकाएर मख्ख थ्यौ
एकातिर तातो तावा अर्कोतिर रित्तो जीवन।

जीवनभर अभावमा सेकाइरहँदाको पल
जीवनभर दवावमा फकाइरहँदाको पल
समय हिंडिरहेथ्यो आफ्नै अक्षहरूमा
पाकिदिने अनि थाकिदिने हाम्रो कर्मसँग ।

रोटीजस्तै जीवन सेकाइरहेका मानिसहरू
बटुवाका रूपमा ढाकर बोकेर हिंडिरहेथे
आफूलाई भेट्न सूर्योदयका पाइलाहरूसँग
तिनीहरू पनि थकित थे रोटीजस्तै पानीसँग

जतिजति मानिसहरू लम्कँन्थे
त्यतित्यति सेकिइरहन्थे रोटीजस्तै
सन्ताप र तापका बीचमा उम्लिएको आगोसँग !
पन्छीहरू पनि थिए
रापमा सल्किएर उडिरहेथे
रोटीजस्तै पाकेर जीवनभर

दुनियाले गरिरहेथे सेकिरहने काम
रोटीजस्तै चक्रमा वरिपरि घुमेर हरपल !
आज पनि सुस्केरामा धूँवा उडिरहेथ्यो
मन अनि हृदयका ज्वालाहरू तावामा नारिएर

***

## ५३) प्राज्ञहरूसँग उभिरहँदा

जब जब ज्ञान हराउँथ्यो
म सङ्कटले प्राज्ञहरू छेउ
उभिरहन्थेँ हर घडिका दवावमा
चयनहरू बोलिरहन्थेँ विकल्पका,
प्रताडित ज्वरोको तापक्रमहरूले।

प्रज्ञानको संशोधन र ज्ञानको नियोजनले
मेरा अवतारहरू बर्बराइरहेथे सुकरातसँग
बाडुल्कीहरूका निर्घात डामहरूका छेउ।

जब भेट्थेँ हैसियतवाला प्राज्ञहरू
उभिएर फोटो खिचिदिन मन लाग्दथ्यो
तिनका शालीन अनि शान्त अनुहारसँग
जब लेख्थेँ तथ्यपरक प्रज्ञानका हरफहरू
निहुरिएर सोधिदिन त्यसै मन लाग्दथ्यो
तिनका मलिन अनि शुष्क संवादहरूसँग।

संवादहरू खेमा खेमामा हुन्थे
विवादहरू लिस्नोमा सुतिरहन्थे
हराउँदै नजरियाको मालुम उपर।

प्राज्ञहरू थे अति चनाखा सबतिर
आँखा घुमाउँदै तस्वीरमा टाँसिएका
भोटो फटाउँदै प्रतिभामा भासिएका

तर पनि मेरो नजर उनीहरूसँग,
उठ्न सकेन चिन्तनहरूका बीच !
म हराइरहेथेँ समुद्रका ज्वारजस्तै
प्राज्ञिक तरङ्गका मठहरू छेउ ।

दायाँ वायाँका लहरी गायनहरूले
मेरा कानहरू टट्टाइरहेथे हरपल
बकपत्रमा लेखिएका कथाहरूसँग
लजाउँदै ओरालो लागेका पाइलामा
क्यामेरा म्यानहरू तस्वीर खिचिरहेथे
अत्यन्त सान सानका गौरवहरूसँग,
सजाउँदै प्राज्ञहरूका प्रतिभाहरूलाई ।

बाटोमा हिंडिरहेका बखत
बोलाइरहेथे कसैले कसैलाई
हेर्दथेँ तिनको अनुहार अनि भावहरू
लखतरान लखतरान हराइरहेथे त्यहाँ
दासहरू, मिदासको सपनाहरूसँग !

बाटो अनि फोटोहरूमा
हतार हतार कराइदिन्थेँ,
प्राज्ञहरू हठात नबनिदेऊ !

मलाई पनि एकदिन प्राज्ञ हुनुथ्यो
प्रतिभाहरूको सहज मैदानहरू तिर
उ बेला प्राज्ञ बनेर फोटो खिचिरहँदा,
मानिसहरू पनि हाँसिदेलान मलाई हेरेर
त पनि भत्किरहेथ्यो सबैको मन !

म त पुरानो सोंचको प्रतिभा
विचार, वाद, खेमा जान्दिन थे
एक्लै शालिकमा उभिरहेथेँ
जुँगाहरू खुइल्याएर फोटोमा !

***

## ५४) खरानी पोलिरहँदा

हिमालयको चिसो वायु मन्तिर
फुसफुस उडिरहेका कुहिराहरू
मेरा आँङमा सुम्मसुम्याइरहेथे
विषालु सर्पका मन्द विषले जस्तै
म लट्ठिएर दोभानको सँगममा
छटपटाउँथे खरानी बालेर हरपल।

खरानी न हो, बलिसकेका वस्तुहरू !
बालिरहन्थे, फुकिरहन्थेँ आगोलाई,
चिसो न चिसो खरानीको तापक्रममा
हेरिरहन्थे खरानीका उडेका भिल्काहरू
अनि कुहिरे उडानका अदम्य शाहसहरू

हिउँको तापक्रम जसरी वाफिरहन्थ्यो
खरानीको ताप त्यसरी नै हापिदिन्थ्यो
मौसमका हर घडिमा खरानी बालेर उनीहरू
जीन्दगीका विवश भाम्टाहरूसँग तिनीहरू

बारबार बलिसकेका धूला खरानीहरू
गाउँ अनि सहरमा हरपल तयार हुन्थे

आफूलाई जगाउन जिन्दगीको भोगाइले
न उठ्न सक्थे, न बस्न सक्थे न सुत्न नै
छटपटिएर खरानीका सिरानीहरूसँग।

देश दुनियाका जादूगरहरू
बस्तीका खरानीहरू टिप्न आएथे
सडकका सुख्खा धूलोहरू पन्छाउँदै
पिरो न पिरो तुवाँलोहरूलाई मन्छाउँदै।
मानिसहरू खरानी बालिरहेथे, तापिरहेथे,
मानिसहरू आफै सेकिरहेथे अमिलो घाउ।

बलिरहेका खरानीहरू झिल्किँदै उडेथे नजरमा
टाढा टाढातिर रगतलाई बिक्रि गर्नका खातिर
निभिरहेका खरानीहरू पिल्सिँदै सडेथे बगरमा
टाढा टाढातिर बगिरहँदै माटो बन्नका खातिर

थुप्रिएका खरानीका बस्तीहरू
साना न साना हावा हुरिमा पनि
कहिलेकाँही झिल्काहरू बोकेर त्यसै
पुरै सहर जलाउन सक्थे हुरिका साथमा
पुरै नहर पिइदिन सक्थे हुरिका बातमा।

जागिरहेका खरानीहरू
भागिरहेका कुहिराहरू
छेकिरहेका तुवाँलोहरू

खोजिदिन्थे जामुन गुभाजुका तन्त्रहरू
खोलाको पानीमा खुल्खुल बगिरहेका
धमिलो छायाँ भेट्टाउनका खातिर।

घाटमा मानिसहरूको रूवाबासी थ्यो
पोलिएका खरानीहरू उडिरहेथे जोडले
मलेवाको पङ्खमा अल्जिएर निकै परसम्म।

अझै खरानी पोलिरहँदा पनि रित्तिदैन थे
मानिसका अन्तिम भन्दा अन्तिम बहहरू।

***

## ५५) एक लाइक ठोकिदिएँ

हराएका उदास मनहरू
जब आउँथे निंद्रामा ब्युँझाउन
पत्ता फालिफाली हुकुम गर्थे
नजरका लचिला परेलाहरूमा
एक लाइक ठोकिदिन्थेँ त्यसै म ।

उन्माद भनु या बैभवको जलन
अकासिएका धूँवाहरू पत्ताइदिन्थे
उराठ मनका चैतका तुवाँलोलाई
अनि आरूका फूलहरू झरिदिन्थे
सल्बलाएका वायुसँगका केशहरू
उसै फेरि ठोकिदिन्थेँ एक लाइक
मोवाइलका दृश्य चित्रहरूलाई ।

बानी यस्तो परेथ्यो अचेल,
किबोर्डका लाइक प्याट्रनहरू
पिलपिल बलिदिन्थे औंला सामु
बहिराहरू आउँथे 'वाई' भनिदिन्थेँ
हिरोइनहरू आउँथे 'लाइक' दिन्थेँ
हिरोहरू आउँथे 'नाइस' लेखिदिन्थेँ

मन, मस्तिष्क अनि औंलाका सर्किट
बौध्द वा पशुपति सर्किटजस्तै गरी
टेबलहरूमा योजना बुनिरहेका हुन्थे
पर्यटन विकासको अन्तिम यात्रामा।

ओई ! पागल,
हेरेर त लाइक ठोक्नु नि
आफ्नै आफन्तमा पो सरेथे
प्रेम लिलाका सयौं कहानीहरू।

***

## ५६) मृत्युमा रतिराग

पाण्डव ! उफ, तिम्रो धर्म,
भँवरा ! वाह तिम्रो अधर्म,
बगिरहेका नसाहरूका रगतमा
जब उत्तेजनाहरू तरङ्गिदिन्थे
अनि मृत्युका खवरहरू आइरहन्थे
बैंसालु कोशिकाहरूलाई उल्भेर
समय समयका वयहरूका बीचमा ।

फूलका परागहरू उडिरहेका हुन्थे
अतृप्त नजरहरू घुमिरहेका हुन्थे
आशाले उम्लिरहेकाहरू बेलाबेला
आवेगको चापमा डुलिरहेका हुन्थे
हतार हतारमा झुमेर रागहरूसँग ।

लहलह मानिसका उफानहरूमा
जलिरहन्थे जहाजका धूवाँहरू
वेगमय जीवनका आधारहरूलाई
पखेंटा अनि खुट्टातिर समालेर ।

उत्तेजनाका नसामा लहरिएका

सुषुप्त मनोधन्दासँग हराइरहेथे
अचेलका वायुका अहङ्कारहरू
जनलका सवार मष्तिस्कहरूसँग ।

आज फूलको मृत्यु दिवस अरे,
फूलहरू हराइरहेथे गोदामतिर !
आज अनारीको नृत्य दिवस अरे,
उनीहरू कराइरहेथे बद्नामतिर !
बाटो फराक थियो, मन साँघुरो
कुरा मजाक थियो, सत्य घुमाउरो ।

मृत्युको रतिराग थियो उनीहरूमा
जीवनको सुहाग थियो तिनीहरूमा
घुमिरहेथे फूल अनि मानिसका
परावर्तित अक्षका सहनाइहरू
अगाडि पनि थे अखिलका डामहरू
पछाडि पनि थे निखिलका कामहरू
खिलहरू मृत्युसँग घुमिरहेथे अझै !
चीलहरू आफैसँग बसिरहेथे सोझै !!

फूल मरिरहेथ्यो रतिरागले
पाण्डव हारिरहेथे रतिरागले
जित्नेहरू जपिदिन्थे सडकमा
शङ्खनादका रागहरू छेउ ।

शल्यक्रियामा उभिएथैं म
रतिराग छोप्दै मृत्युबरणमा
कोमलतामा हराएका फूलहरूजस्तै
मरिरहने, दुखिरहने, सहिरहने म
आस्थाहरूसँग स्वर्ग कुरिरहेका
आधा आकासको आक्रोस ज्वाला !
बगिरहेका रगतका अमर उज्याला !!

पीडासँगका मृत्युभरि
रतिरागले मर्थें हरेक पाला !

***

## ५७) शैलीहरूका प्रस्ताव

आजको कविता वाचन
कार्यक्रम हो या मायाको प्रस्ताव
उनीहरूका बीचमा अस्ताएका
जीवनका आशा अनि निराशाहरूसँग
वाफहरू उठिरहेथे बाटोतिर मौसमका
चापहरू बढिरहेथे माटोतिर सनमका
प्रेम चलिरहेथे आकाससँग आँखामा।

ईसारामा सारा उडिरहेथे
भावका भरोसाहरूतिर उता
ईरादामा नारा चलिरहेथे
सद्भावका शुष्क पयरभर
फूलका बुकीहरू छेउ रहेका
सङ्घर्षका आक्रोसले सजिएर

प्रस्ताव आइरहन्थ्यो, गइरहन्थ्यो
मानिसहरूका चन्चल दिलहरूमा
टाढाटाढाका पखेंटामा अल्जिएका
घुरानका पत्रहरूले सजिएर।

सल्लाघारीका पिकनिकहरूमा
ठाँटहरू चोबलेर फक्रिएका
हावाका प्रबन्ध गन्धहरूमा
च्वङ्गा गणेशका लेखाइ छेउ।

गणेश हाँसिरहेथे, जोडीहरू नाचिरहेथे
बाक्लो न बाक्लो तुवाँलोले ढाकेर
उल्फतका जवानीहरूले मस्किएर।

***

## ५८) घर्किएको मजदुर दिवस

सडकका नाराहरूमा
मजदुर दिवस मनाउँथें
कोलाहल अनि मार्चपासका बीच
सुन्दर शान्त औ समृध्दिका लागि
उहिले उहिलेका दमित इच्छाहरू
कहिले कहिलेका भ्रमित स्वेच्छाहरू
पट्याउँदै हुन्थें निराशाका पानाहरूमा
छोट्याउँदै सुन्थें आशाका गानाहरूमा।

मजदुरको सानमा हिंडिदिन्थें आस्था सुनेर !
मजदुरको मानमा लागिदिन्थें दुनिया चुमेर !!

दिवसहरू पनि अचम्म अचम्मका
कतै हारिरहेका मजदुर दिवसहरू हुन्थे
कतै जितिरहेका मजदुर दिवसहरू हुन्थे
हार्नेहरू पनि दिवसमा थे, सोही दिवसमा
जित्नेहरू पनि दिवसमा थे, सोही दिवसमा
हारजीतको नारामा कान टट्टाइरहेथ्यो यता
जीतहारको पारामा माला सजिरहेथ्यो उता !!

आकासमा चराहरू उडिरहेथे न्याय खोज्न
हिमालका हिउँहरू पग्लिरहेथे बगाइ खोज्न
सागरका वाफहरू गुम्फिरहथे उडान रोज्न
तर पनि मजदुर दिवसका 'एक हौं' मन्त्र
फिरङ्गाको सातु सामलमा पोकिरहेथ्यो
तरकारी, सरकारी अनि दरवारी खेतीमा।

नाराका पाइलाहरू बनेथे क्याराभ्यान,
उहिलेका सडकजस्तै जस्तै गरी ठडिएर
होटलहरू, रेष्टुराँ अनि पार्कहरू निरका
भव्यतापूर्ण सभ्यताका मायावी खलामा।

'मजदुर न हुन जहाँ पनि पुग्न सक्छन् !'
भन्ने उनका अगुवाका तालिमहरू थे
भन्ने उनका पछुवाका लालिमहरू थे
हिजो सडकमा थे भोक र भित्ताहरू
आज होटलमा थे मोज र सिताहरू
तर पनि मजदुर दिवसहरू चलिरहेथ्यो
हिजो हेपेको नाममा, आज हेप्ने नाममा

यो मजदुर दिवस
त्यो मजदुर दिवस
मजदुरहरूको दिवस !
घर्किरहेको मजदुर दिवस !
सर्किरहेको मजदुर दिवस !!

मेरो विछ्यौना नजिकै मजदुरहरू थिए
हथौडा अनि हँसिया बोकेका ख्याउटेहरू
उनीहरू सत्यका पूजक थे अरे ! त्यो बेलाका,
राउटे न राउटेजस्ता पहिलाका अनुहारहरू
टेलिभिजनको पर्दामा चपाइरहेथे कुखुरा
पागलिएर योग मैदानका गगनभेदी नारामा !
अचेलका गगन मस्तीले सहेलिएका पारामा !!
म खोजिरहेथेँ मजदुरहरूलाई
कल कारखानाका श्रमहरूतिर
नेताका लागि टुकडी बजिरहेथ्यो
सलामी चढाउन ज्याद्रो पेटको माला ।

घर्किरहेथ्यो, सर्किरहेथ्यो मेरो आन्दोलन !
उठाइरहेथेँ, समाइरहेथेँ मेरो आन्दोलन !!

आज मजदुर दिवस अरे !
समारोहमा जान हतार थ्यो मलाई,
अरे ! पोसाक अनि शैलीचाहिँ कुन रोज्नु !

***

## ५९) तिमीलाई जस्तै

तिमीलाई जस्तै मलाई पनि
मलाई जस्तै तिमीलाई पनि
उसलाई जस्तै मलाई पनि
मलाई जस्तै उसलाई पनि

तिमीलाई जस्तै उसलाई पनि
भोकहरू पनि हराउँदै गए भने
शोकहरू पनि कराउँदै गए भने
सारासारा सुनिरहून् चन्द्रमाको
व्यथाहरू कोमलताले जतातता ।

बौलाहा पनि आउँदैजादै हैरानले
घुमिदिन्छ चौतारोमा सयौंपटक !
सत्य पनि जादैआउँदै विश्रामले
सुतिदिन्छ दोबाटोमा सयौंपटक !
मलाईजस्तै कुनै पीडा भाको दिन
आँशु झर्न पनि गार्हो हुन्छ किन ?

लेख्दालेख्दै चौबाटोमा मुटु गाँसी पर्खिरहें
हेर्दाहेर्दै व्यथाहरू मनमा टाँसी झोक्रिरहें

टाल्दैटाल्दै हिंडिरहेँ च्यातिएको आकासलाई
मुटुलाईनै बन्द गरी, भिक्षा खोज्न हिंडिरहेँ।

तिमीलाई जस्तै मलाई पनि दुखिरेछ आज,
मलाई जस्तै तिमीलाई पीडा नहोस् आज !
लुकिरेछ दुखिरेछ, दुखिरेछ लुकिरेछ आज !!

***

## ६०) प्रेम गुरू

जाँदाजाँदै हात समाउँथे
आउँदाआउँदै अम्ला टोक्थे
हिंड्दाहिंड्दै नजर घुमाउँथे
प्रेमका गुरूहरू बाल गर्दैनथे
मेरा अस्मीताका धरोहरलाई !
चुपचाप चुपचाप पाइलाहरू
सरिरहन्थे मेरा ओजेलका पर्दामा
आँखाहरू तरेथे  इशाराले चर्दामा।

प्रेम गुरूहरू, गुरू प्रेममा थिएन्
थिए त केवल मासमुस मस्काइले
उमालिरहेका सुगन्धका जलनहरूलाई
कविताका भाखामा पोखेका भावसँग
नागबेलीका ऐठनहरूलाई समातेर।

यसो उतातिर अनि उसो त्यतातिर
छरिता चालहरूले चलिरहेका हुन्थे
मन्द मुस्कानका ओठहरू तल्तलिएर
पानका गन्थ अनि लिपिष्टिकका रङ्ग
उस्तैउस्तै लाग्थे सभा समारोहहरूमा
प्रेम गुरूहरू चलाइरहेथे कविताको बजार

प्रेमिकाहरू सजाइरहेथे सौन्दर्यले नजर
मेरा कक्षाका पढाउने प्रेम गुरू हराइरहेथे
पापी मन र पवित्र तर्कनामा हराएर दिनभर।

उन्को त कति सारो मृदुल स्वर
मनमै टाँसिने स्वर अनि शैलीहरू
ईन्द्रेणीहरू सल्बलाइरहेथे अचेल
सेता न सेता केस पाकेका गुरूछेउ
उनीसँग गुरूत्व थ्यो प्रेम पनि थ्यो
जबकि भत्काइरहेथे तिनीहरू,
जीवनका अनन्त प्रेमिल पर्खाल।

प्रेम गुरूलाई सुन्थैं
प्रेम गुरूहरूलाई बुझ्दथैं
प्रेमिल मनका झ्यालखानामा
टालिएका जालीहरू जस्तै
शब्दहरू प्वालमा छिरिदिन्थे
उनमा पनि तिनमा पनि अचेल
कविगोष्ठीका जीवनमा हराएका
पागल मनका बौलाहाहरू छेउ।

भाखाहरू जुटिरहेथे छचल्किएर
आँखाहरू लठ्ठिरहेथे कचल्टिएर
सम्हालिएर बाहिर जमेकाहरू हुन्थे
गफाडीहरूका जन्तरमन्तर धुनसँग !
अर्का प्रेम गुरू सलाम ठोक्थे  गेटमा !!
सब जिल्ल थ्यौं प्रेम गुरूहरूलाई देखेर।

## ६१) प्रवास

वाइफाले !
तिमी कति तपस्विनी छौ
मेरो मनको कुनातिर
खै ! तर सुगन्ध आउन छोड्यो
काँडामै फुलेको फूल भएपनि
प्रवासले तिमीलाई चोरेछ अचेल ।

पग्लँदो हिउँका स्याँठमा
मण्डिको तातो पनि
जीवनको रापिलो घामजस्तै
रापमा डढ्दोरैछ
खसिरहेका शीतका थोपाहरू
तातो र चिसोले लेखाइरहेछ
जिन्दगीका पानाहरू प्रवासतिर ।

उड्दो जूनका प्रकाशहरू
जब फूलका रङ्गमा धसिन्छन्
उराठ पाइलाहरूले सजिएर
जुनकिरी पनि जीवन साट्न
अँधेरी रातमा आफूलाई निम्ता गर्छन्
साँझ परेपछि भ्यागुताका
झर्किला स्वरहरूसँग प्रवाससम्म ।

## ६२) रोक मलाई !

अतिशयोक्ति आनन्द
अनि दुर्भावना फैलाउने
तेरो कदमको आत्मपीडामा
बरू जलिदिन्छु खरानीमा पनि
ईंटा भट्टाका भुङ्गो जस्तैगरी
म भित्रका कोइलाहरू जलिरहास्
लौ ! रोक त मलाई अघि जानबाट !
लौ ! छेक त मलाई विद्रोह गर्नबाट !!

वेदनाको आक्रोसमा झुण्डिएर
खेलिरहेका तमाम यातनाहरू
खपिरहन्छु बाँचुन्जेल यसै बरू
झुक्तिन कुनै दम्भ र महाशक्तिसँग
बरू लेटिरहन्छु माटो समाउँदै
प्रत्येक आवाजहरूमा गर्जिएर
म आगो बालिरहन्छु विद्रोहको
लौ ! रोक त मलाई अघि जानबाट
लौ ! छेक त मलाई विद्रोह गर्नबाट

स्वप्निल मनका आकास हेर्दै
जब जिन्दगीहरू सत् भावनाले

अगाडि बढाएथैं निरन्तर निरन्तर
मलाई छेक्न आउने तँ को होस् !
अराजकताको लाठी मुङ्गीबाट
चुट्न खोज्छस् मलाई ? दुश्मन !
हत्कडीहरूले सक्छस् भने बाँध
मनका अनन्त आक्रोसी चेतनाहरू
लौ ! रोक त मलाई अघि जानबाट
लौ ! छेक त मलाई विद्रोह गर्नबाट

म नारा लगाउने मान्छे
म सारा उठाउने मान्छे
लौ ! नछोड त खुल्ला बाटो
हठले आफै जल्नेछस् एकदिन
यो भन्दा पनि अझै धेरै नै हेर !
पुत्पुते धूँवा निकालेर आफैसँग आफै।

तँलाई थाहा छ ?
मेरो उन्मुक्त आत्मपीडा
कहिलेदेखि विद्रोहमा थिएँ ?
कान खोलेर सुन, मलाई नछेक अब !
"रक्तक्रान्तिको ज्वालामुखी यो !"
बस यति हो माटोको माया !
बस् देशको आकारको माया !!

बुध्द जन्मिदिए त हुन्थ्यो नि
तिनका मन मुटु अनि मन्दिरतिर !

## ६३) भूइँमा खुट्टा छैन

सस्ता मान्छेहरू थे त्यहाँ
बुरूकबुरूक गरेका पाइलाहरूसँग
हिजो अस्तिजस्तै लाग्छ जडिकुरो
पहिचान भएको पनि तिनीहरूसँग
यता फर्कन्थे उता फर्कन्थे उमङ्गले
फुरूङ्ग रै दिन्थे पुरानाहरूका अगाडि
के थ्यो र तेस्तो जादू मौसमी हल्लामा,
तिनसँग हौसिने प्राज्ञिक ज्ञान अनि प्रतिभा ?
खुट्टाहरू आकासमा उडेथे बारबार
बुट्टाहरू थपिन्थे सुगन्धका प्रेमिल उपहार
भूइँमा खुट्टा थिएन अचेल उमङ्गका साथ।

फेसबुकमा खेती गर्थे सम्मान अनि
उपहार ग्रहणका मौलिक प्रमाणपत्रहरू

भूइँमा खुट्टा हुन पनि कसरी त
पहिला पनि खुट्टै थिएन रित्तै थिए
रित्तिँदै रित्तिँदै ढलेका अनि
भेटघाटका मौसममा
जोडिएका प्रचलित पाइलाहरू

खुट्टा छोडिदिन्थे दायाँ पनि वायाँ पनि
भूइँ जस्ता तस्तै रहिदिन्थ्यो
खुट्टा भूइँमा थिएन कता थ्यो कता ।

भूइँमा टेकिएका खुट्टातिर हेर्यो
अपच गफहरू उम्लिउम्ली आउँथे तिनलाई
गोप्य मन्त्रणाका आयोजनाहरू
सेटिङ्गमा चलिरहन्थे पुरस्कारहरू
अनि बखानका लामालामा श्रृङ्खलाहरू
वाह ! मस्तिन्थ्यो तिनको जगर अनि अफर
रिसल्लामा तयार भएका घोडचढी जस्तै !

खुट्टा त लिनेको त छँदै थिएन
दिनेको पनि जोडजाड काम्रो बाँधेका हुन्थे
अपाङ्गमयी भावशालामा कोही बेचिरहन्थे
किनिरहन्थे उन्नतीको सामाजिक लाइसेन्स ।

नयाँ सागरहरू नवजातका बुट्टा भरिदिन्थे
दया सागरहरू दानका खातमा खुट्टा चढाउँथे
क्षीर सागरहरू रोकिएथे कुहिरो अनि तुवाँलोमा
लर्बराउँदै पाकेको कुमारी व्यथाहरूसँग ।

खुट्टा उचाल्नु, थचार्नु, बजार्नु त मौसम न हो,
मौसम मौसममा सस्तिने बजारका खुट्टाहरू

महाकवि च्यातिरहेथे आफ्नो सर्टिफिकेट
राष्ट्रकवि पखालिरहेथे आफ्नो सम्मानपत्र
नक्कली आँशुका भूइँफुट्टा खुट्टाहरूसँग।

अचेल कसैको भूइँमा खुट्टा छैनन्
बौलाहा वस्तीका मान्छेहरूसँग,
सब अँध्यारो आकासतिर फर्किएका।

***

## ६४) ट्रान्जिटको चस्मा

जगात गर्नेहरूभन्दा पनि
धन्दा गर्ने मानिसहरूको पहल
चलिरहेथ्यो ट्रान्जिटको वरिपरि।

सबै आगन्तुकहरूका स्वागतमा
प्लेकार्डहरू बाहिर जुलुसजस्तै गरी
आँखाहरू तन्काइतन्काई अनि
मुख बङ्ग्याइ बङ्ग्याई पर्खिरहेका
दर्सालुहरू हेरिरहेथे आफ्ना पाहुनाहरू।

ज्वरो उठिरहेथ्यो अनि जरो गडिरहेथ्यो
ट्रान्जिटका सेवक अनि धावकहरू बीचमा
चस्मा ! पावरदार पनि थ्यो त्यतैतिर
चस्का ! गगल्सको पनि थ्यो यतैतिर
मौका मौकामा चेकजाँचले गर्ने व्यवस्थापन
अनि सुरक्षा प्रबन्धको मेसोले ठिङ्गन्थ्यो
राइफलधारी बहादुर सुरक्षा बल।

बरोबर आउने सूचना सन्देशहरू
पर्खालुहरू कुरिरहेथे जिज्ञासाले

चस्माका बान्की बान्कीका नजरमा
खस्याक खुसुक्क कता गयो गयो
सर्याक सुरूक्क के के भयो भयो
ट्रान्जिटमा नुन त्यसै गायब भयो।

अरे ! यो त एयरपोर्ट हो नि त
कसरी नुन गायब भयो अचम्म !
हवाइजहाजले नि नुन बोक्छ त ?
मुखामुख अनुत्तरित प्रश्न सङ्केत,
दायाँ पनि थिएन, वायाँ पनि थिएन।

टहलुवा जासुसहरू
हाकिमहरूलाई रिपोर्ट गर्थे रे !
सुनका लागि नुनका सोझाहरू बारे
चस्मा वरिपरि घुमिरहन्थ्यो सडकमा
गाडीहरू तुरून्त तुरून्त दौडिरहेथे
मालुमका नजरमा भाग्य लेख्नेहरूसँग।

सबैले आँखा छाम्थे अनि
अन्धो भएको घोषणाहरूमा
मार्मिक समाचारहरू जम्मा हुन्थे
ट्रान्जिटको मुख्य चस्मामा

ट्रान्जिट त्यहाँ मात्र थिएनन्
हरेक नाकाका चस्माहरू धमिला

अनि कोरिएर पावर फुटेकाहरू
धमाधम जेलखानामा लागिरहेथे
सुन तताउने ज्यासलका तालिमका लागि
नुन पचाउने ज्यालाका कामका लागि

ट्रान्जिटको रिस्कमा आलु टमाटर
फालाफाल थ्यो, गनाइरहेथ्यो
सुनजस्तै गरी नुनहरूसँग ।
नुन र सुन सौतेला दाजुभाइ हुन, भन्छन्
थलबाट अनि कुनै जलबाट जन्मिएका
ट्रान्जिटका खेलाडीहरू ।

***

## ६५) लिलाम कक्षमा

उडन्तेहरूका चापहरूमा
फिरन्तेहरूका रापहरूतिर
तर्क वितर्कहरू चलिरहेथ्यो
लिलामका चक्करहरूमा रहेका
महारथ अनि महाजनहरूका छेउछाउ
सारङ्गीका रेटाइमा दुखेका जीवनसँग
मन दुखाउँदै आलोपालो गरी वातचित्मा

धुजाधुजा भएका विचारका आँकडामा
चिराचिरा मनका सपना बोकेकाहरू
गफमा तल्लिन थ्यौँ, तर्कनामा हल्लिन्थ्यौँ।
यता लिलामका वस्तुहरू खिया लागेर बसेथे
उता मार्क्सका शक्ति संचयका दिक्षाहरू
उभिएथे हजारौं समन वयका लस्करमा।

भोकभोकै कहलिएका विचार अनि श्रम
चोकचाकै अल्मलिएका आचार अनि भ्रम
लिलामी बजारका उत्कट अभिलाषामा
तरङ्गीहरू सजाइरहेथे शान्तिका परेवा
थुपी सल्लाका प्रत्येक हाँगाहरू तिर।

हुन्छ हुँदैन !
अनि हुँदैन हुन्छका
प्रत्येक जिद्दीहरू अलमलमा
खोजिरहेथे एकताको रतिराग
युवाहरू निराश हुन्थे लिलामको चक्करमा
विन्दास बन्थे तिनका जीवनका ढाडसहरू ।

अरे के भनेको !
लिलाम भन्नु पुरानो हुनु हो
काम नलाग्ने पत्रु बुझाउनु हो
बुझ्नु हो, पतिङ्गरको रूपमा
प्रयोगशालाका परतिर यन्त्रवत् मानव
परीक्षणमा थ्यो लिलाम मुक्तिका लागि
सिर्सिरे हावाको मन्द माहोलमा
केही डिस्टर्वहरू आइरहेथे छलफलमा
छलफल नटुङ्गिंदै घुरानका गन्धहरू
पर परसम्म उडिरहेथे मुक्तिका खातिर
तर पनि लिलामी वस्तु प्रभाव विहिन थे
विचराहरूको दार्शनिक आँखाहरूमा ।

लिलाम कक्षमा पुराना टेबल थिए
थिए अनि बेन्च, फलाम, काठ अनि
टुटेफुटेका टाइपराइटर र कम्प्युटरहरू
हामीसँग खिया लागेका विचारका वाचाहरू
अल्मलिँदै कक्षको अक्षमा फन्फनिरहेथे ।

म शान्तिको परेवालाई लिलाम कक्षमा थुनेर
वर्ग सङ्घर्षको कक्षा लिइरहेको छँदैथिएँ
लिलाम कक्षको दुर्गन्धमय आहालमा।

मानिसहरूको भीडभाडले लिलाम कक्ष
आशा गरिरहेथ्यो सुदृढ यात्रा !

म लिलाम भइदिन्थेँ अग्रगमनका लागि
आफ्नै ऐनाका अगाडि उभिएर !

***

## ६६) कोइला बास

देख्दै काला काला मन भएका
हब्सीजस्ता अनुहारका स्रोतमा
रमाइरहेका भूगोलका मानिसहरू
बेला बेलाका परिभाषाहरू दिन्थे
आफ्ना पुर्ख्यौली दम्भहरूले सजिएर।

आफ्ना अन्तर्मनका चोटहरू
आफ्ना उचाइतिरका बोटहरू
उचालेर कोइलाका रापमा अचेल
आगो फुकिरहेथे बराबर बराबर !
सलाईका काँटीका ज्वालाहरूसँग
झर्किएर मनका मनमा अनि कताकतै

कोइला पत्थर पनि थ्यो
कोइला पत्कर पनि त थ्यो
कालो न कालो माटोका जमाइमा
अबुझहरू कोइलाका बास सुँघ्दथे
बुझ्नेहरू रोइलाका भावना सुन्दथे
मानिसहरूका विचारहरू हल्लिरहेथे
पीपलघारी अनि चाँपका ओजेलतिर।

गफाडीहरूका बासमा वासना चलिरहेथ्यो
अपच, अमन अनि घोर निन्दाका जखमहरू

अलिअलि ओरालो घचेटिएका
अलिअलि उकालो दपेटिएका
अनुहारहरू अमिलो सुहागमा
चियाका कपहरू उचालिरहेथे
रून्चे हाँसोका प्रस्ताव परिणतिमा।

एकातिर कोइलाको वासना
अर्कातिर कोइलाको बासको समय
उतातिर कोइलाका जलनका ज्वाला
यतातिर कोइलाका उत्कर्षका रापहरू
समयसँगै आलोचित भइरहेथे घटनामा।

म पहाडको उकालोमा थैं तीर्थ यात्राका लागि
कोइलाहरू बगिरहेथे निष्प्राण ध्वनिहरू बोकेर
पारिपट्टि पनि कोइलाहरू थे, जलिरहेथे अचेल
रेड सागरका लाभामा चोबलिएर धूँवा निकाल्दै।

कोइला बासमा वरिपरि काला मनहरू पनि थे
अनुहार र मनहरू उस्तै भएका समाज।

***

## ६७) सिरियस प्रेमजोडी

"नाइँ, म त फर्कन्न !"
"यता हेरन यार प्लिज !"
आग्रह र उत्तरहरू यति धेरै थिए
वरिपरिका दर्शकहरू लाजले
भुतुक्क हुन्थे अनि आँखाहरू
घुमाउँथे प्रेमिल स्वर तरङ्गतिर।

हातका औंलाहरू कामिरहेका अनि
ओठ बर्बराइरहेका थिए उनीहरू बीच
एकोहोरो हेराइका अनन्त आभासहरूसँग
हराइरहेका वर्तमान र डराइरहेका भविश्यका
मूर्छनाले भुतुक्क भुतुक्क हुन्थे परिसरहरूमा।

प्रश्नहरू अनि उत्तरको अपेक्षा
उत्तरहरू अनि प्रश्नको धरापपन
खोजिरहेथे आफ्ना स्वाभिमानहरू
वेटरका चिल्ला मेनुमा सल्वलाएका
चुपचाप चुपचाप प्रस्तावहरू समक्ष।

प्रेम प्रस्तावका अमुक अमुक रोगहरूसँग

बेला बेला बजिरहन्थे अमनका सपेराहरू
मङ्गल धुनमा उडेथे गोमनका अपेराहरू
सिरियस जोडीका अग्लिएका पहाडतिर।

गोमनहरू समथरतिर ओर्लिरहेथे
भावुक चेतनाको मदमा हरपल हौसिएर
स्वभावहरू चलिरहन्थे हरक्षण रौसिएर
हरपल कहानीका सिरियस प्रेमजोडीहरूमा
आगो बलिदिन्थ्यो, निभिदिन्थ्यो क्षणक्षण।

गन्थनका सिरियस मुडहरू
बेला बेला भावुक बनिदिन्थे अनि
अबरूध्द गलाहरू उचालिदिन्थे प्रसङ्ग
दिनहरू पनि रातको अभिनय गरिदिथ्थे
अचाक्ली भएर मुटुका बहसका अगाडि
आँसुका छहराहरूसँग पौडिएर त्यसै।

म पल्लो टेवलमा चिया पिउँदै थेँ
केही मानिसहरू थिए चियो गरिरहेका
वल्लोतिर हल्लागिरीहरू ठूलो स्वरमा थे
नाटकीय एउटा मौन दृश्यमा तिनीहरू थे
रोमान्चक चिया स्वादमा प्रेक्षालयतिर।

अग्रजहरू घुमिरहेथे मौन धुनमा त्यसै
आवाज पनि थिएन, अर्थ पनि थिएन गफमा
अस्वीकृत समाजका अस्वीकृत सर्तहरूसँग।

उता सिरियस प्रश्नहरू उडिरहेथे आकासमा
उत्तरहरू खोज्न रावणको लङ्कापुरी तिर।

ती सिरियस प्रेमजोडीलाई
बाहिरबाट भनिरहेथे कसैले,
“आफ्नै आकास चुम्ने गर !”
बालापनमा उडेका धूँवासँग सिरियस केस !

***

## ६८) सम्झना चित्र

सहरका विहानी मौसमहरूमा
चिसा वायुका सिर्सिरे सफरले
जब कानका छेउ गुन्जनहरू दिन्थे
सुन्दर सफा हरियालीका तमाम दृश्यसँग
सांस्कृतिक सहरको रूपमा सम्झनाहरू
आइरहन्थे विगगका चित्रहरू अगाडितिर ।

मनोरम हिमाली सौगातमा फैलिएका
सफा सुन्दर प्रत्येकका अनुहारहरू
चराका धुनले लहरिंदा बाटो मुग्ध थिए
गगनका जस्तै मानिसका सफा मनहरू ।

चोक, चौबाटो, डबली अनि चौताराहरूमा
भावुक ध्वनि लयहरू गुन्जन्थे सरलताले
उन्मत्त प्यारले सहरी सम्झना चित्रहरू !
विहानी मौसममा लहरिएका सहरका मुस्कान
अनि भावना सङ्गममा बेरिएका उनका उत्सहरू
सँगसँगै क्लियोप्याट्राका स्वप्निल मुस्कानले
भोगाइका रफ्तार बढेथ्यो संस्कारित सहरमा ।

जब विहानी सम्झनाहरू उकुसमुकुस हुन्थे
दिन दिनका धूलाम्मे मौसमका रातहरूसम्म
सम्झनामा रहिरहेका चित्रहरू मैलिरहेका हुन्थे
फेसवुकमा अड्किएका उनका स्मरण फ्रेमछेउ ।

कलात्मक सहरका प्रेम जोडीहरू राताराता हुन्थे
पुरानो थोत्रिएका सहरका बगैचा अनि पोखरीले
सम्झना चित्रहरू आलिशान भवनलाई लल्कारेर
गोरी, अग्ली, पातली अनि सुन्दर रूपहरूसँग ।

अझै पनि बैभवका गाथाहरूमा
एउटा मान्छे उभिरहेथ्यो नसा बीच
उज्यालो घामको पोलाइले छटपटिएर ।

हिंडाइका घनत्वमा सम्झना चित्रहरू
आज पनि मेटिरहेथैं मानस पटलबाट
तस्वीर पनि बोल्न नसकेर चुपचाप थियो
भव्य सांस्कृतिक सहरका मन्दिर अनि स्तुपहरू ।

उताबाट घँचेटिएका मानिसहरू
मलाई पाठ सुनाइरहेथे सम्झनाको
म आशिर्वाद मागिरहेथैं तिनैसँग  ।

***

## ६९) धुपको पानी

असख्य जलनका रूवाइले
उडिरहेका माटोका तुवाँलाहरू
बर्बराइरहेथे प्यासा सावनका निम्ति
चराका बचेराजस्तै आँ आँ गरेर छेउमा ।
सुख्खा हृदयका तिर्खामा उम्लिएकाहरू
निकाश खोजिरहेथे भत्केका मनहरूसँग !

यता धूपले म जलिरहेथैं ढाकरसँग
उता धूपसँग नाचिरहेथे महफिलमा
तिनका सुगन्ध सँगतका चालहरू !
गृष्मकालीन माटोहरू पनि जलिरहेथे
त्यसै त्यसै अँगारका खरानीहरूसँग

धूप निभाउन पानी छर्किरहेकाहरू थिए
अचेल सहमतिका अनेक प्रयासहरूसँग
धुपहरू बलिरहेथे रापिलो मौसमहरूले
धुपहरू सुगन्ध दिइरहेथे मठ, मन्दिर
अनि मानिसहरूलाई बरोबर सल्किएर
जलिरहेथे धुप पूजा सामग्रीले सजिएर
चोटा कोठा अनि महलका खोपीहरूमा ।

प्रचण्ड गरमका बतासहरू
शीतल समय लिन दगुरिरहेथे
हिमालयका मौसमी टाकुराहरू तिर
धुपको पानी जहाजका पयरहरूसँग।

विहानी मिर्मिरे उज्यालोहरूसँग
शीतका थोपाहरू खसिरहेथे हरदम
धुपका जलनका प्यासलाई मेटाउन।

आकासतिर फर्किरहेका खरानी जीवनहरू
ताकिरहेथे आँखाबाट झरेका  आँशुका
रसिला पानीका तपतप थोपाहरूलाई
थोपा !  शीत थियो अनि पीडाको धुप।
म पनि त धुप बालेर जीवन सुन्दर बनाउथेँ
धुप जलाएर जीवनमा पानी बर्षाउँथेँ हरदम
मजस्तै धुप बालेर समुद्र पानी बर्षाइदिन्थ्यो
धुपले जलेका खण्डहर बस्तीहरूमा एकक्षण।

धुपको काम जल्नु थियो जलिरहन्थे अचेल
देशका प्रत्येक मन मुटुका अभावहरूसँग
पानी खोजिरहेथ्यौँ धुपको आगोका लागि
सबै ! सब !! सबै  !!! सबै !!!!  अनि सबै ।

***

## ७०) माछापुच्छ्रे पौडी

चुबुल चुबुल गरिरहेकाहरू
पानीका फोकाहरूछेउ थिए
वायुका चिसा पयरहरूसँग
निला पानीका जीवनमा तैरिरहेका
हरिया लेउहरूले थकाइरहेथे
आकासको नयन कलाको चमक ।

आकासका माथिमाथिबाट झरेका बादलहरू
फेवाका परिधिमा हराइरहेथे संसार छोट्याएर
तिनलाई भेट्टाउन म सयरमा थैं उसै उसै
जलका मुलायम तरङ्गमा पयरहरू छोड्दै ।

अग्ला माछापुच्छ्रेका प्रतिबिम्बहरू
उचाइदेखि उडान भरेर लुसुक्क झरेथे
अनि पौडिरहेथे गगनका चुम्बनसँग
घामका ओजेलले पथिकहरूलाई हेर्थे
अनि लुक्थे सराङ्कोटका टाकुरातिर ।

म हावाका  क्षमताहरू उकासिरहेथैं
अनि पुगेथैं आकासमा उडेर परसम्म
चराहरूका निश्वासहरूलाई भेट्न !

कन्चन जलाशयको सिलिबिलिमा
क्याब्रे डान्समा मोहित रहेथे जलचर
प्रत्येक घाटतिर ग्राहक कुरिरहेका
देव कन्याहरू जस्तै गरी छेउछाउमा !

देव कन्याहरूका मुस्कानसँगसँगै
फेवाको चन्चल तरङ्गहरूका बीच
माछापुच्छ्रे उभिरहेथ्यो बेहुला बनेर ।

आफूलाई बरोबर हेरिरहन्थेँ
हिमाली चिसोलाई देखिरहन्थेँ
फेवाको लगन अनि वायुको गमनले
मन्दिरका घण्टहरू बजिरहन्थे
शान्तिको कामना गरेर यात्रुहरूलाई ।

यात्रुको भीडमा हल्लिरहेको मेरो डुङ्गालाई
तर्साइरहेथे फेवामा झरेका पतिङ्गरहरूले
कन्चन पानीका आवृत्तिहरूलाई लल्कारेर ।
जति लल्कारिन्थ्यो त्यति पौडिरहन्थ्यौँ,
यात्रु अनि माछापुच्छ्रेका चन्चल नयनहरू

मानिसहरू  छटपटाइरहेथे नजिकैको
लभ डाँडाका प्रेमिल पीडाहरूले
उतै उतै पौडिएका सुस्केरामाझ !

***

## ७१) **पलपल जलेको**

अत्यन्त प्रवाहको गतिछेउ
बतासको तुफानमा लहरिँदै
हिमाली कम्मनका पसिनासँग
जलिरहेथेँ म विद्युतीय उर्जाहरूले
जलेपछि बलिदिने पलपलका स्वभावमा
बगिरहेँथे अनन्त सागर भेट्न जीवनको।

उता सगर थ्यो उचाइको नाम
यता सागर थ्यो गहिराइको काम
उर्जाशील जीवनका गतिवान् प्रवेगमा
हरपल पानी पानी हुन्थेँ जल्नका लागि
पलपल पानी पानी हुन्थेँ बल्नका लागि
पुनर्जन्मका अनेक नियमित आदर्शसँग ।

दुहाइ दिइरहेका हजारौँ शाहजहाँहरू
टल्किरहेथे सिताराका चमकहरूले
खोला औ बगरका सुस्तताहरू बीच
छलिएर जमेका जीवनका रूझानसँग ।

जलेका दिल अनि बलेका मुटुहरूमा

विद्युतीय पल्सहरू पिलपिल गरिरहेथे
सङ्ग्रामी व्याटल फिल्डलाई सलाम गरेर
आफै जलेथैं, अग्नीका ज्वारमा घोलिएर।

उदास मनले जल्नुपर्ने हिमालय
निराश मनले जम्नुपर्ने जलाशय
अनि समयका नपाइमा हिंडिरहने
अविरल जीवनका आरोपहरूसँग
पात बनिदिन्थैं, झरिदिन्थैं झाडीबाट
पतिङ्गर बनिदिन्थैं सडिदिन्थैं त्यसै
अर्काका लागि जनमदेखि मृत्युतक।

बल्नु र बाल्नुको जोहोमा लम्किरहँदा
मन जलाइरहेथैं, देश जलिरहेथे बरोबर
चुम्दै नचुमेका शिखरका वरफहरूसँग
पातालमा पनि पानी थियो बलिरहेको
आकासमा पनि पानी थियो जलिरहेको
झिल्किरहने, मिल्किरहने चट्याङका झिल्का
यानेकी आगोका लप्कासँग पलपलका मन।

सोधिरहन्थे कोही जल्नुको कारण,
खोजिरहेथैं शान्तिको बाटिकामा त्यसै
मसँगै हराएको बुध्दका अनुहारहरू।

बुध्द पनि जलेका थिए मुक्तिका लागि

म पनि जलिरहेथेँ मुक्त उडानका लागि
अघिपछि लागेर एकआपसमा जीवनभर।

पदयात्राहरू बीचका बादलमा
चराहरूका मुक्त आवाज खोज्न लम्कदैँ ।

***

## ७२) घामसँग हिंड्दै गर्दा

मजबुर अनि मजबुत
घामका पाइलाहरू थिए
सडकमा थिए, यता बेहोसी थिए
नागवंशका अलिना जहरहरूसँग
रूद्राक्ष जपिरहेका, वेदना खपिरहेका
पदयात्राको पहिलो खुड्किलोसम्म ।

जुलुसमा हिंड्दै गर्दा नरनारीहरूका
सुहाग रातका गीत झैं लाग्ने गुन्जनमा
घामका रवाफी तेजहरू मैलिन्थे ओजेलसँग
प्रतिबिम्बमा हराइरहन्थे धूवाँका जवाफ
लालुपातेका फुस्रिला जलपका बेगसँग ।

घामसँग घाम थिएन कतै कतै नाम थिए
यानेकि धेरै बदनाम थिए अँध्यारो भर !
उज्यालो भोरमा गरिबका दुहाइ थिए
अँधेरा हतासमा सरिफका सुहाइ थिए
कुवाका भ्यागुताका झर्का आवाज तक ।

जीवन घामसँग जोडिएकाले
जन्म प्रणामसँग टाँसिएकाले

जब जब हिंड्ने बेलाहरू हुन्थे
तब तब ऐलानी प्रस्तावहरू रहन्थे
छापावाल सुनजस्ता मान्छेका सारहरू
ज्यासलका आगोका लप्कासँग सुँघिन्थे
धैंसोका अमिला डकारहरूले सजिएर।

जगतमा उम्रिरहेका
घामका पाइलाहरूसँग थिएँ
अचेल विद्युतीय तेजले लम्बिएका
तरङ्गका कम्युनिटी प्राक्टिसमा

भिल्लहरू विल्ला भिरिदिन्थे
म त्यसै विल्ला भिरिदिन्थैं शानले
आगामी घामका पदचापलाई सजाउन ।

अचेल आकास खुल्दै खुलेन
मौसम फेरिंदा पनि,
आगो बलिरहेथ्यो माथि
आकासका छेउछाउ
डाँडाका पल्लापट्टि ।

घामसँग हिंड्दै गर्दा
कहिले उ अघिअघि म पछिपछि !
कहिले उ पछिपछि म अघिअघि !!
रात विहानले समयलाई घर्क्याइरहेथे
जीवनको परिभाषालाई गिज्याएर !

## ७३) ढलान डटकम

उफ !
रमाइलो सन्सार
अनि छेडपेचका धमाका
योजना र विकासका छलफल
बृहत्तर दीक्षान्त मन्तव्यहरू
मडारिएथे चिया गफका आयुसँग।

सुनिरहेका लुलाहरू
वर वर सर्थे हाँसका चालले
अमनमा जाकिएका छुल्याहाहरू
पर पर बस्थे चियाका सुर्काहरूले
वमन छोडिरहेका भद्र मानवहरू
एलियनजस्ता देखिन्थे यता यतै
केही मानिसहरू बेमतलव बाटोमा थिए
ढलानको सुन्दर चौतारीमा गफ हाँकिरहेका
विश्व समाचार सूत्रधारका महावाणी उपर।

उता उताका चौतारीमा रनभुल्ल पर्दै बसेका
साधु सन्तहरू देशको नक्सा बारे बहस गर्थे
ढलान डटकमको समाचार सम्प्रेषणमा अचेल।

मेरा उन्नत गाउँका कचहरी बैठकहरू
सूर्योदयको उज्यालोसँगै अकासिरहेथे
ढलानसँग मजबुत भएर प्रत्येक दिनजसो
आशा बाँडिरहेका सजाति बाठाहरूदेखि
निराशा भोगिरहेका प्रजाति लाटाहरूसम्म ।

गाउँ, सहर हुन्थ्यो, सहरको चरित्र !
गँवारका धन्दाभन्दा पनि गन्दा थिए
उस बखतजस्तै, आजकल पनि त्यस्तै
लखेटिरहेका मनोचेतनाका ध्वंसहरूसँग !

आगन्तुकहरू ढलान देख्दथे
मजाक बटुलेर जान्थे पर परसम्म
जन्मिरहेका, मरिरहेका आदर्शहरू थिए
सजिएर बसेका भाँडहरूका छेउछाउ
कुकाइरहन्थ्यो उपदेशको सलामी तुफान,
साँझ बिहानका कम्पारो ताताइहरूसँग ।

विश्वसमाचार केन्द्र थियो त्यहाँ
गाउँले मोफसले ढलानको चौतारो
पछौटेपनमा अभ्यासरत सर्दारसँग

उतातिर आराधना गरिरहेका योगीहरू
क्रमभङ्गका त्रासले पाकिरहेथे
मठ अनि मन्दिरका आशनहरूमा !

ढलान डटकममा अझै बहस चलिरहेथ्यो
उही, त्यही, त्यहीँ लाल बुझक्कड पाराले
चियाका वाफसँग तुफानी भविश्यवाणीहरू।

रमाइलो आइरहेथ्यो गाउँका मनमा
पहाडका गुराँशहरू देखेर ।

***

## ७४) आफन्तको इमान

लखट् लखट् भन्थे उनीहरू
समाउ समाउ भन्थे तिनीहरू
मान्छे लागिरहन्थ्यो तर भागिरहन्थ्यो
मान्छे जागिरहन्थ्यो अनि छादिरहन्थ्यो ।

मुसाका दुधले अटेसमटेस भएर बजारमा
उ थ्यो, त्यो थ्यो अनि हामी थियौँ जोकर
"कौन पुछे खिसरीका दाल" सम्भिmदिन्थे
समयलाई आफन्तका बेइमानले नोकर ठानेर ।

हाँसिरहेका मानिसहरू डाँडामा थिए
बाँचिरहेका मानिसहरू काँडामा थिए
आफन्तहरू मस्ताना गफ चुटिरहेथे इमानमा
आफूलाई बेचेथे नक्कली जमानाको जमानमा
भावुक वेदनाको अन्तर्ज्वालाहरूले सजिएर !

"कोरा कागज कोरा हि रहने दिया था" अल्लाहले

जागरणका अनेक अल्लाहहरू
निवारणका प्रत्येक सल्लाहहरू
पर्यावरणका निजी गल्लाहरू

खुसियालीका धरापका सपथमा
ईशुका रूवाइतका अनुहार बेचिरहेथे
बुध्दका चौताराहरूका तपस्या भङ्गमा।

आफन्तको इमानमा यति खिया लागेथ्यो
आगोमा पोलिंदा पोलिंदा खरानी हुन्थ्यो फलाम
फलामहरू चुट्दा चुट्दा हैरान हुन्थ्यो ज्वासल।

आँखाहरू चिम्सिएका धुलाम्मे नमूना मान्छे
बाँचिरहेथ्यो आफ्नै पौरखका गाथाहरूमा
निरन्तर निरन्तर उज्यालो दिएर गाउँहरूतिर

सब सालिक थिए, शव मालिक थिए
आफन्तको इमान बोकेकाहरू !

लखेटिएथेँ म,
सब अनि शवहरूदेखि
आलोपालोका प्रत्येक च्यापहरूमा
तर पनि आजफेरि मन बाँधिरहेथे किलामा
तिनै आफन्तहरूका इमानका खातिर।

परेवाहरू चिट्ठी बोकेर
टाढा टाढा उडिरहेथे निरन्तर
अन्जानहरूलाई भेट्न वेलावेला
उसले हाम्रो पहिचान कहिल्यै गरेन
आकासमा पनि अनि पातालमा पनि ।

***

## ७५) समावेसी लसपस

“तँ चाहिँ वनारसको पण्डा,
म चाहिँ बन्न किन नहुने !“

सौदावाजी अनि बठ्याइँका सुरतहरूसँग
कार्ड फालिरहन्थे, तानिरहन्थे डलरको पत्ता
समावेशीको जडसूत्रमा बौलाइरहेथे सडकमा
अबूझ मानिसहरूका सारङ्गीका धुनहरू।

उफ ! जाबो पण्डाको आरिस !
रहर पनि हद हुँदोरहेछ जमानामा
टुप्पी थ्यो, खुइले, खबटे अनि मुडुलेहरूको
नाकका फोंदामा हावा भरिरहेका धन्दाहरू
लिसो लगाएर घाटका सिक्काहरू खोज्थे।

जडसूत्रका आदिम मन्त्रहरू घोकेर
जीविका गर्थे उहिलेदेखि अहिलेसम्म
जाती प्रजातीहरू सूत्र लिन्थे मजाले
अकवरका दरवान भएका बखतमा।

अकवरको लसपस पण्डासँग थिएन
उनै समावेशी भाकलहरूसँग झुम्मिन्थे

संसर्गले हरेक रातका मधुरा बत्तिहरूसँग
यस मौसममा उडिरहेथे समावेशीहरूका
खरानीले रङ्गिएका सपनाका पासाहरू।

जोडजोडले सजिएका अनि लसपसहरू
आकास देख्दथे उसै पाताल भेट्दथे
पाताल देख्दथे त्यसै आकास भेट्दथे
अकवरी सपनाले रूमलिएका बजारमा ।

आदेश उपर मान्थे समावेशका पहिले
अहिले उपर आदेश जान्दथे समावेश,
एक हुल चराहरू यात्रामा रहेका बेला
पण्डाहरू परेवा उडाइरहेथे आकासमा
समावेशी लसपसले परेवाहरू ढलिरहेथे
गङ्गाको मधुर लिलामा फोहर पालेर।

आज पनि पिउनेहरू पिउँथे
मकै, कोदो, चामल अनि अन्न रस
आज पनि टोक्नेहरू टोक्थे
मकै, मटमास, केराउ अनि अन्न दल
फरक त्यही थे पण्डा अनि समावेशिताको
जखम युध्दका लठ्याइहरू
निःस्वार्थ त्यागका अँठ्याइहरू

लसपसले मेरो देश बर्बाद हुन्थ्यो घरघरमा !
भयो अबदेखि पण्डा नभन्नू ल ! मलाई ।

## ७६) पहाडको जोर नाम

ओस्ताजहरूसँग
जीवनको उकालो थ्यो
पोहोरदेखि ओरालो थ्यो
आलटाल गरेका बाटोदेखि
प्रत्येक घाटका दोभानसम्म।

माथिमाथितिर बादलहरू थिए
आकासतिरका अनि धुम्मिरहेका
उष्ण वायुको सिर्सिरे चापहरूसँग
गुम्सिएर उडिरहेका मनका जलनहरू।

नजिकै निर्माणको पहाड थ्यो
परतिर विकासको पहाड थ्यो
आदिम कालदेखि ठिङ्ग उभिएका
लजालु दुनियासँग ढाकरजस्ता
लागेका ती पहाडहरूका इतिहास
निबृत्तिले जागा मानिस थिए अचेल।

जब जब समाचारहरू कानका छेउ
रनभुल्लमा पर्थे निकासका लागि
तब तब पहाडको जोर नाम चलिदिन्थ्यो

वेवास्ता र वेथितिका सङ्ग्रामहरूमा
धूवाँहरू उडिरहेका हुन्थे कछुवाका आशा
अनि तिलस्मी भाकामा टेबलहरूसँग
अँधेरा जहाजहरू उडिरहेका थे
पहाडको जोर नामका चट्टानहरूमा ।

पहाडको काम उभिदिने हो उहिल्यैदेखि
चुपचाप चुपचाप अनेक मौसमहरूमा
मौसमहरू फेरिरहेका हुन्थे बारबार
पहाड जस्तातस्तै थियो, उस्तै थियो
पहिले पनि अहिले पनि सदाबहार रूपमा ।

म दङ्ग खान्थेँ पहाडका जोर नामले
हिउँदमा हिउँ खपेका, वर्षातमा पानी
जाडोमा स्याँठ तापेका, गर्मीमा राप
परिवर्तन नहुने पहाडका पत्थरहरू
उभिदिन्थे छाँटिदिन्थे जीवन व्यथा।

मानिसहरूलाई भोगटेको चस्मा दिन्थे
फेरि अर्को एक पटक लगाउन।

पहाडको जोर नाम,
पहाडको विजोर काम
मच्चिरहेथेँ जीवनभर भेट्न।

हेरिरहेथेँ तिनका उचाइ र आदर्श,
अनि परिवेशमा दार्शनिक अनुहार !

## ७७) निर्माणतिर जा

तँ भाग दुनियादेखि
अल्छीहरू लिएर जा
निर्माणको बाटोमा जरैदेखि
मेसिन औजार लिएर जा !
समृध्दिको चाहना थप्छस् भने
विकासको नमूना दिन्छस् भने
तँसँग भएको कौशल दिएर जा !

पहाडहरू बाँझा थिए
पाखाहरू उजाड थिए
मैदानहरू सुख्खड थिए
म बाँचेको गाउँ पनि थ्यो
विन्दासको जिन्दगीमा सडेको
निर्माण कुरेर बसेका चाहहरू ।

ए, हावा तँ निर्माणतिर जा
ए, पानी विकासतिर जा
ए, घाम समृध्दितिर जा

सदियौंदेखि मरेका मनहरूमा
सुखको सिंचन गरेर अगाडि जा !